सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ मंसिर २०८०, बुधबार (13 Dec 2023, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

रुसी सेनाको क्याम्पबाट भागेर स्वदेश आइपुगेका तीन नेपाली युवाको युद्ध वृत्तान्त

■ दलाललाई ६ लाख ३० हजार रुपैयाँ बुझाएर सैनिक क्याम्पबाट भागेका उनीहरू चप्पलमै मस्को पुगे, त्यहाँबाट नेपाली विद्यार्थीले दिल्लीसम्मको टिकट काटेर पठाइदिए, शुक्रबार उनीहरू स्वदेश आइपुगे



शिवहरि कार्की, दोलखा

मुना कुँवर/नयाँ पत्रिका

रुसी सेनामा भर्ती भएर युक्रेनसँग युद्ध लडेका तीन नेपाली युवा भागेर स्वदेश आइपुगेका छन् । एजेन्टलाई ६ लाख ३० हजार बुझाएर दोलखाका रामचन्द्र श्रेष्ठ र शिवहरि कार्की तथा चितवनका राम परियार गत शुक्रबार स्वदेश आइपुगेका हुन् ।

मंगलबार नयाँ पत्रिकाको सम्पर्कमा आएका उनीहरूले १८ देखि ५० वर्ष उमेरका करिब १५ सय नेपाली रुसी सेनामा भएको बताउँदै युद्धमा ज्यान गुमाउने र घाइते हुने कैयौंको संख्यामा रहेको बताएका छन् । ३० घन्टासम्म लगातार युद्धमैदानमा होमिएर बाँच्न सफल श्रेष्ठ र परियार तथा आँखामा समस्या भएपछि युद्ध मैदानमा जानबाटै जोगिएका कार्की सैनिक क्याम्पबाट उम्किएर स्वदेश फर्किंदाको कहानी मार्मिक छ । युएईमै सेक्युरिटी गार्डको जागिर गर्ने कार्की साथी श्रेष्ठकै प्रस्तावमा रुस गएका थिए ।

युक्रेनको बम लागेर आफ्नै आँखाअगाडि नेपाली युवाहरू भकाभक ढलेको देखेका श्रेष्ठले पहिलो युद्धबाट फर्किएर रुसी सैनिक क्याम्प आएलगत्तै आफ्नो भाइलाई सम्पर्क गरे । बाँचेर फर्किएकालाई फेरि अर्को युद्धमा

» पृष्ठ ११ मा क्रमशः

■ चितवनका राम परियारले सुनाए

तीन नेपाली साथी आँखैअगाडि ढले



१० वर्ष नेपाल प्रहरीको जागिर खाएपछि उपदान लिएर निस्किएको थिएँ । रुसी आर्मीमा अवसर खुलेको खबर पाएपछि भिजिट भिसामा जाने निधो गरेँ । तर, रुसले सीधै भिजिट भिसा नदिन सक्ने ठानेर ट्राभल एजेन्सीको सल्लाहमा मलेसिया, सिंगापुर र बैंकक पनि गएँ । त्यसपछि रसियाको भिजिट भिसा लाग्यो । रसियासम्म पुग्न झन्डै पाँच लाख खर्च भयो । गत सेप्टेम्बरमा मस्को पुगेपछि आर्मीमा भर्ती भएँ । मसँगै अन्य पाँच नेपाली एकै ठाउँमा थिर्यौं । हाम्रो समूह सानो भएकाले युद्धमा पठाएको थिएन । २९ नोभेम्बरमा युद्धमा जाने टोलीमा भने हामीहरूको पनि नाम आयो । हामीभन्दा अगाडि भर्ती भएका १६ जना नेपालीसँग मिसाएर दुई समूह बनाई सबैलाई युद्धमा पठायो । एउटा समूहमा १२ र अर्कोमा १० जना थिर्यौं । दुई समूहलाई एक घन्टाको फरकमा हिँडायो ।

युद्धमैदान भयावह थियो । युक्रेनले ड्रोनबाटै निगरानी गर्दै बम खसाल्थ्यो । युक्रेनी सेना भने बंकरमा सुरक्षित रहन्थे । हामी पूर्ण रूपमा असुरक्षित थिर्यौं । तर, पहिलो रातमा खासै क्षति भएन । भोलिपल्ट उज्यालो भएपछि बमबारी झन् व्यापक भयो । उज्यालो भएपछि फर्किने भनेर लगेका हामीलाई युद्धमैदानमै राखियो । युद्धका क्रममा मेरै सामुन्ने तीन नेपाली साथी ढले । उनीहरूबारे मलाई विस्तृत जानकारी भने भएन । ३० घन्टा लामो युद्धपछि आधा नेपाली युद्ध क्षेत्रमै छुटे । कोही घाइते भए, कोहीले मृत्युवरण गरे । बाँचेकाहरू छुट्टाछुट्टै फर्किर्यौं । गाडी भएको ठाउँमा पुगेकाहरू पछि सँगै क्याम्प फर्किर्यौं ।

■ दोलखाका रामचन्द्र श्रेष्ठको बयान

घाइते साथीलाई तान्दातान्दै बम खस्यो, भागेर जोगिएँ



३० नोभेम्बरको त्यो रात...

युद्धमैदानमा एकसाथ गएका हामी २२ नेपालीमध्ये १० जना मात्रै फर्किन सफल भर्यौं

युएईमा सेक्युरिटी गार्डको काम गरेको आठ वर्ष भइसकेको थियो । स्वदेश फर्किने योजनामा थिएँ । त्यसैबेला विदेशीलाई रुसी सेनामा भर्ती खुलेको सुनेँ । मैले पनि जाने सोच बनाएँ । पूर्वआर्मी पनि भएकाले युद्धकालमा लडाइँ लडेको अनुभवका कारण मलाई जान आँट आयो । युएईबाटै करिब तीन लाख रुपैयाँ खर्च गरेर भिजिट भिसामा मस्को पुगेँ ।

गत अगस्टको अन्तिममा मस्को पुगेपछि सीधै सेनामा भर्ती भएँ । सबैभन्दा पहिला एमन गार्ड भन्ने ठाउँमा लगियो, त्यहाँ तालिम दिइन्थ्यो । एमन गार्डमा ४० दिन बसेपछि रुस्तम सिटी भन्ने ठाउँमा लगियो । त्यहाँ अन्य नेपाली पनि थिए । नेपालीलाई रुसी सेनाको टिममा विभाजन गरिएको थियो । प्रत्येक टिममा दुई-दुई नेपालीलाई मिसाएर राखेको थियो । डिसेम्बरको सुरुवातमा रुसी समूहमा भएका सबै नेपालीलाई एकै ठाउँमा बोलाइयो । मलाई किन छुटाएको भनेर मैले मेरो रुसी नाइकेलाई प्रश्न गरेँ । उसले तिमीलाई थप तालिम दिन लगिँदै छ भन्यो । त्यसपछि ढुक्क भएँ । तर, २९ नोभेम्बरमा युद्धमा जाने सेनाको नामावली सार्वजनिक भयो, जसमा मसहित २२ नेपालीको नाम आयो । त्यसमा एकजना केन्याका नागरिक थिए भने सात रुसी अफिसर । अब मरिने भइयो भन्ने लाग्यो । युद्धमा जानुअघि हाम्रो साथमा भएका सबै सामान थुतियो । हातमा बन्दुक र फर्स्ट एड बक्स थमाइयो, शरीरभरि ग्रिनेड भिराइयो । रातिको ७ बजेपछि ट्रकमा राखेर २०० किलोमिटर पर पुऱ्याइयो । त्यहाँबाट एक घन्टा हिँडाएपछि ट्यांकरमा चढाइयो । ट्यांकर अगाडि बढ्दै जाँदा गोलीका आवाज सुनिन थाल्यो । आकाशमा आगोको ज्वाला देखियो । युद्धमैदानमा पुगेको थाहा भयो ।

आधा घन्टापछि रातको १२ बजे ट्यांकरबाट ओरालियो । युक्रेनी सेनाले देख्न सक्छ भनेर अँध्यारोमै हिँडायो । मोर्चामा नेपालीलाई अगाडि खटाएको थियो । साथमा पिउने पानी पनि थिएन । हिँड्दाहिँड्दै एक्कासि बमबारी भएपछि पछाडि रहेका रुसी अफिसरहरू सुरक्षित बंकरमा पसे । दुवैतर्फबाट बम प्रहार भयो । राति ३ बजेतिर ठूलो फायरिङ भयो । तर, हामी जोगियौं । भोलिपल्ट बिहान भएपछि युद्धबाट फर्किने कुरा थियो । तर, समूहमा एकजना पनि घाइते नभएपछि फेरि लडाइँमै पठाइयो । यसपटक भने हाम्रा साथीहरू घाइते भए । कसैलाई गोलीका छर्रा लाग्यो, कोही बममा परे । तर, मैले भने जसरी पनि जीवित फर्किन्छु भन्ने सोच बनाएँ । भयानक अवस्था भयो भने आफैंलाई गोली हानेर घाइते बन्ने योजना बनाएँ । त्यसो गर्दा उद्धार गरेर सुरक्षित स्थानमा पठाउँछन् भन्ने आशा थियो ।

लड्दै गर्दा मसँगै रहेका पूर्णबहादुर गुरुङको हातमा गोली लाग्यो । ढलेका उनी चिच्याउँदै थिए । म उनलाई उठाउन अगाडि बढेँ । तर, फेरि युक्रेनी सेनाबाट आएको बम उनीमाथि खस्यो । पूर्णबहादुर ठाउँको ठाउँ सकिए । त्यसपछि म भागेँ । चाहेर पनि साथीलाई ल्याउन सकिनँ । लगातार ३० घन्टाको युद्धपछि हामी फेरि बंकरमा गयौं । राति हामीलाई घाइते तथा मृत्यु भएका साथीहरूको शव लिन पठाइयो । तर, युक्रेनी सेना मृतक साथीहरूको शरीरमा लाइट तेर्स्याएर बसेका रहेछन् । शव लिन आए ठोकिहाल्ने योजना रहेछ । साथीहरूको शव उठाउन सकिएन । युद्धमैदानमा एकसाथ गएका २२ नेपालीमध्ये त्यो राति १० जना मात्रै फर्किन सफल भर्यौं । फर्कंदा विभिन्न बाटो हुँदै छुट्टाछुट्टै आयौं । युक्रेनले ट्र्याक गर्न सक्छ भनेर तितरबितर हुँदै गाडीसम्म आइपुग्यौं । गाडीले १२ घन्टामा हामीलाई क्याम्पमा पुऱ्यायो । बाँचेकामा धन्य भइयो, पानीसम्म नखाँदा पनि भोक-प्यासको महसुस भएन ।

बर्दियाका विवेक खत्रीलाई छाड्न युक्रेनको सर्त

नेपालमा पनि जेलमा राख्नुपर्छ



रुसी सेनामा कार्यरत खत्री युक्रेनी सेनाको नियन्त्रणमा रहेको पुष्टि गर्दै युक्रेन सरकारले उनलाई नेपालले पनि अपराधीका रूपमा जेलमा राख्ने लिखित समझदारी गरे मात्र छाड्ने जनाएको छ

पर्शुराम काफ्ले/नयाँ पत्रिका

युक्रेनले रुसी सेनामा कार्यरत बर्दियाका विवेक खत्री मात्रै युक्रेनी सेनाको नियन्त्रणमा रहेको पुष्टि गरेको छ । तर, उनलाई नेपालमा पनि आपराधिक मामिलामा जेलमा राख्न नेपाल सरकार तयार भए मात्र रिहाइको प्रक्रिया अघि बढाउन सकिने सर्त राखेको छ ।

नेपालले खत्री र काभ्रेका सिद्धार्थ ढकालको रिहाइका लागि कूटनीतिक प्रयास गरेकामा युक्रेन सरकारले यस्तो सन्देश पठाएको हो । उसले ढकालको गिरफ्तारीबारे भने अहिलेसम्म आधिकारिक पुष्टि गरेको छैन ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार युक्रेनले रुसी सेनामा कार्यरत रहेका अन्य विदेशी नागरिक पनि आफ्नो नियन्त्रणमा रहेको र उनीहरू सबैलाई रिहा गर्नुपर्ने दबाब रहेको उल्लेख गर्दै नेपालीलाई मात्रै विनासम्भौता छाड्न नसकिने सन्देश पठाएको छ । 'खत्रीलाई अपराधीका रूपमा नेपालले स्वीकार गर्ने र उनलाई जेलमा राख्ने सर्तसहित नेपाल र युक्रेनबीच समझदारीपत्र (एमओयू) हुनुपर्ने युक्रेनको प्रस्ताव आएको रहेछ । यसमा के गर्ने भन्ने निर्क्योल गर्न बाँकी छ,' परराष्ट्रका एक अधिकारीले नयाँ पत्रिकासँग भने । परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पनि यसबारे जानकारी गराइसकेको छ ।

जानकार स्रोतका अनुसार रुसी सेनामा भर्तीका लागि नेपालीहरू रुस गएको विषयमा युक्रेनले असन्तुष्टि जनाएको छ । 'उनीहरूले नेपालको नीति के हो भनेर सोधेका रहेछन्, नेपालले रुसी सेनामा भर्ती हुन निरुत्साहित गरेको र रुसलाई पनि भर्ती भएका नेपालीलाई फिर्ता गर्न आग्रह गरिसकेको जानकारी गराएको छ,' परराष्ट्रका एक उच्च अधिकारीले भने, 'युक्रेनमा रुसले हमला गरेकामा नेपालले विरोध जनाएको, बेलायत र भारतमा बाहेक विदेशी सेनामा

» पृष्ठ ११ मा क्रमशः

ओली 'म्याराथन'



संकल्प अभियानको नेतृत्व गरिरहेका ७२ वर्षीय एमाले अध्यक्ष केपी ओलीको लोभलाग्दो सक्रियता, खटिएका छन् दैनिक १३-१४ घन्टा

(विस्तृत पृष्ठ ३)

बुढीगण्डकी जलविद्युत् आयोजना प्रभावित क्षेत्रका बासिन्दाका २८ सय गुनासा

बोटबिरुवा र फलफूलको क्षतिपूर्ति नपाएको गुनासो । अरूको जग्गामा घर बनाउनेको मुआब्जा अन्योलमा ।

(विस्तृत पृष्ठ ९)

■ मिटरब्याज समस्या समाधान गर्न बनेको आयोगले बुझायो प्रतिवेदन

पीडितको झन्डै दुई अर्ब सहमतिमा टुंगियो

टेकराज थामी/नयाँ पत्रिका

मिटरब्याजपीडितको समस्या समाधान गर्न गठित अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगले आठ महिनाको अध्ययनपछि सरकारलाई प्रतिवेदन बुझाएको छ । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिवेदन बुझाएका हुन् ।

प्रतिवेदनमा गरिब किसानलाई ऋण प्रवाह हुनुपर्ने, बैंक, लघुवित्त तथा सहकारी गरिब किसानमैत्री हुनुपर्ने, स्थानीय तहले गरिब किसानको कम्तीमा तीन लाखको जीवन बिमा गरिदिनुपर्ने, वैदेशिक रोजगारमा जान चाहने किसानलाई बैंकले ऋण उपलब्ध गराउनुपर्ने, फ्री भिसा फ्री टिकट प्रावधान प्रभावकारी बनाइनुपर्नेलगायतका सुझाव समेटिएका छन् ।

'आयोगले प्रधानमन्त्रीसमक्ष पेस गरेको प्रतिवेदनमा धेरै सुझाव उल्लेख छन् । जस्तो, गरिब किसानले आवश्यकता टार्न साहुकहाँ ऋण लिन्छ । त्यही ऋण बैंक, लघुवित्त, सहकारीले वितरण गर्न सक्दैनन् । किनकि उनीहरूको प्रक्रिया झन्झटिलो छ, जुन किसानले पूरा गर्ने सक्दैन,' आयोगका अध्यक्ष कार्कीले भने, 'त्यसो हुँदा यस्ता वित्तीय संस्था गरिब किसानमैत्री हुनुपर्‍यो । उपचार खर्च जुटाउन किसानले सक्दैनन् । यसका लागि स्थानीय तहले गरिब किसानको कम्तीमा तीन लाखको जीवन बिमा गरिदिनुपर्‍यो । यीलगायतका सुझाव प्रतिवेदनमा समेटिएका छन् ।'

» पृष्ठ ११ मा क्रमशः



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मंगलबार प्रतिवेदन बुझाउँदै अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की । प्रतिवेदनअनुसार हालसम्म पीडित र साहुकारबीच पाँच अर्ब ५७ करोड १९ लाख रुपैयाँको लेनदेन भएको कागजात फेला परेको छ । तर, साहुहरूले भने कुल सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ असुल हुन बाँकी रहेको दाबी गरेका छन् । त्यसो हुँदा दुई अर्ब पाँच करोड ६० लाख रुपैयाँको लिखत कागजात देखिँदैन । निवेदन परेकामध्ये एक अर्ब ७२ करोड ८६ लाख रुपैयाँ भने सहमतिमा टुंगिएको छ ।

तीन वर्षदेखि संघीय कार्यालयमा बसेकालाई पालिकाको प्रमुख प्रशासकीय बनाएर पठाइने

एक वर्ष अनिवार्य बस्नैपर्ने

सुवास भट्ट/नयाँ पत्रिका

लगातार तीन वर्षदेखि संघीय कार्यालयमा बसेका कर्मचारीलाई स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाइने भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउनेसम्बन्धी मापदण्डमा यस्तो व्यवस्था गर्न लागिएको हो ।

मन्त्रालयले तयार पारी छलफलसमेत गरेर टुंग्याएको मापदण्ड मन्त्रीबाट स्वीकृत हुन बाँकी छ । मन्त्रालयले गत शुक्रबार मन्त्री अनिता देवीलाई मापदण्ड पेस गरिसकेको छ । संघीय निजामती सेवा ऐन तत्काल जारी हुने सम्भावना नदेखिँदा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको बेथिति रोक्न मन्त्रालयले मापदण्ड अघि बढाएको हो । मापदण्डले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको खटनपटन र बेथिति रोक्न मद्दत पुग्ने विश्वास मन्त्रालयको छ ।

संघीय मन्त्रालय, आयोग वा मातहतका निकायमा लगातार तीन वर्ष कार्य गरेका संघीय निजामती सेवाका कर्मचारीलाई आवश्यकताको आधारमा मन्त्रालयले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउन सक्ने व्यवस्था मापदण्डमा छ । यसअघि मन्त्रालयले गठन गरेको सरुवा व्यवस्थापन कार्यदलले निरन्तर तीन

» पृष्ठ ११ मा क्रमशः

यस्ता छन् स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउनेसम्बन्धी मापदण्ड

- नयाँ नियुक्ति तथा बढुवा भई आउने कर्मचारीलाई प्रशासकीय अधिकृतका रूपमा खटाउने व्यवस्था अनिवार्य गर्ने
- शाखा अधिकृतलाई सेवा अवधि तीन वर्ष पुगेपछि मात्र प्रमुख प्रशासकीय अधिकृतका रूपमा कामकाज गर्न खटाउने
- कम्तीमा पाँच वर्ष कार्यानुभव भएकालाई मात्र निमित्त दिने
- कर्मचारीलाई कामकाज गर्न चाहेको स्थानीय तहसम्बन्धी प्राथमिकता र स्थायी ठेगानालाई आधार मानी खटाइने
- प्रमुख प्रशासकीयमा खटाउँदा मन्त्रालयको अतिरिक्त समूहमा रहेकालाई प्राथमिकता
- अवकाश हुने पाँच वर्षभन्दा कम अवधि बाँकी रहेका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा नखटाइने
- जुनसुकै कारण देखाए पनि प्रमुख प्रशासकीय अधिकृतको कार्यकाल एक पालिकामा एक वर्ष अनिवार्य
- भौगोलिक क्षेत्रको न्यूनतम सेवा अवधि पूरा भएकालाई मागबमोजिम सरुवामा प्राथमिकता
- विशेष परिस्थितिमा बाहेक आर्थिक वर्षको अन्तिम त्रैमास (वैशाखदेखि असारसम्म)मा प्रमुख प्रशासकीयको सरुवा नगर्ने

वीरमा बिरामी दर्ता टिकट र भर्ना कागज अभाव

दुई दिनपछि ओपिडी सेवा बन्द हुने अवस्था

शिवहरि घिमिरे/नयाँ पत्रिका

वीर अस्पतालमा बिरामी दर्ता टिकट र भर्ना कागजको अभाव भएको छ । अस्पताल प्रशासनले पूर्वतयारी नगर्दा अत्यावश्यक पर्ने टिकट र भर्ना कागज सकिन लागेको हो ।

अस्पतालको मौज्दातमा अब जम्मा चार हजार टिकट छ भने पाँच सयको हाराहारी भर्ना कागज । यसले दुई दिनलाई मात्रै पुग्छ । टिकट र भर्ना कागज सकिँदा शुक्रबारदेखि सेवा प्रभावित हुने अवस्था छ । बुधबार र बिहीबारलाई मात्रै पुग्ने टिकट स्टक रहेको अस्पतालले जनाएको छ । टिकट र भर्ना कागज सकिन लाग्दासमेत प्रशासनले खरिद प्रक्रिया अघि बढाएको छैन । टेन्डर आह्वानपछि पनि

» पृष्ठ ११ मा क्रमशः



टिकट अभावमा सेवा प्रभावित नहुने उपकुलपतिको दाबी

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का उपकुलपति प्रा.डा. भूपेन्द्रकुमार बस्नेतले कागज (टिकट) अभावका कारण सेवा ठप्प नहुने दाबी गरे । 'यो कार्य कार्यकारी र प्रशासनले गर्नुपर्ने हो, सप्लायर्सलाई पुरानो बक्यौता तिर्न बाँकी छ, बक्यौता दियौं भने उसले कागज ल्याउँछ,' उनले भने, 'हामीसँग स्टक रकम छैन, कमाउँदै तिर्ने हो ।' उनका अनुसार सरकारले बजेट कटौती गर्दा अस्पतालका लागि चाहिने अत्यावश्यक सामग्री पनि खरिद गर्न समस्या हुने गरेको छ । वीर अस्पतालमा दैनिक एक हजार पाँच सयजनाले ओपिडी सेवा लिन्छन् । अस्पताल प्रशासनले बिहान ८ बजेदेखि नै टिकट वितरण गर्दै आइरहेको छ । तर, प्रशासनले अत्यावश्यक सामग्री मौज्दात नराख्दा बिरामीलाई मार पर्ने स्थिति छ ।



प्रा.डा. बस्नेत

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ श्रद्धालुले फालेको प्लास्टिकजन्य फोहोर



पशुपतिनाथ मन्दिर क्षेत्रमा शतबीज छर्न आएका श्रद्धालुले गरेको फोहोर । पशुपति क्षेत्र विकास कोषले शतबीज छर्नका लागि निश्चित स्थान तोकी जथाभावी प्लास्टिकजन्य फोहोर नफाल्न आग्रह गरे पनि भिडले बेवास्ता गरेको थियो । पितृको सम्झनामा बत्ती बाल्न आइतबार राति हजारौं श्रद्धालु पाशुपत क्षेत्र पुगेका थिए । उनीहरूले सोमबार बिहान शतबीज छरेका थिए ।

तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

काठमाडौं महानगरभित्र भोलिदेखि सुर्तीजन्य वस्तु बिक्री निषेध

पहिलो र दोस्रो दिन जफत, तेस्रो दिन पनि फेला परे पसल नै सिल गरिने

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले भोलि (बिहीबार)देखि महानगरभित्र सुर्तीजन्य वस्तु बिक्री र प्रयोगलाई पूर्ण निषेध गर्ने भएको छ । महानगरको निर्देशनविपरीत सुर्तीजन्य पदार्थ बिक्री गरेमा पहिलो र दोस्रोपटक जफत गर्ने र तेस्रोपटक पनि फेला परे पसल नै सिल गर्ने चेतावनी दिएको छ ।

स्वास्थ्य सहर निर्माण गर्ने अभियानस्वरूप बिहीबार मध्याह्न १२ बजेदेखि लागू हुने गरी सुर्तीजन्य पदार्थ बिक्री र प्रयोग निधेष गर्न लागेको महानगरअन्तर्गत स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले बताए । '२९औं महानगर दिवसको सन्दर्भ पारेर जनस्वास्थ्य र वातावरणमा हानि पुऱ्याउने सुर्तीजन्य वस्तुको भण्डारण, बिक्री र प्रयोगमा रोक लगाउने निर्णय भएको हो,' उनले भने ।

■ बिक्री रोक्न महानगर प्रहरी परिचालन

महानगरले सुर्तीजन्य पदार्थ बिक्री र प्रयोग नियन्त्रण गर्न महानगर प्रहरी परिचालन गर्ने जनाएको छ । दोस्रो दिन पनि त्यस्ता सामग्री वितरण भएको पाएमा सामान जफत हुनेछ । तेस्रो दिन पनि दोहोरिए पसल सिल गर्ने भएको छ । 'हामीले यो अभियानलाई सार्थकता दिन नगर प्रहरी परिचालन गर्नेछौं । महागरभित्रका पसलमा त्यस्ता सामग्री देखे पहिलो दिन नगर प्रहरीले प्रश्न गर्दैन । सामान बोकेर हिँड्नेछ । दोस्रो दिन पनि सामान



देखे जफत नै गर्नेछ । तेस्रो दिन पनि बेचबिखन गरे पसल सिल गर्नेछ,' उनले भने ।

विभागले १५ दिन दिएर १२ मंसिरमा सार्वजनिक सूचना जारी गर्दै सेवनका निमित्त बनाइएका वा उत्पादन गरिएका चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, प्लास्टिकमा प्याक गरिएका कच्चा सुर्ती, खैनी, गुट्खा, पानपराग वा यस्तै प्रकृतिका मुखमा राखेर रस लिने सुर्तीजन्य पदार्थको भण्डारण, बिक्री र प्रयोगमा रोक लगाउने बताएको थियो ।

■ यस्तो छ, ऐनमा व्यवस्था

सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, ०६८ र काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन, ०८० मा सुर्तीजन्य पदार्थ बिक्री-वितरण नियन्त्रण र नियमन गर्ने प्रस्ट व्यवस्था छ । महानगरले जारी गरेको जनस्वास्थ ऐन, ०८० को दफा ४२ मा सार्वजनिकस्थलको चार किल्ला तोकेर त्यसवरपर सुर्तीजन्य र जंक फुड बिक्री-वितरण गर्न निषेध गर्न सक्ने व्यवस्था गरेको छ । सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐनमा पनि सोसम्बन्धी व्यवस्था छ ।

०६८ सालमा जारी ऐनको दफा ४ मा सार्वजनिक स्थलहरू (शिक्षण संस्था, विमानस्थल, बालकल्याणगृह, क्लबहरू, सार्वजनिक शौचालय, होटेल, रेस्टुरेन्ट, छात्रावास, व्यायामशाला, डिपार्टमेन्ट स्टोर, धर्मशाला, सार्वजनिक प्रतीक्षालयलगायतका स्थलहरूमा धूम्रपान, चुरोट, बिँडी, सिगार तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा) सुर्तीजन्य पदार्थको प्रयोगलाई निषेध गरेको छ । अनुसन्धान

● **रामप्रसाद पौडेल**
प्रमुख, स्वास्थ्य विभाग,
काठमाडौं महानगर



२९औं महानगर दिवसको सन्दर्भ पारेर जनस्वास्थ्य र वातावरणमा हानि पुऱ्याउने सुर्तीजन्य वस्तुको भण्डारण, बिक्री र प्रयोगमा रोक लगाउने निर्णय भएको हो ।

विशेषज्ञ डा. जयकुमार गुरुङका अनुसार नेपालमा करिब ५० लाखले धूम्रपान गर्छन् । अहिलेको अवस्थालाई नियन्त्रण नगर्ने हो भने अबको २७ वर्षपछि अर्थात् सन् २०५० सम्ममा हरेक वर्ष करिब ५२ हजार नेपालीको मृत्यु सुर्तीजन्य वस्तुको प्रयोगका कारण हुनेछ । सार्वजनिक स्थानमा धूम्रपान गरेको नगर प्रहरीले देखेमा फोहोरमैला व्यवस्थापन ऐन र जनस्वास्थ्यअर्न्तगत रहेर कारबाही गर्नेछ ।

महानगरका अनुसार पहिलो दोस्रो चरणमा भने हुक्का, तमाखु नियन्त्रणको कार्यक्रम चलाइनेछ । पौडेलका अनुसार पहिलो चरणको यो अभियानको प्रतिक्रिया हेरेर दोस्रो चरणमा हुक्का, तमाखु नियन्त्रणको कार्यक्रम चलाइनेछ ।

बोटबिरुवा स्याहार्न ग्रिन एम्बुलेन्स चलाउँदै महानगर

काठमाडौं/ काठमाडौं महानगरपालिकाले 'ग्रिन एम्बुलेन्स' सञ्चालन गर्ने भएको छ । महानगरको हरियाली अभियानमा सहयोगका लागि यस्तो गाडी आवश्यक भएको महानगरले जनाएको छ । बोटबिरुवा रोप्नुपर्ने अवस्थामा, मलजल राख्नुपर्ने भएमा, बोटबिरुवाको तुरुन्त काँटछाँट गर्नुपर्ने भए उक्त एम्बुलेन्स प्रयोग हुनेछ । 'महानगरलाई हरियाली बनाउन र बोटबिरुवाको संरक्षणका लागि अतिआवश्यक भएकाले यस्तो गाडी सञ्चालनमा ल्याउन लागेका हौं,' महानगरका प्रवक्ता नवीन मानन्धरले भने, 'ग्रिन एम्बुलेन्सको अतिआवश्यक भएर नै सञ्चालन गर्न लागेका हौं । यसका लागि कार्यविधि तयार हुँदै छ । कार्यविधि आएलगतै सञ्चानलमा आउनेछ ।'

महानगरको शुक्रबार बसेको कार्यपालिका बैठकले समेत ग्रिन एम्बुलेन्स तथा सञ्चालन कार्यविधि ०८० तर्जुमा गर्न सैद्धान्तिक सहमति दिएको छ । 'हामीलाई ग्रिन एम्बुलेन्स सञ्चालनका लागि कुनै समस्या छैन । महानगरभित्र भएका पुराना गाडीलाई रङरोगन गरेर सञ्चालनमा ल्याउने हो,' उनले भने ।

काठमाडौं विश्वविद्यालयको २९ औं दीक्षान्तको पहिलो चरणको कार्यक्रम आज

KATHMANDU UNIVERSITY

काठमाडौं विश्वविद्यालयको २९ औं दीक्षान्त समारोह (पहिलो चरण) २०८० मंसिर २७ गते बुधबार बिहान ११ बजे आज काठमाडौं विश्वविद्यालयको केन्द्रीय परिसर धुलिखेलमा हुन गइरहेको छ । कार्यक्रममा सम्माननीय प्रधानमन्त्री तथा कुलपति श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षता, शताब्दी पुरुष वरिष्ठ चिकित्सक डा. गौरीशंकरलाल दासको प्रमुख आतिथ्य र माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं सहकुलपति श्री अशोक कुमार राई र माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री श्री प्रमिला कुमारीको उपस्थिति रहनेछ ।

समारोहमा काठमाडौं विश्वविद्यालयबाट स्कुल अफ आर्ट्स, एजुकेसन, इन्जिनियरिङ, ल, म्यानेजमेन्ट, मेडिकल साइन्सेज र साइन्स विधाका पीएचडी, डिएम र एमसिएच तहका १८ जना, एमफिल तहका ३८ जना, स्नातकोत्तर तहका ३१४ जना, पिजिडी तहका ५२ जना, र स्नातक तहका १ हजार ४ सय १६ जना सहित जम्मा १ हजार ८ सय ३८ जना विद्यार्थी दीक्षित हुनेछन् । तीमध्ये आर्टस्का २०९ जना, एजुकेसनका २२५ जना, इन्जिनियरिङका ३९ जना, लका ३९ जना, मेनेजमेन्टका ४४८ जना, मेडिकल साइन्सेजका ७७७ जना र साइन्सका १०१ जना रहनेछन् । दीक्षित हुने विद्यार्थीहरू मध्ये पुरुषको प्रतिशत ४६.०३ (६ सय ४६ जना) तथा महिलाको प्रतिशत ५३.९७ (९ सय ९२ जना) रहनेछ । दीक्षित हुनेमध्ये विदेशी विद्यार्थीहरू भारत, श्रीलङ्का र माल्दिभ्स गरी ३ देशका ११३ जना विदेशी विद्यार्थी रहनेछन् ।



काठमाडौं विश्वविद्यालयको इतिहासमा पहिलो पटक स्कुल अफ इन्जिनियरिङ अन्तर्गत Master of Technology in Artificial Intelligence मा १ जनालाई स्कुल अफ मेडिकल साइन्सेज अन्तर्गत Master of Science in Midwifery Nursing मा ८ जनालाई र स्कुल अफ एजुकेसन अन्तर्गत Master in Higher Education मा ९ जनालाई उपाधि प्रदान गर्नेछ ।

३२ औं स्थापना दिवस सम्पन्न

बत्तिस बर्ष अघि २०४८ सालमा काठमाडौं विश्वविद्यालय ऐन संसद्बाट पारित भएपछि काठमाडौं विश्वविद्यालयको स्थापना भएको थियो । सन् १९८५ को सेप्टेम्बर महिनामा 'काठमाडौं क्याम्पस' को नाममा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी अध्ययन-अध्यापन शुरु गरिएको र पछि त्यही क्याम्पस काठमाडौं भ्याली क्याम्पस बनेको थियो ।

बत्तिस बर्षको यस अवधिमा यस विश्वविद्यालयले २८ औं दीक्षान्त समारोह सम्पन्न गरेको छ भने आज डिसेम्बर १३ (मंसिर २७) मा २९ औं दिक्षान्तको पहिलो चरणको कार्यक्रम हुन गईरहेको छ । यो विश्वविद्यालय अहिले स्नातक र स्नातकोत्तरमा गरी वर्षमा ४ हजारभन्दा बढी स्नातकलाई उपाधि दिने अवस्थामा पुगेको छ । यहाँ २०० भन्दा बढी विषयको पठनपाठन हुन्छ । यसले अनुसन्धान विधामा पनि पकड जमाइसकेको छ । यस विश्वविद्यालयसँग झन्डै ४४.०४ हेक्टर जमिन छ, त्यसमा ६७७६६ स्क्वायर मिटरका भवनहरू बनिसकेका छन्, ५०६१ स्क्वायर मिटरका भवनहरू बनिरहेका छन् र ४७२६ स्क्वायर मिटरका भवनहरू बन्न लागेका छन् । त्यसै अनुसार फर्निचर र उपकरणहरू छन् । यसबाट विश्वविद्यालयको प्रगति सन्तोषजनक रूपमा भएको देख्न सकिन्छ । यस विश्वविद्यालयले अहिलेसम्ममा ४३ हजारभन्दा बढी स्नातकहरू उत्पादन गरिसकेको छ हरेक वर्ष मंसिर २५ गते आफ्नो स्थापना दिवसका रूपमा वार्षिकोत्सव मनाउने गरेकोमा हिजोको यो समारोह आयोजना भएको थियो ।

स्थापना दिवस समारोहमा तीन विशिष्ट विद्वानहरुको अभिनन्दन (Oration) भएका छन् । अभिनन्दित हुनेमा काठमाडौं विश्वविद्यालयको चिकित्साशास्त्र विभागका संस्थापक डीन डा. नरेन्द्र बहादुर राणा, जर्मन कला साधक तथा काठमाडौं विश्वविद्यालयको स्कुल अफ आर्टसको संगीत विभागका संस्थापक विभागाध्यक्ष प्राध्यापक गर्ट माथियास वेग्नर र पूर्व सभामुख तथा काठमाडौं विश्वविद्यालय संरक्षक समितीका पूर्व अध्यक्ष दमननाथ ढुंगाना छन् ।



नेपाल टेक्नोलोजी इनोभेसन सेन्टरको स्थापना

काठमाडौं विश्वविद्यालयले नेपालमै पहिलो पटक अत्याधुनिक अनुसन्धान केन्द्रको रुपमा नेपाल टेक्नोलोजी इनोभेसन सेन्टरको स्थापना गरेको छ, जसको समुदघाटन सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूद्वारा गत असोज २४ गते भयो । नेपाललाई आवश्यक पर्ने कृषि, स्वास्थ्य र उर्जाको क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तनलाई सहयोग गर्न, उद्यमशीलता प्रवर्द्धन गर्न तथा नेपालको समग्र शिक्षा प्रणालीमा योगदान पुऱ्याउन एक उत्कृष्ट



केन्द्र बन्ने लक्ष्य राखिएको छ । यस केन्द्रबाट जीन सिक्वेन्सिङ, क्यान्सर अध्ययन, कृषि उत्पादन विश्लेषण, संक्रमक रोग अध्ययन, मधुमेह अध्ययन, उर्जा उपकरण परीक्षण, वातावरण अध्ययन लगायतका विषयमा देशैभरका अनुसन्धानकर्ताले प्रयोग गर्ने र त्यसमार्फत नेपालको बृहत्तर हितमा टेवा पुऱ्याउने यस सेन्टरको ध्येय छ । कुल ३६०९ वर्ग मिटरमा बनेको यस सेन्टरमा ८० भन्दा बढी आधुनिक उपकरण जडान गरिएको छ, र यो काठमाडौं विश्वविद्यालयको आइएसओ ९००१:२०१५ प्रमाणित संस्थाको रुपमा स्थापना भएको छ ।

प्राज्ञिक गतिविधिहरुको अन्तर्राष्ट्रियकरण

४१ देशका २६० भन्दा बढी शिक्षा र अनुसन्धानमा सम्बद्ध संस्थाहरूसंग साझेदारी, विदेशी विद्यार्थीहरूलाई विश्वविद्यालयबाट शैक्षिक उपाधि प्रदान र हरेक वर्ष हुने विद्यार्थी तथा प्राध्यापक आदान प्रदान र अन्य कूटनीतिकहरुको सम्पर्क काठमाडौं विश्वविद्यालयका अन्तर्राष्ट्रियकरणका माध्यमहरू हुन् ।

विगत २८ वर्षमा सन् १९९५ देखि २०२२ सम्म काठमाडौं विश्वविद्यालयका कुल ४३ हजार १ सय २३ जना उत्तीर्ण भएका स्नातकमध्ये करिब १३ प्रतिशत विदेशी नागरिक रहेको रेकर्डले देखाएको छ । संसारका विभिन्न ५५ देशका जसमध्ये भारतका ४३६४, श्रीलंकाका ३५४, अमेरिकाका ७०, माल्दिभ्सका ५२, जर्मनीका ३१, क्यानडा २१, बंगलादेशका २०, जाम्बियाका १८, बेलायतका १८, दक्षिण अफ्रिकाका १४, भुटानका १३, पाकिस्तानबाट



१३, नर्वे, अस्ट्रिया र रसियाका ९/९ जना, अष्ट्रेलिया र चीनका ८/८, जना, स्विडेन ६ जना समेत गरी ५११२ विदेशी विद्यार्थी दिक्षित भइसकेका छन् भने पर्सि डिसेम्बर १३ मा हुने यस वर्षको पहिलो चरणको दिक्षान्त मार्फत् यस संख्याले थप हुने भएको छ । विदेशी विद्यार्थीहरूको सङ्ख्या र कक्षाकोठामा आएर पढ्नाउने विदेशी प्राध्यापकको अनुपात पनि बढाउँदै लैजाने नीति अनुरुप हरेक विदेशी प्राध्यापकलाई नेपाल आई अध्यापनमा संलग्न हुनका लागी थप अतिरिक्त सुविधा सहित सहजिकरण गर्ने देखि प्राध्यापक र सहप्राध्यापक अन्तर्गत रहने रिसर्च फेलोहरु मार्फत विषयगत अनुसन्धान अगाडी बढाउने कार्यक्रम अघि बढेको छ । त्यस्ता रिसर्च फेलोलाई शुल्क मिनाहा, विदेशीका हकमा निःशुल्क आवासको व्यवस्था जस्ता नयाँ प्रावधानले काठमाडौं विश्वविद्यालयमा विदेशी विद्यार्थीको आकर्षण बढाउने अपेक्षा लिएको छ ।

यस विश्वविद्यालयका कार्यक्रममा विदेशी विद्यार्थीको बढ्दो आकर्षणलाई ध्यानमा राखेर विदेशबाट पनि विदेशमै रहेर पढ्न पाउने कार्यक्रमहरूको माग हुन थालेकाले गत वर्षदेखि संसारका विभिन्न शहरमा पनि यस विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने तयारी अघि बढाइएको थियो । यस अन्तर्गत भारतको तिरुपतीमा काठमाडौं विश्वविद्यालयको पाठ्यक्रममा आधारित शैक्षिक कार्यक्रमको अध्यापन शुरुभएको छ भने इन्जिनियरिङ विषयका केहि विषयमा सिड्नी (अष्ट्रेलिया) र बुढिज्ममा हङकङमा आगामी फेब्रुवरिदेखि कार्यक्रम सञ्चालन गर्ने गरी प्रक्रया अघि बढेको छ ।

अन्तर्राष्ट्रिय उच्च नेतृत्वसँग सहकार्य र छलफल

उच्च शिक्षाका मापदण्डहरूमा एकरूपता र अन्तर्राष्ट्रियकरण र नेपालको उच्च शिक्षा क्षेत्रको सुदृढीकरणका लागि काठमाडौं विश्वविद्यालयले ऐतिहासिक पहलहरु पनि गर्ने गरेको छ । मंसिर ८ गते, शुक्रबार नेपालभरका विश्वविद्यालयका उपकुलपतिहरुको सम्मेलन आयोजना गरेको राष्ट्रिय उपकुलपति सम्मेलन यि मध्ये एक हो । "उच्च शिक्षाका मापदण्डहरूमा एकरूपता र अन्तर्राष्ट्रियकरण" विषयक सम्मेलनले नेपालको उच्च शिक्षाको अवस्था सुधार गर्न नेपालका विश्वविद्यालयहरूका लागि साझा धारणा निर्माणको मार्ग प्रशस्त गरेको छ । जसमा सहभागी उपकुलपति तथा शीर्ष प्राज्ञिक व्यक्तित्वहरुले नेपालका विश्वविद्यालयले आज भोगिरहेको संकट र त्यसको समाधानका उपायबारे बृहत् छलफल गरे । उनीहरूले नेपालको उच्च शिक्षालाई अन्तर्राष्ट्रियकरण गर्न र नेपाली विद्यार्थीहरूको निरन्तर पलायनको समस्यालाई सुल्झाउन कार्ययोजना विकास गर्न प्रतिबद्धता व्यक्त गरे । प्रधानमन्त्री पुष्पकमल दाहाल, शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री प्रमिला कुमारी, काठमाडौं विश्वसविद्याालयका उपकुलपति भोला थापा तथा विभिन्न विश्वविद्यालयका उपकुलपति, रजिष्ट्रार, रेक्टर, डीन लगायत १ सय ५० भन्दा बढी शीर्ष प्राज्ञहरुको सहभागिता रहेको उक्त सम्मेलनका सहभागीहरुले काठमाडौं विश्वविद्यालयको आयोजनामा आगामी फेब्रुअरी १५–१६, २०२४ (२०८० फागुन ३ र ४ गते) हुने उत्तर भारतका २ सय ५० भन्दा बढी विश्वविद्यालयका उपकुलपतिको बैठक अघि नेपालको शिक्षा क्षेत्रको उन्नयनको बाटो तय गर्नेमा मतैक्य जनाए ।



यसअघि सन् २०१८ को अप्रिल १४ देखि १६ सम्म १३ एशियाली मुलुकका २५ विश्वविद्यालयको नेतृत्वलाई बोलाएर सातौं एशियाली विश्वविद्यालयहरुको सम्मेलन आयोजना गरेको अनुभव काठमाडौं विश्वविद्यालयसँग छ ।

Quality Education for Leadership www.ku.edu.np

अभियन्ता ई:लाई स्थानीयको अवरोध



प्रहरी घेरामा रहेका ई: । तस्बिर : अमुल थापा/नयाँ पत्रिका

ललितपुर/ ललितपुर महानगरपालिकाले मंगलबजारदेखि लगनखेलसम्मका फुटपाथ व्यवसाय निषेध गरेको विरोधमा प्रदर्शन गर्न पुगेका अभियन्ता ई:लगायतलाई स्थानीयले अवरोध गरेका छन् । उनीहरू पूर्वनिर्धारित समयमै प्रदर्शन गर्न मंगलबार महानगर कार्यालयअगाडि पुगेका थिए । उनीहरू पुग्नेबित्तिकै केही स्थानीयले फुटपाथमा व्यवसाय गर्न नपाउने भन्दै अवरोध गरे । पम्पप्लेट च्यातिदिए । तर, उनीहरू फर्किएनन् । बरु उनीहरूले महानगर कार्यालयअगाडि रहेको ललितपुर प्रहरी परिसरमा पुगेर विरोध प्रदर्शन गरे ।

ई:लगायतको टोलीले तोकिएकै समय १०८ मिनेट नै उभिएर महानगरको निर्णयको विरोध गरे । स्थानीयको अवरोधपछि अभियन्ता ई:ले आदर्श महानगर भनिएको ललितपुरको विचार र व्यवहार फरक भएको आरोप लगाए । 'शान्तिपूर्ण विरोध प्रदर्शन सुरु गर्दै गर्दा केही स्थानीयले अवरोध गरे । जनप्रतिनिधिले चाहेको भए यस्तो अवस्था नआउन सक्थ्यो,' अभियन्ता ई:ले भने, 'हामीले आदर्श महानगरका रूपमा लिएका थियौं, जुन भ्रम तोडिएको छ ।'

ई:का अनुसार फुटपाथ व्यवसाय निषेध गर्नुभन्दा व्यवस्थापनका अनेक उपाय छन् भन्ने सन्देश दिन चाहेको हो । उक्त सन्देश पुऱ्याउन सफल भएको उनको भनाइ छ । विरोध प्रदर्शनमा उनीबाहेक स्वःस्फूर्त रूपमा स्वतन्त्र युवाहरू सहभागी थिए । महानगरले २४ मंसिरबाट मंगलबजारबाट लगनखेलसम्म फुटपाथ व्यापार निषेध गर्ने निर्णय गरेको थियो । फुटपाथ व्यवसायीहरूको अत्यधिक भिडका कारण हिँडडुलमै समस्या हुन थालेपछि व्यवसाय निषेध गर्न लागेको महानगरले जनाएको छ । यसअघि, अभियन्ता ई:ले काठमाडौं महानगरपालिकाले फुटपाथ व्यवसायीको उचित व्यवस्थापन गर्नुपर्ने भन्दै १९९ घण्टा उभिएर राष्ट्रिय सभागृहअगाडि विरोध प्रदर्शन गरेपछि सहमति भएको थियो । ई:ले २ असोज, मंगलबार दिउँसोदेखि राष्ट्रिय सभागृह अगाडि उभिएर विरोध सुरु गरेका थिए । भने १० असोजमा चारबुँदे सहमति भएको थियो ।

संक्षेपमा उपत्यका

झम्सिखेल : ललितपुर मनपा-३, झम्सिखेलबाट लागुऔषध र कटुवा पेस्तोलसहित उदयपुर लेखानी गाउँपालिका-९ का ४० वर्षीय अभिनाश राईलाई प्रहरीले मंगलबार पक्राउ गरेको छ । उनको साथबाट कटुवा पेस्तोल एक थान, उक्त पेस्तोलको गोली दुई राउन्ड, लागुऔषध, ६० हजार नेपाली रुपैयाँ र ११ हजार भारतीय रुपैयाँ बरामद भएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उक्त हातहतियार र लागुऔषधसहित उनलाई पक्राउ गरेको हो । साथै, नियन्त्रणमा लिने क्रममा राईले पेस्तोल निकाली प्रहरीलाई नै लक्षित गरी फायर गर्न लाग्दा प्रहरीको तर्फबाट जवाफी कारबाहीमा उनी घाइते भएका थिए ।

महाराजगन्ज : मुद्दा मिलाईदिने प्रलोभनमा ९९ लाख ७५ हजार रुपैयाँ ठगी गरेको अभियोगमा दुईजनालाई सिआइबीले सोमबार पक्राउ गरेको छ । पक्राउ पर्नेमा नागार्जुन नपा-१, रानीवनका २६ वर्षीय रितु राई र २१ वर्षीय निरेश चौधरी छन् । आपराधिक विश्वाशघात र संगठित अपराधसमेत मुद्दामा कारागार कार्यालय जगन्नाथ देवलमा पुर्पक्षका लागि थुनामा रहेका सुर्खेत वीरेन्द्रनगर नपा-५ का रेवन्त खड्काको मुद्दा मिलाई थुनामुक्त गराईदिने भन्दै खड्काका परिवारबाट पटक-पटक गरी उक्त रुपैयाँ ठगी गरेको खुल्न आएको छ ।

बिजेश्वरी : काठमाडौं मनपा-१५, तल्लो बिजेश्वरीस्थित विष्णुमती करिडोरकी ३३ वर्षीया इन्दिरा श्रेष्ठलाई गाँजासहित मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । उनको किराना पसलमा लागुऔषध बिक्री गरेको भन्ने खबरका आधारमा प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले पसल तलासी गर्दा लागुऔषधसहित उनलाई पक्राउ गरेको हो ।

चाँगुनारायण : चाँगुनारायण नपा-९, ताथली बस्ने ५२ वर्षीय राम खड्काको इनारमा डुबेर मंगलबार बिहान मृत्यु भएको छ । आफ्नै घरमा चिया खाई बाहिर निस्केको र सम्पर्कमा नआएपछि खोजी गर्नेक्रममा घरको इनारमा उनको शव फेला परेको हो ।

दक्षिणकाली : दक्षिणकाली नपा-५, फर्पिङबाट करिब तीन लाख २७ हजार तीन सय ३९ रुपैयाँबराबरको अवैध हीरासहित काठमाडौं सुन्धारा बस्ने भारत पश्चिमबंगाल घर भएका ४४ वर्षीय सञ्जय मैतीलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । वीरगन्जबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१ज ५४७७ नम्बरको सुमोलाई फर्पिङ चेकपोस्टमा खटिएको प्रहरीले जाँच गर्नेक्रममा सुमोमा सवार उनलाई बिल नभएको भन्सार छली ल्याएको हीराजस्तो देखिने धातुसहित फेला पारेको र उक्त धातु सुनचाँदी व्यवसायी संघबाट परीक्षण गर्दा हीरा भएको पुष्टि भएको हो ।

एमालेको संकल्प यात्रा कोशी प्रवेश

१४ मंसिरमा बैतडीको झुलाघाटबाट सुरु भएको एमालेको अभियान मंगलबार १३औँ दिन खोटाङ पुग्यो

अभियानको नेतृत्व गरिरहेका ७२ वर्षीय पार्टी अध्यक्ष केपी ओली दैनिक खटिन्छन् १३-१४ घन्टा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले १४ मंसिरमा बैतडीको झुलाघाटबाट सुरु गरेको मध्यपहाडी लोकमार्ग अभियान १३औँ दिन आइतबार (२६ मंसिर) खोटाङ पुगेको छ। अभियानको नेतृत्व गरिरहेका ७२ वर्षीय पार्टी अध्यक्ष केपी ओलीको सक्रियता लोभलाग्दो छ। उनी दैनिक १३-१४ घन्टा खटिरहेका छन्।

सामान्यतया नेताहरू राजनीतिक भेटघाट र कार्यक्रममा व्यस्त हुनु नौलो र अनौठो होइन। तर, दैनिक औसत सय किलोमिटर यात्रा गर्दै अध्यक्ष ओली बिहान सबैरैदेखि राति अबेरसम्म खटेका देखिन्छन्। उनीसँगै पार्टीका अन्य पदाधिकारी, स्थायी समिति सदस्यसहितका नेताहरू पनि पाँचथरको चिवाभञ्ज्याङसम्मको 'लङ मार्च'मा छन्। १३ दिनमा एक हजार तीन सय किलोमिटरभन्दा लामो यात्रा पार गरेको अभियानका क्रममा अध्यक्ष ओली दैनिक औसतमा पाँचसहित मंगलबारसम्म ६० वटाभन्दा बढी कार्यक्रममा प्रत्यक्ष सहभागी भएका छन्। यात्राका क्रममा उनले बाटोमा भेटिने स्थानीयसँग पनि साक्षात्कार गरेका छन्। पाँचथरको चिवाभञ्ज्याङसम्म पुग्दा अब ओलीको बाँकी पाँच दिनको यात्रा करिब साढे पाँच सय किलोमिटरको हुनेछ।

राजनीतिशास्त्री प्राध्यापक कृष्ण पोखरेलको बुझाइमा मध्यपहाडी लोकमार्गकेन्द्रित पूर्व-पश्चिम यात्रामार्फत प्रमुख प्रतिपक्षीमा रहेको एमालेलाई पहिलो र बलियो शक्तिमा पुनर्स्थापित गर्न अहिले ओलीले आफ्ना सबै सामर्थ्य प्रयोग गर्न खोजेका छन्। 'पार्टी प्रतिपक्षमा भएकाले केही न केही राष्ट्रियस्तरको सन्देशमूलक कार्यक्रम त गर्नैपर्ने हुन्थ्यो, त्यही क्रममा पार्टीलाई बलियो रूपमा पुनर्स्थापित गर्न ओलीले अहिले शारीरिक, बौद्धिक, वाचनकलालगायत सबै सामर्थ्य प्रयोग गर्न खोजेजस्तो देखिन्छ। राजावादीहरूले राजतन्त्र पुनर्स्थापनाका लागि भन्दै माहोल सिर्जना खोजेका वेला त्यसलाई चिर्दै ओलीजीले स्पष्ट अडानसहित प्रस्ट अभिव्यक्ति दिएर गणतन्त्रको पक्षमा माहोल खडा गरेका छन्,' उनले भने, 'पछिल्ला सबै परिवर्तनको नेतृत्वका रूपमा स्वामित्व लिएर अहिले खडा गर्न खोजिएको चुनौती सामना गर्दै माहोल र भाष्य नै परिवर्तन गर्न सक्नु चानचुने कुरा होइन, यो सकारात्मक कुरा हो।'

एमालेले अभियानको नारा 'सम्बन्ध स्थानीय : सन्देश राष्ट्रिय' दिएको छ। त्यसलाई मेल खाने गरी नै ओलीको सक्रियता देखिएको पोखरेलको भनाइ छ। 'अहिलेको सत्तागठबन्धन, नयाँ पार्टीहरूको गतिविधि हेर्दा देशको राजनीति कुनै पनि वेला कता मोडिन्छ टुंगो पनि छैन, ०८४ सम्म सहरमा कुरा मात्र गरेर बस्दा ओझेलमा पर्ने सम्भावना पनि हुन्छ, जनताले पनि परिस्थितिलाई नै हेर्ने हुन्,' उनले भने, 'त्यसैले केही गरेर वा बल गरेर अबको चुनावमा केही मिराकल गर्न सकिन्छ कि भन्ने लागेर पनि अभियान गरिएको हुन सक्छ। पहिले पनि एमालेले मधेस यात्रा रोज्यो, अहिले मध्यपहाडी।'

ओलीले सबैजसो कार्यक्रममार्फत पूर्वराजालाई लोकतन्त्रविरुद्ध नलाग्न चुनौतीसहित सचेत मात्र गराएका छैनन्, सरकारको असफलता, पार्टीले अब लिने नीति,



ओखलढुंगाको हर्कपुरमा मंगलबार आयोजित आमसभालाई सम्बोधन गर्दै केपी ओली।

राष्ट्रियता र समृद्धिका विषयमा आफ्ना धारणा सार्वजनिक गरेका छन्। त्यस्तै, पहाडको समस्या र चुनौती पहिचान गर्ने प्रयास पनि गरेका छन्। एमालेले राष्ट्रिय एकता बलियो बनाउने, सामाजिक सद्भाव बलियो बनाउने, चुनावसम्म निरन्तर मिसन ८४ अभियान चलाएर पार्टीलाई सबै क्षेत्रको समर्थन रहेको बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्ने, विकास र समृद्धिका चुनौती पहिचान गरी नयाँ आशा जागृत गर्नेजस्ता उद्देश्य अभियानमार्फत राखेको छ।

ओली नेतृत्वको यात्रा खोटाङ पुगेको छ। आइतबार काभ्रेको मन्डन-देउपुर र धुलिखेल, सोमबार बिहान दोलालघाट, सिन्धुपाल्चोकको खाडीचौर हुँदै ओली नेतृत्वको टोली दोलखाको मुडे-खरीढुंगा र चरीकोट पुगेको थियो। त्यस सिलसिलामा उनलाई सिन्धुपाल्चोकमा माओवादी पोलिटब्युरो सदस्य तथा सांसद सरल सहयात्रीसहितको टोलीले स्वागत गरेको थियो। खरीढुंगामा सम्भाव्य फिल्म सिटी निर्माण र खरीढुंगा सञ्चालनको मोडलबारे सरोकारवाला, स्थानीय र राजनीतिकर्मीसँग अन्तर्क्रियापछि उनले चरीकोट पुगेर आमसभालाई सम्बोधन गरेका थिए। त्यहाँ उनलाई काग्रेस, माओवादीलगायत नेताहरूले स्वागत गरेका थिए। रामेछापको मन्थलीपछि ओली नेतृत्वको टोली सिन्धुलीको खुर्कोट हुँदै चिवाभञ्ज्याङलाई लक्ष्य बनाएर कोशी प्रदेश प्रवेश गरेको छ। सिन्धुलीको खुर्कोट, उदयपुरको घुर्मी, ओखलढुंगाको हर्कपुर र खोटाङको दिक्तेललगायत स्थानमा आयोजित छुट्टाछुट्टै पाँचभन्दा बढी कार्यक्रममा मंगलबार ओलीले सम्बोधन गरेका छन्।

■ अरू पदाधिकारी बोल्दैनन्

एमालेको मध्यपहाडी पुष्पलाल लोकमार्ग अभियान अध्यक्ष ओलीकेन्द्रित छ। कार्यक्रममा ओलीपत्नी राधिका शाक्यसहित पदाधिकारी तहका नेताहरू सहभागी भए पनि समयको दबाब र कार्यक्रमलाई चुस्त बनाउन सबैतिर ओलीलाई नै प्रमुख वक्ता बनाइएको छ। स्थानीयस्तरमा हुने कार्यक्रममा सम्बन्धित प्रदेशको कुनै एक प्रमुख नेताले मात्रै बोल्ने गरेका छन्।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले समय र अन्य कारणले अन्य नेताले बोल्न नपाएको भन्दा पनि उनीहरूले नै पार्टी निर्णय र परिस्थितिलाई ध्यान दिएर बोल्न नमानेको बताए। 'अन्य नेताले बोल्न नपाएको होइन, उहाँहरू नै मान्नुहुन्न, समग्रमा अध्यक्ष कमरेडकै क्रेज छ, उहाँलाई भेट्न, सुन्न चाहनेको ठूलो पंक्ति यात्रामा भेटिएको छ,' गौतमले भने। ओलीले बाटामा देखिएका दृश्य, अनुभूति र सम्बन्धित स्थलमा प्रस्थान गर्दै गरेको सन्देशलाई छिनछिनमा सामाजिक सञ्जालबाटै अडियोभिडियो, तस्बिर र अक्षरमार्फत सूचित गर्ने गरेका छन्। प्रचारको रणनीतिक काममा उपमहासचिव विष्णु रिमाल र प्रचार विभाग प्रमुख गौतमले भित्री र बाहिरी नेतृत्व सम्हालेका छन्। प्रचार टोलीमा ओलीको भित्री घेरामा सचिवालय सामेल एउटा टोली र बाहिरी घेरामा सम्बद्ध प्रचार जनसंगठन प्रेस चौतारी नेपाल खटिएको छ। सचिवालय टोलीले ओलीको सामाजिक सञ्जाल सम्हालेको छ।

राजनीतिक कार्यक्रमबाहेक, विकास निर्माणस्थलको अवलोकन, स्थानीय विकास, समस्या र चुनौतीबारे सर्वदलीय र सर्वपक्षीय अन्तर्क्रिया, भेटघाट, बहस तथा छलफलमा ओली सहभागी भइरहेका छन्। बेहुला-बेहुलीलाई शुभकामना, बालबालिकासँगको साक्षात्कार, मन्दिर, ऐतिहासिक पर्यटकीय स्थलनको भ्रमणलगायत पनि उनको प्राथमिकतामा परेको छ। पछिल्लो भूकम्पले क्षति पुऱ्याएको जाजरकोट र रुकुम पश्चिमको सिमानामा पर्ने रिम्नामा पुगेर उनले १९ दिन अस्थायी संरचना निर्माणमा खटिएका ११ सय स्वयंसेवकलाई धन्यवाद दिनुका साथै पीडितसँग अन्तर्क्रिया गरेका थिए। जहाँ ४० समूहमा बाँडिएका एमालेका स्वयंसेवकले १६ वटा विद्यालयको अस्थायी संरचना, आठ सयभन्दा बढी घरको अस्थायी संरचना निर्माण गरेको थियो।

■ राजेन्द्र गौतम
प्रमुख, प्रचार विभाग, एमाले



उहाँले काठमाडौंमा भन्दा पनि यात्रामा सहज महसुस गर्नुभएको छ। काठमाडौंमा हुँदा धेरैले भेट्न चाहँदा भेटघाट नै असहज हुन्थ्यो, तर यात्रामा तोकिएको सेड्युलअनुसार बाटाघाटा र कार्यक्रममा आमसम्पर्क भएको छ, त्यसैले दैनिकी सहज छ। उहाँले कुनै दबाब महसुस गर्नुभएको छैन, खानपान पनि सधैंजस्तै सामान्य नै हो।

अभियानका क्रममा जिल्लाहरूमा काग्रेस, माओवादीलगायत पार्टी, नागरिक समाज, विभिन्न पेसागत समूहले पनि ओलीलाई ज्ञापनपत्र बुझाउनेदेखि अन्तर्क्रिया गर्नेसम्मको कार्यक्रम गरेका छन्। 'जिल्ला-जिल्लामा सर्वपक्षीय र सर्वदलीय रूपमा जिल्लाको विकास निर्माणबारे ज्वलन्त छलफल र बहस भएका छन्। उद्योग वाणिज्य महासंघ, पत्रकार महासंघ, सहकारीदेखि वन, खानेपानी उपभोक्ता, आमा समूहलगायत धेरै समूह कार्यक्रममा सहभागी भएका छन्,' गौतमले भने, 'दुग्ध सहकारी, एक पालिका : एक प्राविधिक शिक्षालय, करिडोर, रणनीतिक सडक, अस्पताल, जलविद्युत् र सिँचाइ आयोजना, केरुङ रेल, लोकमार्गका सम्भाव्य दश ठूला सहर, सुरुङमार्ग, सामाजिक सुरक्षा कोषको परिचालन र मजदुरको हितसम्मका दर्जनौं विषयमा छलफल र अन्तर्क्रिया भएका छन्, अभियान सकिएपछि सबै विषय बाहिर ल्याउँछौं।'

उनले कम्तीमा एउटा जिल्लामा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा र सञ्चारमाध्यम तथा सोसल मिडियामार्फत ५० हजार जनतासँग अध्यक्ष ओलीले सम्पर्क गरेको दाबी पनि गरे।

ओलीसहित अभियान टोलीको नियमित स्वास्थ्य अनुगमन परीक्षणका लागि स्वास्थ्य विभाग प्रमुख कृष्णगोपाल श्रेष्ठको नेतृत्वमा चिकित्सकहरूको छुट्टै टोली पनि अभियानमा सामेल छ। ०७३ पनि संविधान जारी भएपछि २१ फागुनबाट एमालेले मेची-काली मधेस-तराई अभियान सञ्चालन गरेको थियो। त्यतिवेला संविधानको विशेषता बुझाएर पार्टीमाथि मधेसमा लागेको आरोप खण्डन गर्न एमालेले अभियान चलाएको थियो।

■ ओलीले प्रधानमन्त्रीलाई दिए जन्मदिनको शुभकामना

एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई जन्मदिनको शुभकामना दिएका छन्। संकल्प यात्राका क्रममा मंगलबार खोटाङको दिक्तेल पुगेका ओलीले साँझ प्रचण्डलाई फोन गरेर जन्मदिनको शुभकामना दिएका हुन्। 'आज रामेछाप, सिन्धुली, ओखलढुंगा र खोटाङ गरी हाम्रो यात्रा चार जिल्ला पार गऱ्यो। दिनभर व्यस्त थिएँ। साँझ दिक्तेल आएपछि प्रधानमन्त्री तथा मेरा मित्र पुष्पकमल दाहाल प्रचण्डसँग फोनमा कुरा भयो। उहाँको आज जन्मदिन, जन्मदिनको शुभकामना!' उनले फेसबुकमा लेखेका छन्।

■ पेसेवर अपराधीविरुद्ध प्रहरीको आक्रामक नीति

तीन महिनामा पाँचजना गोली प्रहार गरेर पक्राउ

नयाँ पत्रिका

पेसेवर अपराधीमाथि प्रहरीले आक्रमक नीति बनाएको छ। पछिल्लो तीन महिनामा पाँचजनालाई प्रहरीले गोली हानी घाइते बनाएर नियन्त्रणमा लिएको छ। मंगलबार लागुऔषध कारोबारीका एक नाइकेलाई प्रहरीले ललितपुरमा गोली हानी नियन्त्रणमा लियो। एमफेटामाइन (आइस ड्रग) कारोबारका नाइके अविनाश राईलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले झम्सिखेलमा गोली हानेको हो। पक्राउ गर्न खोज्ने क्रममा पेस्तोल निकाली प्रहरीलाई नै ताकेपछि गोली हान्नुपरेको प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताए।

राईको साथबाट दुई राउन्ड गोलीसहितको कटुवा पेस्तोल र चार सय ८५ ग्राम एमफेटामाइन बरामद भएको छ। तिघ्रामा गोली लागेका उनलाई उपचारका लागि टूमा सेन्टरमा भर्ना गरिएको छ। उदयपुर घर भएका ४५ वर्षीय राई लागुऔषध कारोबारमा लामो समयदेखि प्रहरीको खोजी सूचीमा थिए। नेपालमा धनीवर्गका लागुऔषध कारोबारीले प्रयोग गर्ने आइस ड्रग उनले बिक्री गर्दै आएको प्रहरीले जनाएको छ।

यसअघि अपराध अनुसन्धान कार्यालयले दुईजनालाई गोली हानी नियन्त्रणमा लिएको थियो। गत १५ कात्तिकमा लागुऔषध कारोबारमा संलग्न भारतीय नागरिक मोहमद करिमलाई गोली हानी नियन्त्रणमा लिएको थियो। काठमाडौंको गोठाटारमा लागुऔषध कारोबार गरिरहेको सूचनाका आधारमा पुगेको प्रहरी टोलीले उनलाई गोली हानेको हो। प्रहरीले उनको साथबाट पेस्तोलसँगै दुई सय ग्राम लागुऔषध बरामद गरेको थियो।

गत २५ असोजमा अपराध अनुसन्धान कार्यालयले नै काठमाडौंको जगडोलमा सिन्धुलीका अमर घलानमाथि गोली हानेको थियो। उनीमाथि लुटपाटको आरोप थियो। घलानको समूहसँग पनि प्रहरीले पेस्तोल भेट्टायो। उनी पनि पेसेवर अपराधी भएको प्रहरी दाबी थियो। तीनैवटा घटनामा अभियुक्तले प्रहरीमाथि गोली प्रहारको प्रयास गरेको बताइएको छ। पेस्तोल बरामद भए पनि उनीहरूले गोली चलाएका भने थिएनन्।

उपत्यकाबाहिर पनि प्रहरीले गोली प्रहारको नीति लिएको छ। गत १ मंसिरमा बाँकेमा प्रहरीले ज्यान मार्ने उद्योग मुद्दाका अभियुक्तलाई नियन्त्रणमा लिन गोली हानेको थियो। पक्राउ गर्ने क्रममा भाग्न खोजेको भन्दै कोहलपुर-११ का आकाशजंग रानालाई प्रहरीले खुट्टामा गोली हानी नियन्त्रणमा लिएको थियो।

गत २० कात्तिकमा महोत्तरी प्रहरीले डकैती मुद्दाका दुई अभियुक्तमाथि गोली हानेको थियो। पक्राउ गरेर जिल्ला प्रहरी कार्यालय, जलेश्वर लैजाने क्रममा भाग्न खोजेपछि शक्ति पासवान र अजय पासवानलाई प्रहरीले गोली हानेको हो। दुवैजना दर्जनभन्दा धेरै डकैती घटनामा संलग्न व्यक्ति हुन्।

पछिल्ला गोली प्रहारका घटना पेसेवर अपराधीविरुद्ध निर्मम बन्ने प्रहरीको सन्देश भएको एक उच्च प्रहरी अधिकारीले बताए। 'पछिल्लो समय केही अपराधी सल्बलाएको देखियो, त्यसैकारण प्रहरी आक्रामक बन्नुपरेको हो,' उनले भने, 'प्रहरी नेतृत्वकै नीतिअनुसार हतियार बोक्ने तथा पेसेवरविरुद्ध प्रहरी निर्मम बनेर गोली हान्न थालेको हो।'

तोडियो शेखर-गगन संवादहीनता

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

काग्रेस इतर समूहको नेतृत्व गरिरहेका नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापाबीचको लामो संवादहीनता तोडिएको छ। नेता अर्जुननरसिंह केसीलगायतको पहलमा दुई नेताबीचको संवादहीनता अन्त्य भएको हो। कोइरालाले मंगलबार थापाको सहमतिविना समूहको भेला बोलाएपछि र महामन्त्री थापा पूर्वनिर्धारित कार्यक्रम देखाएर अनुपस्थित हुने अवस्था देखिएपछि यी दुईबीचको सम्बन्ध थप चिसिएको संकेत मिलेको थियो। यससँगै निकट नेताहरूले दुई नेतालाई सहमतिमा ल्याउन पहल प्रयास गरेका थिए। केसीले दुई नेतालाई सोमबार साँझ बुढानीलकण्ठ इटालीटारस्थित आफ्नै निवासमा बोलाएर संवादको पहल गरेका थिए। यसक्रममा दुई नेताबीच करिब तीन घन्टा छलफल भएको थियो।

छलफलका क्रममा दुई नेताबीच पछिल्लो अवस्थाबारे आत्मसमीक्षा भएको र मिलेर अगाडि बढ्न तयार भएको नेताहरूको भनाइ छ। नेता केसीले दुई नेताबीचको छलफलपछि सहमतिमा नै मंगलबारको भेला बुधबारका लागि सारिएको जानकारी दिए। 'टिमलाई इन्ट्याक्ट राख्ने विषयमा कसैको विमति छैन। उहाँहरूको सल्लाहमा सबैलाई सहज हुने गरी पूर्वनिर्धारित कार्यक्रम परिवर्तन गरिएको हो,' केसीले भने। भेला बुधबार दिउँसो १ बजे गौशालास्थित अनुपम फुडल्यान्डमा हुनेछ।

गगनसँग शेखरका गुनासा



हाम्रै समूहबाट पार्टीको महामन्त्री बन्नुभएको छ, तर पार्टीका निर्णय, सभापतिसँगका छलफल र कार्यक्रमबारे जानकारी हुँदैन। जति प्रयास गर्दा पनि सम्पर्क हुन सक्दैन। बैठक राख्नुअघि सबैभन्दा पहिला तपाईंलाई फोन गरेका थियौं, सम्पर्क नभएपछि सचिवालयलाई जानकारी गराएर मिटिङ राखियो। केही कमजोरी भएका छन्, अबका दिनमा ती कमजोरी सुधारेर छलफलबाट अगाडि बढ्न तयार छु।

शेखरसमक्ष गगनका कुरा



समूहको सल्लाहमा हुनुपर्ने काममा एकलौटी अगाडि बढ्नु उचित होइन। सभापतिसँग कुरा गर्नुपर्ने या टिमका तर्फबाट कुन भूमिकामा कसलाई पठाउने भन्ने विषयमा छलफल नै भइरहेको छैन। समूहका तर्फबाट एकै आवाज जानुपर्ने त्यो हुन सकिरहेको छैन। बैठक सारौं, आत्मसमीक्षा गरेर अगाडि बढ्ने वातावरण तयार गरौं।

कोइरालाले महामन्त्री थापाबाट पार्टीका निर्णय, गतिविधि र सभापतिसँगका छलफलका विषयमा आफूले जानकारी नपाएको गुनासो गरेका थिए। 'तपाईंसँग जति प्रयास गर्दा पनि सम्पर्क हुन सक्दैन। हाम्रै समूहबाट पार्टीको महामन्त्री बन्नुभएको छ, तर पार्टीका निर्णय, सभापतिसँगका छलफल र कार्यक्रमबारे जानकारी पनि हुँदैन। सम्पर्क गर्दा भेट्न पनि सकिँदैन। मलाई पनि जानकारी दिनुपर्‍यो। राष्ट्रिय राजनीतिका कुरा पनि गरौं, महासमिति सार्ने कुरा भइरहेको छ नसार्ने दबाब दिऔं, राष्ट्रिय सभा निर्वाचनको विषय पनि आइरहेको छ। साथीहरूको पनि कुरा सुनौं भनेर बैठक बोलाएको हो। सबैभन्दा पहिला तपाईंलाई फोन गरेका थियौं, सम्पर्क नभएपछि सचिवालयलाई जानकारी गराएर मिटिङ राखियो। यस्तो कुरामा रेगुलर छलफल हुनुपर्‍यो। केही कमजोरी भएका छन्, अबका दिनमा ती कमजोरी सुधारेर छलफलबाट अगाडि बढ्न तयार छु,' कोइरालाले भनेका थिए।

यससँगै दुई नेता सबै विषयमा परामर्श गरेर अगाडि बढ्न सहमत बनेका छन्। 'अबका दिनमा सबै विषयमा छलफल गरेर मात्रै अगाडि बढ्ने 'जेन्टलम्यान एग्रिमेन्ट' बनेको छ,' स्रोतको दाबी छ। केन्द्रीय सदस्य मधु आचार्य छलफलबाट शेखर-गगनबीच गम्भीर आत्मसमीक्षा भएको दाबी गर्छन्।

चार प्रकारका औषधि उत्पादन र बिक्रीमा रोक

काठमाडौं/ मधुमेह, दुखाई र ब्लड क्लटमा प्रयोग भइरहेका केही औषधिको प्रभावकारिता नभएको भन्दै उत्पादन र बिक्री-वितरणमा रोक लगाइएको छ। औषधि व्यवस्था विभागले सोमबार सूचना जारी गर्दै चार किसिमका औषधि उत्पादन र बिक्री-वितरणमा रोक लगाएको हो। विभागमा दर्ता भएका, तर हाल सो औषधिको सुरक्षा, प्रभावकारिता र सहनशीलता (सेफ्टी, इफिसियन्सी र टोलेरेबिलिटी)को हकमा प्राप्त विवरणका आधारमा ती औषधिको प्रभावकारिता राम्रो नभएको भन्दै रोक लगाइएको हो।

रोक लगाइएका औषधिमा एसिक्लोफेनाक, लिनिग्लिप्टन, लिनिग्लिप्टन एन्ड मेटाफर्मिन र रिभारेक्सोवन छन्। एसिक्लोफेनाक ननस्टेरोइड एन्टिइन्फ्लामेन्टरी समूहको औषधि हो। जुन दुखाई र हड्डीमा हुने पोल्ने कम गर्न प्रयोगमा आएको थियो। लिनिग्लिप्टन डाइट र एक्सरसाइजमा प्रयोग गरिने औषधि हो। तर, यो टाइप २ मधुमेहको समस्या भएका व्यक्तिको ब्लड प्रेसरका लागि समेत प्रयोग गरिन्छ। लिनिग्लिप्टन एन्ड मेटाफर्मिन रगतको प्रेसर कम गर्न प्रयोग गरिन्छ। खासगरी टाइप २ मधुमेहका बिरामीमा यो औषधि प्रयोगका लागि चिकित्सकले सिफारिस गर्दै आएका छन्। रिभारेक्सोवन नामक औषधि ब्लड क्लट अर्थात् जमेको रगतको उपचारका लागि प्रयोग गरिन्छ। खासगरी स्ट्रोकको समयमा ब्लड क्लटबाट निम्तिने जोखिम कम गर्न रिभारेक्सोवनको सिफारिस गरिन्छ। यी औषधिको प्रभावकारितामा समस्या देखिएको भन्दै विभागले औषधि सल्लाहकार समितिबाट सिफारिस प्राप्त नहुँदासम्मका लागि नयाँ उत्पादन नगर्न र बजारमा बिक्री-वितरण भइरहेको ब्रान्डसमेत थप उत्पादन नगर्न भनेको हो।

VACANCY
at Nepal Digital Payments Company Ltd

Sales Manager | Sales Officer
HR Officer
Management Trainee(Research and Finance)
Assistant Trainee (Business)

To apply : www.merojob.com

रिडी ग्रुप लिमिटेडको छैठौं वार्षिक साधारणसभा बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२७ गते)

सम्पुर्ण सेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०८/०७ गते बसेको संचालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको छैठौं वार्षिक साधारणसभा निम्न मिति, समय, स्थानमा देहायका बिषयहरुमा छलफल हुने भएकाले यहाँहरुको उपस्थितिका लागि अनुरोध गर्दछौं।

स्थान : ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.-४, जावलाखेल, ललितपुर।
सेन्ट जेभियर्स स्कुल, सभाहल।
मिति : २०८०/०९/२१ शनिबार
समय : बिहान १०:०० बजे

सभामा छलफल हुने विषयहरू

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदनउपर छलफल गर्ने बारे।
२) **आ.व.०७९/०८० सालको** वासलात, नाफा/नोक्सान सहितको लेखापरिक्षण प्रतिवेदनउपर छलफल गर्ने बारे।
३) **आ.व.०८०/०८१ सालको** हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक तोक्ने बारे।
४) संचालक समिति गठन गर्ने बारे।
५) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि संचालक समिति र सेयरधनीहरुको तर्फबाट एक-एक जना प्रतिनिधीहरु छनौट गर्ने बारे।
६) विविध।

मान बहादुर बुढा
(संचालक/अध्यक्ष)

(नोट : सेयरधनी महानुभावहरु स्वयं उपस्थित हुन नसकेमा रितपूर्वकको प्रोक्सी फाराम भरी पठाउनु होला)

साबल सहकारी संस्था लिमिटेड

धुम्बाराहीचोक, काठमाडौं, फोन नं. ४३७६६९५, ४३७०७२५

चौबिसौं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/८/२७

आदरणीय शेयर सदस्य महानुभावहरू,

यस संस्थाको संचालक समितिको मिति २०८०/०८/२६ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको चौबिसौं वार्षिक साधारणसभा देहायका विषयहरूमा छलफल गर्न तल उल्लेखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण सदस्यज्यूहरूलाई यस संस्थाबाट वितरित परिचय-पत्र लिई स्वयम् उपस्थितिको लागि यसै सूचनाद्वारा हार्दिक अनुरोध गर्दछु।

छलफलका विषयहरू :

१. संचालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत वार्षिक प्रतिवेदनमा छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरणहरू उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
४. संचालक समितिबाट आर्थिक वर्ष २०७९/८० को प्रस्तावित लाभांश अनुमोदन गर्ने सम्बन्धमा।
५. आ.व. २०८०/८१ को लागि प्रस्तावित वार्षिक बजेट अनुमोदन गर्ने सम्बन्धमा।
६. आ.व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
७. साधारणसभा सम्बन्धी निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरूको तर्फबाट प्रतिनिधिहरू चयन गर्ने सम्बन्धमा।
८. लेखा सुपरिवेक्षण समिति र संचालक समितिको निर्वाचन सम्बन्धमा।
९. विविध।

साधारणसभा हुने मिति, समय र स्थान :

मिति : २०८० पौष २७ शुक्रवार
समय : बिहानको ११:०० बजे।
स्थान : मिराकल पार्टी भेन्यू, का.म.पा वडा नं ४, सुकेधारा, काठमाडौं।

(सरोज आचार्य)
उप-व्यवस्थापक

सम्पर्क
फोन : ०१४३७६६९५, ०१४३७०७२५
E-mail Address: sabalsahakari@gmail.com, Website: www.sabalcooperative.com.np

नोट: निर्वाचन सम्बन्धी कार्यक्रम संस्थाको सूचना पाटीमा टाँस गरिने छ।

■ राम-सीता विवाह महोत्सव

जनकपुरधाममा तीन दिन मासु र मदिरा निषेध

जनकपुरधाममा **हदिश खुद्दार**

मिथिलाञ्चलको ऐतिहासिक तथा धार्मिक रामजानकी विवाह पञ्चमी महोत्सवका अवसरमा धनुषाको जनकपुरधाममा तीन दिन माछा-मासु तथा मदिरा बिक्री-वितरणमा प्रतिबन्ध लगाइएको छ ।

प्रमुख जिल्ला अधिकारी नेतृत्वमा रहेको जिल्ला सुरक्षा समितिसँगै सरोकारवालाको बैठकले २८ मंसिरदेखि १ पुस राति १२ बजेसम्मका लागि जनकपुरधाममा माछा-मासु र मदिरामा प्रतिबन्ध लगाएको हो ।

जनकपुरधाम प्रवेश गर्ने मुख्यद्वार र सीमा एवं जनकपुरधामस्थित परिक्रमा र परिक्रमा क्षेत्रभित्र माछा-मासु र मदिराको बिक्री-वितरण, सेवन तथा कारोबार गर्न पूर्ण रूपमा निषेध गरिएको प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले बताए ।

रामजानकी विवाह पञ्चमी महोत्सव मंगलबारदेखि विधिवत् रूपमा सुरु भएको छ । सप्ताहव्यापी चल्ने महोत्सवको पहिलो दिन नगर दर्शन कार्यक्रम गरियो । दोस्रो दिन बुधबार फूलबारी लीला, तेस्रो दिन बिहीबार धनुष यज्ञ, चौथो दिन शुक्रबार तिलको उत्सव, पाँचौं दिन शनिबार मटकोर र १ पुसमा विवाह पञ्चमीको आकर्षण मानिएको दिउँसो रामसीता स्वयंवर तथा राति विवाह कार्यक्रम हुने जानकी मन्दिरका छोटा महन्थ रोशन दासले बताए ।

मिथिलाञ्चलको वैवाहिक परम्परालाई जीवित राख्दै प्रत्येक वर्ष मंसिर शुक्ल पञ्चमीको दिन मनाइने महोत्सवलाई नेपाल-भारतबीचको आदिकालीन सांस्कृतिक सम्बन्धका रूपमा पनि लिइन्छ । त्रेतायुगमै भारत अयोध्याका दशरथका छोरा पुरुषोत्तम राम र राजा जनककी छोरी सीता वैवाहिक सम्बन्धमा बाधिएका थिए ।

राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनि मार्ग पञ्चमी तिथिमा रामजानकी विवाह पञ्चमी मेलाको आयोजना हुन्छ । सीतोपाख्यान उत्तरार्द्धमा सीता स्वयंवरबारे उल्लेख भएअनुसार आश्विन पूर्णिमाका दिन अयोध्या नरेश महाराज दशरथ नन्दन राजकुमार श्रीरामचन्द्रले प्राचीन शिव धनुषलाई भाँचेको र त्यसपछि मार्ग शुक्ल पञ्चमी तिथिमा राम-जानकीको विवाह भएको हो । विवाह भएको सम्झनास्वरूप जनकपुरधाममा प्रत्येक वर्ष विवाह पञ्चमी पर्व मनाउने परम्परा छ ।

हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र रहेको जनकपुरधाममा भारतबाट लाखौं श्रद्धालु डोला परिक्रमाको दर्शन तथा पूजापाठ गर्न महोत्सवमा सहभागी हुने गरेका छन् । तर, यस वर्ष भारतबाट औपचारिक रूपमा जन्ती नआउने जानकी मन्दिरका छोटा महन्थ रोशन दासले बताए ।

कार्यकक्षको विषयमा वीरगन्ज महानगर प्रमुख र उपप्रमुख पक्षबीच विवाद

वीरगन्जमा **तिवारी यादव**



वीरगन्ज महानगरपालिका कार्यालयमा कार्यकक्षको विषयलाई लिएर भएको विवादले मंगलबार दिनभर स्थिति तनावग्रस्त बन्यो । मेयर राजेशमान सिंह र उपमेयर इम्तियाज आलम पक्षबीच विवाद भएपछि महानगर कार्यालय दिनभर तनावग्रस्त बनेको हो । महानगरपालिका कार्यालयमा दुवै पक्षका व्यक्तिहरू ठूलो संख्यामा पुगेपछि त्यसलाई रोक्न प्रहरी परिचालन गरिएको पर्साका प्रहरी प्रवक्ता कुमारविक्रम थापाले जानकारी दिए ।

नगर प्रमुख सिंह नयाँ भवन बनाएर कार्यकक्षमा सरेका छन् । उनको पुरानो कार्यकक्षमा तीन दिनअगाडि प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई सरेका थिए । नगर प्रमुख सिंहले प्रशासकीय अधिकृत बस्दै आएको पुरानो कार्यकक्षमा पञ्जीकरण शाखा राख्ने तयारी गरेपछि विवाद भएको हो । जसमा उपमेयर आलमले आफ्नो निजी सचिवालय बनाउन अडान लिएसँगै विवाद सिर्जना भएको हो ।

महानगर प्रमुख सिंह जनता समाजवादी पार्टी र उपप्रमुख आलम कांग्रेसबाट निर्वाचित भएका हुन् । गत स्थानीय तह निर्वाचनमा कांग्रेस र जसपाको गठबन्धनबाट सिंह र आलम निर्वाचित भएका थिए । पछिल्लो समय नगर प्रमुख र उपप्रमुखबीच बजेट विनियोजनलगायत कारण सम्बन्ध चिसिएको छ । भर्खरै सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत भट्टराईले महानगर प्रमुखनिकट रहन खोज्ने, उपप्रमुखको कुरा नसुन्ने भएकाले विवाद सुरु भएको कर्मचारीको भनाइ छ ।

उपप्रमुख आलमले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष विनानिर्णय, विनाजानकारी एक्कासि सरेकाले विवाद भएको बताए । उनले मेयर सिंह मनोमानी तरिकाले अगाडि बढे आफूहरूलाई सह्य नहुने बताए । गुन्डागर्दी पारामा मेयर पक्षका व्यक्तिले अधिकृत भट्टराईलाई भेट्न खोज्दा रोक्न खोजेको र अवस्था तनावपूर्ण बनेको उनको भनाइ छ ।

उपमेयर आलम पक्षका केही व्यक्तिले प्रमुख प्रशासकीय अधिकृतसहितका कर्मचारीलाई गाली गलौज गरेको भन्दै महानगरका कर्मचारीले मेयर सिंहलाई ज्ञापनपत्र बुझाएका छन् । स्थानीय तह कर्मचारी संघ वीरगन्ज महानगर इकाइ समितिका अध्यक्ष मुकेश गुप्ता नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको हो । वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भट्टराईले कार्यकक्षकै विषयलाई लिएर भएको विवाद कार्यपालिका बैठकबाट समाधान गरिने जानकारी दिए ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०८।२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैकबाट ऋणीहरूलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०।०९।१२ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. बैंक जमानत २. ओभरड्राफ्ट कर्जा ३. डिमाण्ड कर्जा ४. सवारी साधन कर्जा ५. पटके डिमाण्ड कर्जा	**ऋणीको नामः श्री बैधनाथ राईस मिल** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा दर्ता रहेको) दर्ता नं.: ४५८५/०६९/७० दर्ता मिति : २०६९/०७/१४ स्थायी लेखा नं.: ६०१५२१२७२ ठेगानाः कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १। **प्रोप्राईटरः** **घनश्याम बनिया** ना.प्र.प.नं (जारी मिति/स्थान): ६/१६८५/७३० (२०४६/०३/१७/कपिलवस्तु) बाजेको नामः दुलारे बनिया बाबुको नामः छोटे लाल बनिया ठेगानाः कपिलवस्तु जिल्ला, बनगाई गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. शुभावती गुप्ता** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८-०१-०६८-१३३०३ (२०६८/०३/१९/कपिलवस्तु) बाबुको नामः गंगाराम बनिया ससुराको नामः छोटे लाल बनिया पतिको नामः घनश्याम बनिया ठेगानाः कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १। **२. सन्तोष गुप्त** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८-०१-०६८-१३३०२ (२०६८/०३/१९/कपिलवस्तु) बाजेको नामः छोटे लाल बनिया बाबुको नामः घनश्याम बनिया ठेगानाः कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १। **३. संजय कुमार गुप्ता** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८-०१-०६८-१२४०६ (२०६८/०२/२३/कपिलवस्तु) बाजेको नामः छोटे लाल बनिया बाबुको नामः घनश्याम बनिया ठेगानाः कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १। **४. दीपेन्द्र गुप्ता** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८-०१-७७-०११४० (२०७७/०६/१२/कपिलवस्तु) बाजेको नामः छोटे लाल बनिया बाबुको नामः घनश्याम बनिया ठेगानाः कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १। **५. महेश गुप्त** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८-०१-७६-०८५१४ (२०७६/१२/२२/कपिलवस्तु) बाजेको नामः छोटे लाल बनिया बाबुको नामः घनश्याम बनिया ठेगानाः कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. ११ ।	(क) दुलारे बनियाको नाति, छोटे लाल बनिया को छोरा, कपिलवस्तु जिल्ला, बनगाई गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १ बस्ने **घनश्याम बनिया**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः १. कपिलवस्तु जिल्ला, बरकलपुर गा.वि.स./ न.पा. वडा नं. ९/ख स्थित कि.न. ११४३, ११४२ र ११४४ को क्षेत्रफल ०-०-१०, ०-०-१० र ०-०-१० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. कपिलवस्तु जिल्ला, महाराजगञ्ज गा.वि.स./ न.पा. वडा नं. ६ स्थित कि.न. १३६४ र १५६६ को क्षेत्रफल ०-१-२-२ र ०-०-५-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ३. कपिलवस्तु जिल्ला, भलवारी गा.वि.स./ न.पा. वडा नं. २/ग स्थित कि.न. ७९४ को क्षेत्रफल ०-१-१४-२ (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) छोटे लाल बनियाको नाति, घनश्याम बनियाको छोरा, कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १ बस्ने **सन्तोष गुप्त**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः १. कपिलवस्तु जिल्ला, महाराजगञ्ज गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.न. १३६३,१३,९८३,१०५७ र १४४ को क्षेत्रफल ०-०-११-२, ०-१-०-०, ०-०-११-०, ०-०-३-० र ०-२-२-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. कपिलवस्तु जिल्ला, भलवारी गा.वि.स./ न.पा. वडा नं. २/ग स्थित कि.न. ८४५ को क्षेत्रफल ०-०-१७$^{१/४}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग) गंगाराम बनियाको छोरी, छोटे लाल बनियाको बुहारी, घनश्याम बनियाको पत्नि कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १ बस्ने **शुभावती गुप्ता**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः १. कपिलवस्तु जिल्ला,भलवारी गा.वि.स./न.पा. वडा नं. २/ग स्थित कि.न.८४४ को क्षेत्रफल ०-०-१७$^{१/४}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. कपिलवस्तु जिल्ला, महाराजगञ्ज गा.वि.स./ न.पा. वडा नं. ६ स्थित कि.न. १३९८ को क्षेत्रफल ०-१-१२-१ (विघा)को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः स्वर्गद्वारी खाद्य उद्योग** (नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुमा दर्ता रहेको) दर्ता नं.: ५७९७/०७२ दर्ता मिति : २०७२/१२/१७ स्थायी लेखा नं.: ६०४०२४४३९ ठेगानाः कपिलवस्तु जिल्ला, भलवारी न.पा. वडा नं. २। **प्रोप्राईटरः** **सन्तोष गुप्त** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८-०१-०६८-१३३०२ (२०६८/०३/१९/कपिलवस्तु) बाजेको नामः छोटे लाल बनिया बाबुको नामः घनश्याम बनिया ठेगानाः कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. घनश्याम बनिया** ना.प्र.प.नं (जारी मिति/स्थान): ६/१६८५/७३० (२०४६/०३/१७/कपिलवस्तु) बाजेको नामः दुलारे बनिया बाबुको नामः छोटे लाल बनिया ठेगानाः कपिलवस्तु जिल्ला, बनगाई गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १। **२. शुभावती गुप्ता** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८-०१-०६८-१३३०३ (२०६८/०३/१९/कपिलवस्तु) बाबुको नामः गंगाराम बनिया ससुराको नामः छोटे लाल बनिया पतिको नामः घनश्याम बनिया ठेगानाः कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १।	(क) छोटे लाल बनियाको नाति, घनश्याम बनियाको छोरा, कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १ बस्ने **सन्तोष गुप्त**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः १. कपिलवस्तु जिल्ला, महाराजगञ्ज गा.वि.स.,/न.पा. वडा नं. ६ स्थित कि.न. ९८३ र १०५७ को क्षेत्रफल ०-१-०-०, ०-०-११-० र ०-०-३-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. कपिलवस्तु जिल्ला, भलवारी गा.वि.स./न.पा. वडा नं. २/ग स्थित कि.न. ८४५ को क्षेत्रफल ०-०-१७$^{१/४}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) गंगाराम बनियाको छोरी, छोटे लाल बनियाको बुहारी, घनश्याम बनियाको पत्नि कपिलवस्तु जिल्ला, वलरमवापुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा., वडा नं. १ बस्ने **शुभावती गुप्ता**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, भलवारी गा.वि.स./न.पा. वडा नं. २ ग स्थित कि.न. ८४४ को क्षेत्रफल ०-०-१७$^{१/४}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग) दुलारे बनियाको नाति, छोटे लाल बनिया को छोरा, कपिलवस्तु जिल्ला, बनगाई गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. १ बस्ने **घनश्याम बनिया**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, भलवारी गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.न. ७९४ को क्षेत्रफल ०-१-१४-०२ (विघा)को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	१. ओभरड्राफ्ट २. आवधिक कर्जा	**ऋणीको नामः रूद्र पशु मत्स्य कुखुरा तथा कृषि फार्म** (नेपाल सरकार, घरेलु तथा साना उद्योग विभागमा दर्ता रहेको) दर्ता नं.: ९४६९/०७५/०७६ दर्ता मिति : २०७५/१२/२९ स्थायी लेखा नं.: ६१०५२९४०१ ठेगानाः सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं.४। **प्रोप्राईटरः** **सेल कुमारी** ना.प्र.प.नं (जारी मिति/स्थान): १२४४/४६८/६ स.सि. ५ रा.न १/२१२(२०४६/०३/२२/सिरहा) बाबुको नामः बौधु यादव ससुराको नामः बिश्वनाथ यादव पतिको नामः सुरदेव यादव ठेगानाः सिरहा जिल्ला, बिष्णुपुरकट्टी गा.वि.स, वडा नं. ६ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सुरदेव यादव** ना.प्र.प.नं (जारी मिति/स्थान): १०४१ (२०४५/०१/०४/सिरहा) बाजेको नामः खुशिलाल यादव बाबुको नामः बिश्वनाथ यादव ठेगानाः सिरहा जिल्ला, मोहनपुर गा.वि.स, वडा नं. ४ । **३. श्रवण कुमार यादव** ना.प्र.प.नं (जारी मिति/स्थान): १५१०४९/१८३७२ (२०६८/०९/२४/सिराहा) बाजेको नामः बिश्वनाथ यादव बाबुको नामः सुरदेव यादव ठेगानाः सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स, वडा नं. ९ । **२. दुखनी देवी यादव** ना.प्र.प.नं (जारी मिति/स्थान): १४०९/६२७११७८१(२०३७/०३/०७/सिरहा) बाबुको नामः भुजुड़ी यादव ससुराको नामः खुशिलाल यादव पतिको नामः बिश्वनाथ यादव ठेगानाः सिरहा जिल्ला, मोहनपुर गा.वि.स, वडा नं. ८। **४. सुमन कुमारी यादव** ना.प्र.प.नं (जारी मिति/स्थान): १५१०६२/५०४९ (२०६७/०४/१३/सिराहा) बाबुको नामः अन्त नारायण यादव ससुराको नामः सुरदेव यादव पतिको नामः श्रवण कुमार यादव ठेगानाः सिरहा जिल्ला, औरही गा.वि.स, वडा नं. ९ ।	१. भुजुड़ी यादवको छोरी,खुशिलाल यादवको बुहारी, बिश्वनाथ यादवको पत्नि, सिरहा जिल्ला, मोहनपुर गा.वि.स, वडा नं. ८ बस्ने **दुखनी देवी यादव**को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स./न.पा. वडा नं. ९/क स्थित कि.न. ६६० को क्षेत्रफल ०-१-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. बौधु यादवको छोरी, बिश्वनाथ यादवको बुहारी, सुरदेव यादवको पत्नी, सिरहा जिल्ला, बिष्णुपुरकट्टी गा.वि.स, वडा नं. ६ बस्ने सेल कुमारी को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः क. सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स,/न.पा. वडा नं. ९/क स्थित कि.न. १०५६ र १०५८ को क्षेत्रफल ०-२-०-० र ०-१-०-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ख.सिरहा जिल्ला,फुलकाहाकट्टी गा.वि.स,/न.पा. वडा नं. ८/ख स्थित कि.न. २७७ र २४३ को क्षेत्रफल ०-१-०-० र ०-७-०-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	लघु उद्यमशिलता कर्जा	**ऋणीको नामः हरि माया गुरूङ्ग** ना.प्र.प.नं (जारी मिति/स्थान): ४५३०२५/४५ (२०६३/१०/०७/लमजुङ्ग) बाबुको नामः कृष्ण बहादुर गुरूङ्ग ससुराको नामः पस बहादुर गुरूङ्ग पतिको नामः वृषराज गुरूङ्ग ठेगानाः लमजुङ्ग जिल्ला, बेसीशहर न.पा., वडा नं. ४। **व्यक्तिगत जमानतकर्ताः** **वृषराज गुरूङ्ग** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३५०३ (२०५७/०५/२७/लमजुङ्ग) बाजेको नामः अमिलाल गुरूङ्ग बाबुको नामः पस बहादुर गुरूङ्ग ठेगानाः लमजुङ्ग जिल्ला, पुरानोकोट गा.वि.स, वडा नं. ५ स्थायी ठेगाना भई हाल लमजुङ्ग जिल्ला, बेसीशहर न.पा., वडा नं. ४।	कृष्ण बहादुर गुरूङ्ग को छोरी, पस बहादुर गुरूङ्ग को बुहारी, वृषराज गुरूङ्ग को पत्नी, लमजुङ्ग जिल्ला, बेसीशहर न.पा. वडा नं. ४ बस्ने **हरि माया गुरूङ्ग** को नाममा मालपोत कार्यालय लमजुङ्ग को लगतमा दर्ता श्रेष्ता कायम रहेको लमजुङ्ग जिल्ला, पुरानकोट गा.वि.स, वडा नं. ६ स्थित कि.न. ७८७ को क्षेत्रफल ९-०-०-० (रो.-आ.-पै.-दा.) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, वितामोड शाखाको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०८/२७ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लेखित ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको **मितिले ३५** (पैंतीस) दिनभित्र बैकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागी सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

क्र.सं.	
१.	**ऋणीको नाम र ठेगाना :**
१.	रन्जीत कार्कीको नाती, काली बहादुर कार्कीको छोरा झापा जिल्ला, सुरूङ्गा गा.वि.स. वडा नं. ४ बस्ने **ज्ञान बहादुर कार्की ।**
	व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
१.	बालकृष्ण प्रसाईको छोरी, ज्ञान बहादुर कार्कीको श्रीमती झापा जिल्ला, सुरूङ्गा गा.वि.स. वडा नं. ४ बस्ने **मिरा कार्की ।**
	धितो सुरक्षणको विवरण :
१.	**ज्ञान बहादुर कार्कीको** नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, सुरूङ्गा गा.वि.स/न.पा. वडा नं. ४ को क्रमशः कित्ता नं. २९३२ र ३०१० को क्रमशः ०-७-० र ०-५-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०८/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैकको लेना रकम नबुझाई ऋण लिदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम

प्रमोदको गीतमा प्रेम



प्रमोद खरेलको स्वर रहेको 'सोझो थिएँ बांगो बनायौ' गीतको म्युजिक भिडियोमा प्रेम थापा, कृष्णा खत्री र सुवर्ण दुलाललले अभिनय गरेका छन् । युवायुवतीको त्रिकोणात्मक प्रेमकथालाई दर्साइएको यस भिडियोको निर्देशन बाबुराजा केसी (उज्ज्वल)ले गरेका हुन् । यज्ञ विकको शब्द र संगीतमा गीत तयार भएको हो ।

फोर डटर्सलाई अवार्ड



साउदी अरबको जेद्दामा आयोजित तेस्रो रेड सी अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा ट्युनिसियाली फिल्म मेकर कौथर बेन हनियाको 'फोर डटर्स'ले उत्कृष्ट डकुमेन्ट्रीको अवार्ड जितेको छ । यसअघि कान्स, सिकागो, डेन्वरलगायत प्रतिष्ठित फिल्म फेस्टिभलमा यो डकुमेन्ट्रीले अवार्ड जितेको थियो ।

चित्रकलाले बालबालिकामा ल्याउने परिवर्तन



रंगको महत्त्व, जीवनको महत्त्व, जीवनमा ऊर्जाको महत्त्व, राम्रा-नराम्रा पक्षबारे चित्रकलाले बुझाउँछ । त्यसैले बालबालिकालाई चित्रकला सिकाउँदा सिर्जनात्मक क्षमता प्रस्फुटित हुन्छ ।

- **ध्यान क्षमता वृद्धि** : चित्रकलाले ध्यान क्षमता बढाउँछ र अन्य विषयमा पनि राम्रो हुन्छ ।
- **उत्प्रेरणा** : क्रिएटिभ लर्निङका लागि पनि चित्रकला महत्त्वपूर्ण छ । यसले बालबालिकामा सकारात्मक प्रवाह गर्छ । उनीहरू सिर्जनशील बन्छन् ।
- **धैर्य** : धैर्य भएन भने कुनै पनि काम राम्रो हुँदैन । चित्रकलामा धैर्यता अझै धेरै आवश्यक पर्छ । हुन त, चित्र सधैं राम्रो बन्छ भन्ने पनि छैन । तर, विद्यार्थीले राम्रै बनाउनुपर्छ भनेर प्रयास गरिरहेका हुन्छन् । चित्रकला गर्ने विद्यार्थीको हस्तलेखन पनि राम्रो हुन्छ ।

किन लाग्दैन निद्रा ?

अनिद्राको समस्या विभिन्न किसिमको हुन्छ । निद्रा नलाग्ने, पटक-पटक निद्रा खुल्ने, छोटो समय मात्र निदाउन सक्नेलगायत विभिन्न प्रकृतिका समस्या देखिन्छन् ।

■ कारण

अनिद्रालाई प्राइमरी र सेकेन्डरी रूपमा वर्गीकरण गर्न सकिन्छ । छोटो समयका लागि हुने साधारण अनिद्रालाई प्राइमरी अनिद्रा भनिन्छ भने विभिन्न रोगको कारण देखापर्ने जटिल अनिद्रा समस्यालाई सेकेन्डरी अनिद्रा भनिन्छ ।

दैनिक घटनासँग सम्बन्धित तनाव, जस्तै जागिर गुमाउनु वा परिवर्तन, प्रियजनको मृत्यु, सम्बन्धविच्छेद, बसाइसराइ आदि ससाना कारणले प्राइमरी अनिद्रा निम्त्याइरहेको हुन्छ । हाम्रोवरिपरिको वातावरण जस्तै- ठूलो आवाज, प्रकाश, वा तापक्रम आदि पनि यसका कारक हुन् ।

खराब खानपान, सुत्नुअघि स्क्रिन तथा मोबाइलको अत्यधिक प्रयोगलगायत पनि यसमा पर्छन् ।

सेकेन्डरी अनिद्रा अन्य जटिल रोगका कारण निम्तिएको हुन सक्छ । विभिन्न मानसिक रोग, डिप्रेसन, आत्तिने रोग, पुरानो मनोरोग, मानसिक आघात विकृत चेतना, उन्मादलगायत यसमा पर्छन् । मानिसमा कतिपय औषधिको सेवन तथा शरीरमा हर्मोनको उतार-चढावका कारण पनि यस्तो समस्या देखिएको हुन सक्छ ।

डाक्टरको सल्लाह



डा. विजय ज्ञवाली
मनोविज्ञ तथा साइको थेरापिस्ट, अमोहा क्लिनिक



■ उपचार

अनिद्रा गम्भीर समस्या हो, यसले अन्य समस्या पनि निम्त्याउँछ । लामो समयसम्म उपचार नहुँदा अनिद्राको कारण अन्य विभिन्न समस्या देखापर्न सक्छ । खासगरी मधुमेह, उच्च रक्तचापदेखि विभिन्न मानसिक रोगको उत्पत्ति अनिद्राको कारण हुन सक्छ । तसर्थ, अनिद्राको समयमा नै उपचार गर्नुपर्छ ।

अनिद्राको उपचारमा विभिन्न किसिमका उपचार विधि प्रयोग हुन्छन् । कतिपय अवस्थामा चिकित्सकले औषधि सिफारिस गर्न सक्छन् । विभिन्न वैकल्पिक विधि अकुपंचर चिकित्सा, शिरोधारा, ध्यानयोग विधि पनि अनिद्राको उपचारमा प्रयोग हुन्छ । मानसिक रोगसित सम्बन्धित अनिद्रामा संज्ञानात्मक व्यावहारिक उपचार राम्रो मानिन्छ । मनमा आएका नकारात्मक विचार तथा क्रियालाई नियन्त्रण गर्न यो उपचारले मद्दत गर्दछ ।

■ ख्याल गरौं

- सुत्ने र उठ्ने समयलाई सकेसम्म नियमित बनाउनुस् । सुत्ने समय भन्दा एक घन्टाअघि नै स्क्रिन र मोबाइल प्रयोग बन्द गर्नुस् । दिउँसोको समयमा ढल्केर नबस्नुस् ।
- बेडको सरसफाइमा ध्यान दिनुस् । हातखुट्टा धोएर सुत्न जानुस् ।
- सक्रिय जीवनशैली अपनाउनुस्, कफी तथा अल्कोहल सेवन बन्द गर्नुस् ।
- निद्रा नलाग्दा मस्तिष्कलाई सुत्न सहयोगी हुने मधुर धुन सुन्ने अथवा निद्रा नलागेसम्म किताब पढ्ने गर्नुस् ।

'नो विन्टर होलिडेज' उत्कृष्ट डकुमेन्ट्री

काठमाडौं/ राजन कठेत र सुनील पाण्डेको 'नो विन्टर होलिडेज'ले एघारौं नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट फिचर डकुमेन्ट्रीको अवार्ड जितेको छ । नेपाल पर्यटन बोर्डमा भएको महोत्सवमा सर्ट फिल्मतर्फ आकांक्षा कार्कीको 'सनाई'ले 'बेस्ट न्यारेटिभ' अवार्ड पायो । उत्कृष्ट सर्ट डकुमेन्ट्रीतर्फको अवार्ड नेपालका एलएसएम र सहयोगराज अधिकारीको 'यात्रा'ले जित्यो ।

त्यस्तै, उत्कृष्ट सर्ट डकुमेन्ट्री इन्टरनेसनलतर्फको अवार्ड स्पेनका जुलेन जुबिटको 'अ माउन्टेन अफ मेमोरिज'ले जित्यो । उत्कृष्ट नेपाली महिला निर्देशकको अवार्ड 'एज अफ लर्निङ'बाट शुभांगी खड्काले पाएकी छिन् । महोत्सवमा विश्वभरबाट खुला आवेदनबाट संकलन गरिएका कथानक चलचित्र, वृत्तचित्र, एनिमेसनलगायतका नेपालसहित २७ देशका ५४ चलचित्रहरू देखाइएको थियो । महोत्सवमा फोटो प्रदर्शनीसमेत गरिएको थियो । प्रदर्शनीमा नयाँ पत्रिकाकर्मीद्वय दिपेन्द्र डुंगाना र सञ्जित परियार, नेपाल फोटो लाइब्रेरीका मनीष अर्याल र बंगलादेशका असफ उद् दउलाको फोटो राखिएको थियो ।

क्यान्टीन सञ्चालन गर्ने सम्बन्धी सुचना

यस लर्ड बुद्ध एजुकेसन फाउण्डेशनको परिसरभित्र रहेको क्यान्टीन सञ्चालन गर्न योग्य एवं अनुभवी क्यान्टीन सञ्चालकको आवश्यकता परेको हुँदा क्यान्टीनमा उपभोग हुने खाना, खाजा, नास्ताका विभिन्न परिकारहरु उपलब्ध गर्नसकिने इच्छुक व्यक्ति मिति २०८० पौष ६ गते शुक्रवार सम्म सम्पर्क गर्नुहोला ।

Lord Buddha Education Foundation
Opp, Maitidevi Temple, Kathmandu,
Phone: 01-4444356/ 4411805

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)
खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड
का.म.न.पा. वडा न ०४, विशालनगर, काठमाण्डौ
फोन नं. : ०१-४५३६३२५ फ्याक्स नं. : ०१-४५३३६१०
Email: khanikhola.hpcl@gmail.com
को

दशौ तथा एघारौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८०/०८/२७

यस कम्पनीको मिति २०८०/०८/१० मा बसेको सञ्चालक समितिको छयासी औं बैठकले गरेको निर्णय अनुसार कम्पनीको दशौं तथा एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८० पौष ०४ गते, बुधबार (20 December 2023, Wednesday)
स्थान : धुम्र बाराह पार्टी प्यालेस, धुम्बराही ।
समय : विहान ११:०० बजे देखि ।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१) आ.व.२०७८/२०७९ तथा २०७९/०८० को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।
२) आ.व.२०७८/२०७९ तथा २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने बारे ।
३) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(ख) विशेष प्रस्तावहरु :

१) हाल कायम चुक्ता पूंजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।
२) कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने बारे ।
३) नियमावलीको नियम ७ मा हकप्रद शेयर सम्बन्धी व्यवस्था थप गर्ने बारे ।

ग) विविध ।

साधारण सभा सम्बन्धि सामान्य जानकारी

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०८/२२ (तदनुसार २०२३/१२/०८) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरीने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०८/२१ (तदनुसार २०२३/१२/०७) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन् ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरीएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्षभित्र प्रवेश गर्न पाइने छैन ।
३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्राक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८०/०९/०२ गते बिहान ११ बजे भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।
८. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क राख्न हुन समेत अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट : साधारण सभा सम्बन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाँटीमा समेत टाँस गरीने व्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भई दिनु हुन पनि हार्दिक अनुरोध गर्दछु ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय न्यूरोड, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/२७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन सी.सी. बैंक लि.) शाखा कार्यालय न्युरोड, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुष ०४ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय न्युरोड, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०५/२१ मा दर्ता नं. १९८०४३/०७५/०७६ दर्ता कायम भई नागार्जुन न.पा. वडा नं.४, काठमाण्डौ स्थित रजिष्टर्ड कार्यालय रहेको **शुभकामना फुटवयर प्रोडक्ट नेपाल प्रा.लि.** (सञ्चालक हेम लाल घिमिरेको नाति, पृथु नाथ घिमिरे/थिर कुमारी घिमिरेको छोरा, मिनाक्षी घिमिरेको पति, मकवानपुर जिल्ला, हेटौंडा उप.म.न.पा. वडा नं.११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं.४ सितापाइला बस्ने **नानीराज घिमिरे**, ना.प्र.नं. ३३०३, जारी मिति २०४२/११/१९, जिल्ला प्रशासन कार्यालय, मकवानपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हेम लाल घिमिरेको नाति, पृथु नाथ घिमिरे/थिर कुमारी घिमिरेको छोरा, मिनाक्षी घिमिरेको पति, मकवानपुर जिल्ला, हेटौंडा उप.म.न.पा. वडा नं.११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं.४ सितापाइला बस्ने **नानीराज घिमिरे** (ना.प्र.नं. ३३०३, जारी मिति २०४२/११/१९, जिल्ला प्रशासन कार्यालय, मकवानपुर) ।
२. बुद्धि प्रसाद सुवेदीको नातिनी, उत्तम यादव नाथ सुवेदीको छोरी, नानीराज घिमिरेको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा उप.म.न.पा. वडा नं.११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं.४ सितापाइला बस्ने **मिनाक्षी घिमिरे** (ना.प्र.नं. २६/११४, जारी मिति २०५३/०९/०३, जिल्ला प्रशासन कार्यालय, मकवानपुर) ।
३. पृथुनाथ/थिर कुमारी घिमिरेको नाति, नानीराज/मिनाक्षी घिमिरेको छोरा, काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं.४, सितापाइला बस्ने **समन घिमिरे** (ना.प्र.नं. २७-०१-७२-१३७४९, जारी मिति २०७२/१२/१९, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ) ।
४. डिल्ली प्रसाद पराजुलीको नाति, राम प्रसाद पराजुलीको छोरा, रौतहट जिल्ला, सन्तपुर न.पा./गा.पा. वडा नं.३, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ बस्ने **मनिराज पराजुली** (ना.प्र.नं. ४१८३, जारी मिति २०५३/०२/३०, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।
५. गजाधर खतिवडाको नातिनी, कुल प्रसाद खतिवडाको छोरी, पृथुनाथ घिमिरेको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा उप.म.न.पा. वडा नं.११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं.४ सितापाइला बस्ने **थिर कुमारी घिमिरे** (ना.प्र.नं. ३४४, जारी मिति २०४०/१०/०३, जिल्ला प्रशासन कार्यालय, मकवानपुर) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं.१४ स्थित कित्ता नं. १५९ को क्षेत्रफल २८९.१० (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. १ स्थित कित्ता नं. २३७ क्षेत्रफल ७१२ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुष ०३ गते** भित्र बैंकको शाखा कार्यालय न्युरोड, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय न्युरोड, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडिको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० पुष ०४ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय न्युरोड, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय न्युरोड, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुष ०४ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय न्युरोड, काठमाण्डौ फोन नं. ०१-५३३१७१३

ओम् शिवा बहुमुखी सहकारी संस्था लिमिटेड

कोपुण्डोल, ललितपुर-१०, फोन नं. ५२६०९८१, ५२६०४८२, फ्याक्स: ५२६०९७४

धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

(सूचना प्रकाशित मिति: २०८०/०८/२७, नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाका निम्न सदस्य ऋणीहरुले तपसिल बमोजिमको अचल सम्पत्ति धितो दिई कर्जा लिएकोमा कर्जाहरुको भाखा नाघि सकेर पनि सांवा ब्याज सहितको ऋण चुक्ता नगर्नु भएकोले पटक पटक मौखिक, लिखित तथा मिति २०७९/०२/२४ को कारोबार राष्ट्रिय आर्थिक दैनिक अखबारमा र २०७९/१२/०६ को नयाँ पत्रिका अखबारमा ३५ दिने कर्जाहरु भुक्तानी गर्न जारी गरेको ३५ दिने सूचना प्रकाशित गरेकोमा हाल सम्म पनि संस्थाको लेना रकम सांवा, ब्याज, भाखा नाघेको ब्याज र विलम्ब, हर्जाना शुल्क आदि समेत बुझाई तथा बुझाउन लगाई कर्जा चुक्ता नगर्नु भएकोले तपाई ऋणी तथा धितो धनी जमानीकर्तालाई यो धितो रहेको अचल सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचनाद्वारा पुनः सूचित गरिन्छ । उक्त म्याद भित्र संस्थाको सांवा ब्याज र विलम्ब शुल्क समेतको लेना रकम फरफारक नगरेमा संस्थालाई लेखि दिएको तपसिल बमोजिमको धितो सहकारी ऐन २०७४ दफा ७९ (१) र नियमावली २०७५ तथा ३ नं. बागमती प्रदेश सरकारको सहकारी ऐन २०७६ र सम्बन्धित सहकारी नियमावली २०७६ एवं संस्थाको विनीयम २०५७ बमोजिम सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा संस्थाको कार्यालयमा दिनको १२:०० बजे लिलाम बढाबढ बिक्री हुने हुँदा तपसिलमा उल्लेखित जग्गाहरु लिलाम बढाबढ बिक्रीमा बोलकबूल गर्न इच्छुक सर्वसाधारण सबैलाई र धितो दिने जग्गाधनी एवं जमानी बस्नेहरु समेत सो दिन उपस्थित हुन जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । १६ औं दिनमा कथंकदाचित बिदा परेमा सो को भोलि पल्ट अफिस खुल्ने दिन लिलाम बिक्री कार्य गरिने छ । धितो सुरक्षण लिलामी बिक्री गरी संस्थाको लेना रकम असुल उपर नभएमा ऋणीको घरघराना तथा धितो लेखि दिनेहरुको अन्य चल अचल सम्पत्ति समेतबाट कानुन बमोजिम गरी असुल उपर गरिने छ । सो बाट असुल उपर नभएमा जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिबाट कानुन बमोजिम गरी असुल उपर गरिने छ । धितोमा दिएको तपसिलका जग्गाहरु एवं घरजग्गाहरु लिलाम बढाबढ बिक्रीमा सबै भन्दा बढी अंक बोलकबोल गर्नु हुनेले बोलकबोल अंकको १० प्रतिशत नगद धरौटी तत्काल बुझाउनु पर्नेछ । बोलकबोल गरेको सम्पत्ति नामसारी गर्दा नियमानुसार लाग्ने सम्पूर्ण खर्च सम्बन्धित बोलकबोल सकार गर्नेले बुझाउनु पर्नेछ । बोलकबोल अंकको रकममा दिने नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षीत रहनेछ । बोलकबोल अंकमा दिने निर्णय भएपछि बोलकबोल गर्नेले बाकी रकम ७ दिन भित्र जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी रकम जफत हुनेछ भन्ने समेतको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरेका छौं ।

तपसिल

ऋणीको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
१. आवास कर्जा/कर्जा नं.: ००१HB०००००१२ **नाम : श्री मान बहादुर सतसंखर** बुबाको नाम : श्री हर्क बहादुर कामी बाजेको नाम : श्री भौंगे कामी ठेगाना : सिपाडोल वडा नं. ३ भक्तपुर हाल : कोपुण्डोल वडा नं. १० ललितपुर **तिर्नुपर्ने रकम: सूचना प्रकाशित मिति सम्म ब्याज आदि रु. ५३,१४,९६९/२२**	**१. नाम : श्री पवित्रा सतसंखर** ठेगाना : सिपाडोल वडा नं. ३ भक्तपुर हाल : कोपुण्डोल वडा नं. १० ललितपुर **२. नाम : श्री विमला सतसंखर** ठेगाना : सिपाडोल वडा नं. ३ भक्तपुर हाल : कोपुण्डोल वडा नं. १० ललितपुर

धितो सुरक्षण धनीको नाम:- श्री मान बहादुर सतसंखर र धितो राखिएको सम्पत्तिको विवरण

जिल्ला	न.पा./गा.वि.स.	वडा नं	कि.नं.	क्षेत्रफल (रोपनी)	कैफियत
भक्तपुर	सिपाडोल	साबिक वडा नं. ३	१४९८	०-३-२-२	जग्गा र लिग लगापात समेत ।
		हाल वडा नं. ८	१५००	०-३-०-१	

ऋणीको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
२. आवास कर्जा/कर्जा नं.: ००१HB०००००११ नाम : श्री पवित्रा सतसंखर बुबाको नाम : श्री मान बहादुर सतसंखर बाजेको नाम : श्री हर्क बहादुर कामी ठेगाना : सिपाडोल वडा नं. ३ भक्तपुर हाल : कोपुण्डोल वडा नं. १० ललितपुर **तिर्नुपर्ने रकम: सूचना प्रकाशित मिति सम्म ब्याज आदि रु. १९,०४,२९१/०१**	**१. नाम : श्री मान बहादुर सतसंखर** ठेगाना : सिपाडोल वडा नं. ३ भक्तपुर हाल : कोपुण्डोल वडा नं. १० ललितपुर **२. नाम : श्री विमला सतसंखर** ठेगाना : सिपाडोल वडा नं. ३ भक्तपुर हाल : कोपुण्डोल वडा नं. १० ललितपुर

धितो सुरक्षण धनीको नाम:- श्री पवित्रा सतसंखर र धितो राखिएको सम्पत्तिको विवरण

जिल्ला	न.पा./गा.वि.स.	वडा नं	कि.नं.	क्षेत्रफल (रोपनी)	कैफियत
भक्तपुर	सिपाडोल	साबिक वडा नं. ३ हाल वडा नं. ८	१४९९	०-२-२-०	जग्गा र लिग लगापात समेत ।

ऋणीको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
३. आवास कर्जा/कर्जा नं.: ००१HB०००००१० नाम : श्री विमला सतसंखर पतिको नाम : श्री मान बहादुर सतसंखर ससुरा नाम : श्री हर्क बहादुर कामी ठेगाना : सिपाडोल वडा नं. ३ भक्तपुर हाल : कोपुण्डोल वडा नं. १० ललितपुर **तिर

डिजिटल अर्थतन्त्रको मेरुदण्ड डेटा सेन्टर र क्लाउड सेवा

आर्थिक वृद्धि, नवप्रवर्तन, व्यवसाय विस्तार र सार्वजनिक सेवा प्रवाह गर्न डेटा सेन्टर र क्लाउड सेवाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने बिर्सनुहुन्न



● आनन्दराज खनाल

अग्रलेख

नेपालमा सूचना प्रविधि उद्योगका सरोकारवालाहरूलाई प्रमाणमा आधारित र अन्तर्राष्ट्रिय उत्तम अभ्यासअनुरूप नीति, कानुन तथा नियमन संयन्त्र तयार गर्न र उद्योगहरूलाई समयानुकूल बिजिनेस मोडेल अवलम्बन गर्न प्रेरित गर्नुपर्ने आवश्यकता छ। यसैक्रममा म विगत केही महिनादेखि नेपालको विद्युतीय सुशासन (इ-गभर्नेन्स/डिजिटल गभर्नेन्स) इकोसिस्टमको वर्तमान अवस्था, यसको कार्यान्वयनका क्रममा देखापरेका चुनौती, सिर्जित एवं सम्भावित अवसरबारे अध्ययन अनुसन्धान गरी दीर्घकालीन लगानी योजना विकास गर्ने कर्ममा जुटेको छु। नेपाल दूरसञ्चार प्राधिकरणमा कार्यरत रहँदा नीति, कानुन, नियमन र प्रविधि क्षेत्रमा काम गरेको, विगत २७ वर्षदेखि निरन्तर यिनै विषय प्राध्यापन गरेर अनेकौं अनुसन्धान कार्यमा संलग्न भएको, क्षेत्रीय र अन्तर्राष्ट्रिय संस्थाहरूमा संलग्न भई यिनै विषयमा काम गरेको अनुभवका आधारमा यो लेखमा डेटा सेन्टर र क्लाउड सेवाहरूका विविध पक्षलाई उजागर गर्ने प्रयास गरेको छु।


डेटा सेन्टर र क्लाउड सेवा नेपालको डिजिटल अर्थतन्त्रको कसरी एउटा सशक्त र अत्यावश्यक मेरुदण्ड हुन सक्छ भन्ने कुराको खोजी गर्न आवश्यक छ। देशको डिजिटल परिदृश्यमा देखा परेका चुनौतीलाई सम्बोधन गर्दै अवसरहरूलाई सदुपयोग गरी नेपालको डिजिटल भविष्यलाई आकार दिन सरकारको निर्णायक भूमिकाको रूपरेखा तयार पार्नसमेत यस्ता छलफल र विमर्श आवश्यक छ। आर्थिक वृद्धि, नवप्रवर्तन, व्यवसाय विस्तार र सार्वजनिक सेवा प्रवाह गर्न डेटा सेन्टर र क्लाउड सेवाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने सरोकारवालाहरूले बिर्सनुहुन्न।

विनियोजन विधेयक ०८० को सिद्धान्त र प्राथमिकता साथै आफ्नो बजेट भाषणमा अर्थमन्त्रीले आर्थिक वृद्धिलाई उत्प्रेरित गर्न डिजिटल अर्थतन्त्रको महत्त्वलाई कसरी दोहोऱ्याउनुभएको थियो भन्ने मलाई याद छ। उहाँको भनाइलाई आइआइडिएसको हालैको अध्ययनले पुष्टि गरेको छ। उक्त अध्ययनले नेपालको सूचना प्रविधि सेवा निर्यात उद्योगमा उल्लेखनीय वृद्धि भएको देखाएको छ। सन् ०२२ मा यसको आकार ५१ करोड ५० लाख अमेरिकी डलर पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा ६४.२ प्रतिशतले वृद्धि हो। देशमा १०६ वटा सूचना प्रविधि सेवा निर्यात गर्ने कम्पनीका साथै ५१ हजार सात सय ८१ सूचना प्रविधि सक्षम सेवाहरू (आइटिइनेबल सर्भिस), सफ्टवेयर विकास र प्रविधिमा संलग्न १४ हजार सात सय २८ सूचना प्रविधि फ्रिलान्सरहरूले डिजिटल प्लाटफर्महरू प्रयोग गर्दै छन्। यी निष्कर्षले डेटा सेन्टर र क्लाउड सेवाहरूको महत्त्वलाई जोड दिन्छन्, जुन यस लेखको मुख्य विषय हो।

स्मार्टफोन र सस्तो ब्रोडब्यान्ड इन्टरनेटका कारण नेपालमा इन्टरनेटको प्रयोग बढेको छ। जुलाई ०२३ को मध्यसम्ममा ब्रोडब्यान्ड घनत्व नै १३५ प्रतिशत पुगेको छ। मानिसहरूले फिक्स्ड टेक्नोलोजी जस्तै- एफटिटिएच र मोबाइल ब्रोडब्यान्ड जस्तै- थ्रिजी र फोरजी दुवैमार्फत इन्टरनेटमा पहुँच राख्छन्। यो डिजिटल परिवर्तनले सहरी तथा दुर्गम दुवै क्षेत्रलाई फाइदा पुऱ्याएको छ। डिजिटल अर्थतन्त्रमा इ-कमर्स, फिनटेक, इ-लर्निङ, डिजिटल हेल्थ, बिग डेटा, डेटा एनालिटिक्स, आइओटी, ब्लक चेन, क्रिप्टोकरेन्सी, अनलाइन गेमिङ, मनोरञ्जन, वास्तवमा तपाईं जे सोच्नुहुन्छ, त्यो अनलाइन नै हुनेछ। र, यो परिवर्तनको मूल पूर्वाधारको रूपमा डेटा सेन्टर र क्लाउड सेवा हुनेछ।

नेपालको सन्दर्भमा हेर्दा स्टार्टअपले नेपालको डिजिटल महत्त्वाकांक्षा झल्काउँछ। नेपालको डिजिटल अर्थतन्त्रमा युवा, बढ्दो मध्यम वर्ग र इ-कमर्स, फिनटेक र आइटी सेवा निर्यातजस्ता क्षेत्रमा थुप्रै सम्भावना छन्। डेटा सेन्टर र क्लाउड सेवाहरू आजको डिजिटल अर्थतन्त्रका लागि महत्त्वपूर्ण छन्, किनकि तिनले इन्टरनेटका माध्यमबाट मागअनुरूप अनेकौं स्रोत र सेवा प्रदान गर्छन्। ग्राहकको आवश्यकताअनुसार सर्भर होस्टिङ, वेभ होस्टिङ, भर्चुअल सर्भर, डेटा स्टोरेज, डेटा ब्याकअप तथा डिजास्टर रिकभरीदेखि लिएर नेटवर्किङ, साइबर सुरक्षा, म्यानेज्ड सर्भिस, एपिआईलगायत अनेकौं सेवा प्रदान गर्छन्। ती सेवा सुरक्षित, थपघट गर्न सकिने हुन्छन्। प्रयोगकर्तालाई पुँजीगत खर्च, मर्मत र सुरक्षासम्बन्धी ठूलो खर्चबाट मुक्त गर्छन्।

जसले आर्थिक वृद्धिका लागि डेटा सेन्टर र क्लाउड सेवा प्रयोग गरेका छन्, ती मुलुकले उत्पादकत्वमा वृद्धि, नवीनता, रोजगारी सिर्जना, विदेशी लगानी र सार्वजनिक सेवामा सुधारका साथै विश्वव्यापी प्रतिस्पर्धात्मकता र विपत् प्रतिरोधी क्षमताको अनुभव गरेका छन्। डेटा सेन्टर र क्लाउड सेवा डिजिटल अर्थतन्त्रको प्रगतिको मुख्य चालक हुन् भन्ने कुरा उनीहरूले स्वीकार गरेका छन्। नेपाल डिजिटल युगमा प्रवेश गर्दै गर्दा आर्थिक वृद्धि, नवीनता र लचिलोपनका लागि पनि यो पूर्वाधारमा लगानी गर्नुपर्छ। एक अनुसन्धानअनुसार सन् ०२२ मा डेटा सेन्टर बजारको आकार २६३.३४ बिलियन अमेरिकी डलर थियो र सन् ०२२-३० सम्ममा १०.९ प्रतिशतको वार्षिक वृद्धिदरले सन् ०३० सम्ममा ६०२.७६ बिलियन डलर पुग्ने अपेक्षा गरिएको छ। इस्टोनिया, सिंगापुर, अस्ट्रेलिया, भारत, अमेरिका, मलेसियाजस्ता देशले आफ्नो डिजिटल अर्थतन्त्रलाई प्रवर्द्धन गर्न र डिजिटल रूपान्तरण हासिल गर्न नीतिगत



साथै डिजिटल पूर्वाधार र प्रविधिमा पर्याप्त लगानी गरेका छन्। नवप्रवर्तन, उद्यमशीलता, क्षमता निर्माण तथा डेटा सेन्टर र क्लाउड सेवाहरूको सम्भावनाको समयानुकूल उपयोग गरेका छन्। यी देशलाई हामीले यो क्षेत्रको विकासको मोडेलको रूपमा हेर्नुपर्छ र सिक्न सक्नुपर्छ।

डेटा सेन्टर र क्लाउड सेवाका लागि नीतिगत पहल, उद्योगको वृद्धिलाई बढावा दिने नियामकीय ढाँचा र सहजीकरण साथै डिजिटल समावेशीकरणका लागि पनि समानान्तर रूपले अघि बढ्नुपर्छ। स्टार्टअप वा स्थापित उद्यमहरूको कुरा गर्दा दुवैका लागि डेटा सेन्टर र क्लाउड सेवाहरू रूपान्तरणकारी माध्यम हुन्। तिनको प्रयोगबाट व्यापार सञ्चालनमा सुधार, स्रोतमा सहज थपघट गर्न सकिने अवसर र उच्च प्रतिस्पर्धात्मकता प्राप्त हुन्छन्। तथापि विभिन्न क्षेत्र जस्तै- इ-कमर्स, फिनटेक, आइटी सेवाहरूका आ-आफ्नै चुनौती र अवसर छन्। ती भिन्न छन् र तिनका दृष्टिकोण पनि भिन्न छन्।

> डेटा सेन्टर र क्लाउड सेवाहरू आजको डिजिटल अर्थतन्त्रका लागि महत्त्वपूर्ण छन्, किनकि तिनले इन्टरनेटका माध्यमबाट मागअनुरूप अनेकौं स्रोत र सेवा प्रदान गर्छन्

डेटा सेन्टर र क्लाउड सेवाहरूले नवप्रवर्तन र उद्यमशीलता विकास गर्ने प्राविधिक र स्टार्टअपहरू, जो नेपालको डिजिटल भविष्यको आशा पनि हुन्, तिनलाई सक्षम बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन्। प्राज्ञिक तथा अनुसन्धान सेन्टरले डिजिटल सीपसहितको आवश्यक जनशक्ति उत्पादन गर्न महत्त्वपूर्ण योगदान दिन्छन्। तिनीले डेटा सेन्टर र क्लाउड प्रविधिसँग सम्बन्धित अनुसन्धान र विकास गर्ने महत्त्वपूर्ण अभिभारा लिन सक्छन्। प्राज्ञिक क्षेत्र र उद्योगबीचको सहकार्यले सैद्धान्तिक ज्ञान र व्यावहारिक प्रयोगबीचको खाडल पुर्न सक्छ।

दूरदराजका न्यून सेवा पुगेका वा सेवा नपुगेका समुदायका लागि डिजिटल समावेशीकरणमा चासो हुनेछ। आर्थिक विकासमा डिजिटल समावेशिताको प्रभाव मूर्त रूपमा देखा परेको छ।

डिजिटल रूपान्तरणमा अबको मार्ग : नेपालको डिजिटल आकाश साइबर सुरक्षाका दृष्टिले अति संवेदनशील बन्दै गएको छ। सार्वजनिक र निजी क्षेत्रका साथै व्यक्ति र संस्थाहरू साइबर आक्रमणको सिकार बन्दै गएका छन्। आर्टिफिसियल इन्टेलिजेन्स, क्लाउड कम्प्युटिङ, डाटा एनालिटिक्स र साइबरसेक्युरिटीजस्ता उदीयमान एवं उच्च-प्रविधिजन्य क्षेत्रमा दक्ष पेसाकर्मीहरूको अभावले डिजिटल इकोसिस्टमको समग्र क्षमतालाई सीमित गर्दै यी क्षेत्रहरूको विकासमा बाधा पुऱ्याउँछ।

डेटा सेन्टर र क्लाउड सेवा प्रदायकहरूले साइबर सुरक्षा, डेटा सुरक्षा र गोपनीयताको महत्त्वलाई बुझेका छन्। तसर्थ थप सुरक्षामा ध्यान दिएका हुन्छन्। तर, नेपालको साइबर स्पेसलाई थप सुदृढ बनाउन सरोकारवालाबीच सहकार्यात्मक प्रयास आवश्यक छन्। यसका लागि कानुनी, प्राविधिक र संगठनात्मक उपाय, क्षमता निर्माणका साथै राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा सञ्चार र समन्वयमा केन्द्रित हुनुपर्छ। डिजिटल साक्षरता, सीप र चेतनाका साथै डेटा गोपनीयता, साइबर सुरक्षासँग सम्बन्धित चुनौतीका बाबजुद पनि डिजिटल भुक्तानी, इ-कमर्स, इ-गभर्नेन्स, डिजिटल स्वास्थ्य, वर्क फ्रम होम, अनलाइन क्लास आदिमा डिजिटल सेवाहरूले कति फाइदा पुऱ्याउँछन् भन्ने स्पष्ट भइसकेको छ।

नेपालको डिजिटल परिदृश्यले समावेशी वृद्धिका सन्दर्भमा सहरी-ग्रामीण डिजिटल सेवा अन्तरलाई सम्बोधन गर्ने, डिजिटल पूर्वाधारमा रहेको असमानतालाई सुधार गर्ने, डेटाको बढ्दो प्रयोगकाबीचमा बलियो डेटा सुरक्षा र साइबर सुरक्षा सुनिश्चित गर्ने, प्रभावकारी डिजिटल सेवा प्रयोगका लागि डिजिटल साक्षरता प्रवर्द्धन गर्ने चुनौतीहरू सामना गर्न निजी लगानी आकर्षित गर्नुपर्छ। लगानी मैत्री नीति, कानुन तथा नियमन संयन्त्र स्थापना गर्नुपर्छ। लगानी आकर्षण गर्न, डेटा सेवा सुरक्षा सुनिश्चित गर्न क्लाउड कम्प्युटिङ, डेटा एनालिटिक्स र साइबर सुरक्षाका दक्ष जनशक्ति तयार गर्न ढिला भइसकेको छ। डिजिटल पूर्वाधार र डिजिटल सेवाको अपर्याप्तता र असमान पहुँच, सूचना प्रविधि उद्योगमैत्री नीति, कानुन तथा नियमनमा गर्नुपर्ने समसामयिक सुधार, डिजिटल मैत्री मानव संसाधनमा गर्नुपर्ने लगानीजस्ता चुनौतीका बाबजुद नेपालको डिजिटल परिदृश्यले डिजिटल विभाजनलाई कम गर्न ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोगमार्फत ग्रामीण ब्रोडब्यान्ड इन्टरनेट जडानको कार्य भइरहेको छ। आर्थिक वृद्धि र प्राविधिक विकासका लागि प्राविधिक स्टार्टअपलाई प्रोत्साहन गर्न सरकारले बजेट विनियोजनसमेत गरेको छ। डेटा सेन्टरहरूमा विदेशी लगानी आकर्षित गर्नेलगायतका विभिन्न अवसर छन्। नेपालको रणनीतिक स्थानका कारण डिजिटल पूर्वाधार, सार्वजनिक-निजी सहकार्यमार्फत नवप्रवर्तन र उद्योगको विकासलाई प्रोत्साहन गर्ने, सूचना प्रविधि र सफ्टवेयर सेवाहरूको निर्यातका लागि उपलब्ध दक्ष जनशक्तिको लाभ उठाउने, पर्यटनलगायत सबै खाले इ-कमर्स विकासका लागि प्रविधिको प्रयोग गर्ने, डेटा सेन्टर तथा क्लाउड सेवाको प्रयोग गरी प्राकृतिक प्रकोपमा समेत व्यापारको निरन्तरता सुनिश्चित गर्नुपर्छ। सरकारी सहयोग र सही नीतिगत व्यवस्थाले नेपालको डिजिटल रूपान्तरणको जग बसाउने छ। नेपालका नीति-निर्माताहरूले डेटा संरक्षण, डिजिटल सीप विकास, पूर्वाधार विकास, सार्वजनिक-निजी साझेदारी, साइबर सुरक्षा र डेटा स्थानीयकरणजस्ता प्रमुख क्षेत्रलाई समेट्ने नीतिगत, कानुनी र संस्थागत संरचना तयार गर्दै व्यापक डिजिटल रणनीति विकास गर्नुपर्छ। रणनीतिले स्टार्टअपका लागि सहयोगसहित कर प्रोत्साहन र आयात शुल्क छुट दिएर वृद्धिका लागि प्रोत्साहन गर्नुपर्छ। विदेशी लगानी आकर्षित गर्न र प्रविधि हस्तान्तरण र अन्तर्राष्ट्रिय सहकार्यका व्यापार सम्झौतालाई सहज बनाउनुपर्छ। नेपालको डिजिटल रूपान्तरणतर्फको यात्रामा उद्योगभित्रको सहकार्य र नवीनता सर्वोपरि छ। विश्वव्यापी उत्कृष्ट अभ्यासबाट प्रेरणा लिएर अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध नवप्रवर्तन सेन्टरहरू सिर्जना गर्ने प्रयास गर्नुपर्छ। संयुक्त राज्य अमेरिकाको सिलिकन भ्याली, सिंगापुरको टेक इकोसिस्टम, भारतको ब्याङ्लोर-हैदराबाद आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ। यसबाहेक, उद्योग र प्राज्ञिक क्षेत्रबीचको साझेदारीका साथै अनुसन्धान र विकासका प्रयासलाई प्रोत्साहन दिनुपर्छ। स्टार्टअप इकोसिस्टमलाई भरथेग गर्न सीप विकास र जनशक्ति तालिमका कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ। नेपाललाई दक्षिण एसियामा प्राविधि विकास र नवप्रवर्तन सेन्टरको रूपमा स्थापित गर्न विश्वव्यापी सहकार्य, अनुसन्धान र विकासका क्षेत्रमा लगानी अत्यावश्यक भएको बुझ्नुपर्छ।

(खनाल नेपाल दूरसञ्चार प्राधिकरण पूर्ववरिष्ठ निर्देशक हुन्।

---

३ प्रश्न

सर्वोच्चका पूर्वन्यायाधीश **बलराम केसी**लाई



■ सर्वोच्च अदालतबाट फैसलाको पूर्ण पाठ किन समयमै आउँदैनन् ?

पहिलो त मुद्दाको चाप धेरै र जनशक्ति एकदमै कम छ। न्यायाधीशका लागि पर्याप्त बेन्च सहायक छैनन्। न्यायाधीशले क्लज सुन्नुपऱ्यो, लेख्नुपऱ्यो, त्यसका लागि समय त लाग्छ नै। अमेरिकामा एकजना न्यायाधीशका लागि कम्तीमा चारजना सहायक हुन्छन्। फैसला लेख्न इजलास अफिसरको संख्या बढाउनुपर्ने हुन्छ। साथै, फैसलाको लेखन गुणस्तरीय बनाउन जनशक्ति पनि दक्ष चाहिन्छ।

■ समयमा नै पूर्णपाठ तयार गर्न के गर्नुपर्छ ?

पहिलो जनशक्ति थप्ने। अर्को कुरा भारत, अमेरिकामा फैसलामा केसको हिस्ट्री धेरै राखिँदैन। डाइरेक्ट विवादको विषयको कुरा लेखिन्छ। हाम्रो फैसला लेखन शैलीमा आमूल परिवर्तनको खाँचो छ। हाम्रा फैसलाको ५० प्रतिशत त केस हिस्ट्री हुन्छ। मुद्दाका पक्ष-विपक्षको जवाफ, साक्षीको व्यहोरा सबै उतारेको हुन्छ। यसलाई हटाउने हो भने पनि कार्यबोझ धेरै कम हुन्छ। भारतको 'अल इन्डिया रिपोर्ट' हेर्नुस्, त्यसमा न्यायाधीशले वादी, प्रतिवादीले पेस गरेको प्रत्येक साक्षीलाई खण्डन गरिएको हुन्छ। यो कारणले यो प्रमाण लाग्दैन, यो कारणले यो प्रमाण लाग्छ भनिएको हुन्छ। हाम्रोमा त्यस्तो छैन, थुप्रै कुरा सुधार गर्नुपर्नेछ।

अर्को फैसला तयार गर्नुपर्ने समयसीमालाई सम्भव हुने बनाउनुपऱ्यो। कानुनमा एउटा मिति तोक्ने, फैसलाचाहिँ वर्षौंसम्म नआउने स्थिति विडम्बनापूर्ण हो। जस्तो कि विश्वनाथ उपाध्यायको पालामा 'दोस्रो संसद् विघटन'को फैसलाको पूर्ण पाठ कहिल्यै आएन। नियम, ऐन, कानुनमा तोकिएको कुरा त सर्वोच्च आफैंले पनि उल्लंघन गर्न पाइँदैन। यसमा सबै अदालतको लापरबाही देखिएको छ।

■ फैसला नलेखी न्यायाधीश रिटायर्ड भए के हुन्छ ?

यस्तो त हुन्छ। सर्वोच्चमा ६५ वर्षमा न्यायाधीश निवृत्त हुन्छन्। निवृत्त हुने एक महिनाअघिसम्म पनि सुनुवाइ गरिरहेकै हुन्छन्। यस्तोमा चलन के छ भने फैसला तयार भएपछि न्यायाधीशको घरमा गएर अघिल्लो मितिको हस्ताक्षर गराइन्छ। कमजोरी के भने यसले सर्वोच्च अदालतका न्यायाधीश आफैंले फैसला लेख्दैनन् भन्ने उजागर गरिरहेको छ।

प्रेरक प्रसंग

प्रेरक शब्दको शक्ति

दुई बालक निकै घनिष्ठ थिए। एउटाको उमेर १० वर्ष थियो भने अर्को बालक ६ वर्षको थियो। एकदिन खेल्दा-खेल्दै ठूलोचाहिँ केटो इनारमा खस्न पुग्यो। सानो बालकले उसलाई निकाल्न मद्दतका लागि कोही छन् कि भनेर सबैतिर नियाल्यो, तर कोही देखेन। त्यसपछि उसले इनारको छेवैमा रहेको पानीको बाल्टी तान्ने डोरीलाई बाल्टीसहित इनारमा खसालिदियो। ठूलो केटोले डोरीलाई समायो। सानो केटोले आफ्नो भएभरको बल लगाएर डोरी तान्न थाल्यो। धेरै कोसिस गरेपछि उसले कसैगरी ठूलो केटोलाई बाहिर निकाल्न सक्यो।



गाउँमा गएर यी दुई बालकले घटनाको बेलिविस्तार लगाए। घटनाबारे सुनेपछि सबैले गाली गर्ने हुन् कि भनेर उनीहरू डराएका पनि थिए तर भयो उल्टो। सबैले उनीहरूको कुरालाई ठट्टाको रूपमा उडाए र भन्न थाले, 'कहीं ६ वर्षको केटोले यत्रो १० वर्षको केटोलाई इनारबाट तानेर निकाल्न सक्छ ?' तर, गाउँका एउटा समझदार बूढालाई भने यी बालकको कुरामा विश्वास भयो। सबैले मानेका यी बूढाले बालकको कुरा पत्याएको देखेर सबैलाई आश्चर्य लाग्यो। उनीहरूले सो वृद्धलाई सोधे, 'तपाईंलाई यति सानो केटोले यत्रो काम गऱ्यो भन्ने कसरी लाग्यो ?' बूढाले जवाफ दिए, 'यो सानो केटोले यत्रो काम किन गर्न सक्यो भने त्यस बखत त्यहाँ उसलाई तैंले यो काम गर्न सक्दैनस् भन्ने कोही पनि थिएन। साथै, ऊ आफैंले पनि मैले यो काम गर्न सक्दिनँ भन्ने ठानेन।'

शब्दमा निकै शक्ति हुन्छ। शब्दले मान्छेलाई यति धेरै प्रेरित गरिदिन सक्छ कि व्यक्तिले असम्भवलाई पनि सम्भव बनाइदिन सक्छ। हतोत्साहित गरिदिँदा सम्भवलाई पनि असम्भव ठान्न सक्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जनताको पैसाको रक्षा गर

अहिलेसम्म देश र जनताका लागि राजनीतिक पार्टी र नेताले भ्रष्टाचारबाहेक केही नगरेको र पछिल्लो समय बैंकका सञ्चालक, सिइओ र राष्ट्र बैंकका गभर्नरसमेत मिलेर जनताको चरम शोषण हुने गरी आर्थिक दोहन भइरहेकाले देशको अर्थतन्त्र संकटापन्न भएको छ। जिम्मेवारी पाएका सबैमा गर्नुपर्ने एउटै काम नगर्ने अनि आफूले आफूलाई मपाईं ठान्ने गरेको पाइयो। भएभरको पैसा जग्गा र सेयरमा लगानी गरी अनुत्पादक क्षेत्रलाई बढावा दिइयो।

उद्योग, व्यवसाय गर्न खोज्नेहरू महँगो ऋणका कारण डुबे। सहकारीहरू सोझासाझा जनताको पैसा कुम्ल्याउने केन्द्र बने। यी सबै कुराले मुलुकको आर्थिक दुरावस्था कतै सरकारको नियन्त्रभन्दा बाहिर त गइसकेको छैन भन्ने आशंका उत्पन्न भएको छ। जनताको पैसा बचाउँदा मात्रै मुलुकको अर्थतन्त्र पनि बच्नेछ। हेक्का रहोस्।

● **अशोककुमार अग्रवाल**, काठमाडौं

सहकारीको ठगी नियन्त्रण गर

सहकारीका ठगी धन्दाले यो मुलुकलाई नै धराशयी बनाउन सक्ने जोखिम बढ्दै गएको छ। एकातिर, थोपा-थोपा बचत गरेका बचतकर्ताको अर्बौं रकम हिनामिना भइरहेको छ भने अर्कातिर लघुवित्त र सहकारीका चर्को ब्याजदरबाट विपन्न जनता मारमा छन्। यस्तोमा लाखौं विपन्न जनताले आत्महत्या गर्नुपर्ने स्थिति पैदा हुँदै गएको छ। जनताको पैसा हिनामिना गर्नेलाई कडाभन्दा कडा कारबाही गरियोस्।

● **रामजी प्रसाई**
काँडाघारी, काठमाडौं

न्यायाधीशबाटै अन्याय

न्यायाधीशहरूले कानुनले तोकेको समयमा फैसलाको पूर्णपाठ तयार नगरिदिनु कानुनको गम्भीर उल्लंघन हो। यसबाट न्यायाधीशबाटै न्याय अन्यायमा परेको महसुस भएको छ। कानुनको पालना अक्षरशः गर्नुपर्ने न्यायाधीशले नै कानुनका प्रवधान उल्लंघन हुनुलाई गम्भीर मान्नुपर्ने हुन्छ। यसलाई न्यायिक विचलन नै भन्न सकिन्छ। न्यायाधीश आफ्नो कर्तव्यबाट विमुख हुनु अपाच्य विषय होइन र ?

● **सविना खत्री**
तारकेश्वर, काठमाडौं

कांग्रेसले खाणको मुद्दालाई प्रभावित नगरोस्

यतिखेर तीन करोड नेपालीको आँखा मंसिर २८ गतेको अदालती सुनुवाइतर्फ मोडिएको छ। उक्त दिन पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई उच्च अदालत पाटनमा तेस्रो न्यायाधीशसमक्ष पेस गरिँदै छ। तेस्रो न्यायाधीशले पहिला आदेश गरेका दुईजना न्यायाधीशमध्ये जसको आदेशलाई समर्थन गर्छन्, उसैको आदेश बहुमतको आदेश मानिनेछ।

दुईमध्ये एक न्यायाधीशले खाणलाई थुनामै राखेर र अर्कोले ३० लाख धरौटी मागेर तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्न आदेश गरेका थिए। मंसिर २८ गते बिहान १० बजे गोलाप्रथाबाट तेस्रो न्यायाधीश छानिनेछन्। उनले नै थप सुनुवाइ गरी बहुमतको आदेश जारी गर्नेछन्। यस्तो मुद्दामा तेस्रो न्यायाधीश बन्न प्रायः कोही पनि उत्सुक हुँदैनन्। किनकि एकातिर जनभावना र देशको प्रतिष्ठा अनि अर्कोतिर राजनीतिक दबाब र करिअर हुन्छ।

तेस्रो न्यायाधीशले मानसिक रूपमा निकै दबाब महसुस गर्ने पक्का छ। तथापि उनले देश र जनताको हितका साथै न्यायलाई शिरमा राखेर आदेश दिनुपर्नेछ। यो प्रकरणलाई तीन करोड नेपालीले निकै चासोको साथ हेरिरहेका छन्। न्यायाधीशलाई त्रसित बनाउने र न्यायलाई प्रभावित गर्ने काम कसैबाट नहोस्। जसले न्यायलाई प्रभावित गर्ने काम गर्नेछ, उसलाई जनताले दण्डित गर्नेछन्। सत्तारुढ नेपाली कांग्रेसले खाणको मुद्दालाई प्रभावित गर्ने काम नगरोस्।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी

यसकारण महुआ मोइत्राको पक्षमा

आसपासे पोस्ने पुँजीवादको विकासविरुद्ध मुखर हुनु राष्ट्रिय हित र चासोको विषय हो। मोइत्रालाई निष्कासन गर्दा प्रश्नहरू हट्नेछैनन्।



देश/विदेश

● वृन्दा करात

मुक्तकण्ठले महुआ मोइत्राको प्रशंसा गर्छु। मोइत्रा र म फरक पार्टीका हौं। उनको पार्टीलाई लिएर मेरा कैयौं मतभिन्नता छन्। तर, म यो लेखमा यी भिन्नताबारे चर्चा गर्ने छैन। केही यस्ता मुद्दा हुन्छन्, जहाँ राजनीतिक भिन्नताका बाबजुद पनि हामी सबैले मुखर हुनुपर्छ। मोइत्राले व्यापक लिंगभेद, चरित्र हत्या, असभ्य टिप्पणी र दुराशयपूर्ण चियोचर्चोको सामना गरेकी थिइन्। वास्तवमा यो व्यवहारबाट मुलुकका लगभग सबै महिला कुनै न कुनै रूपले प्रताडित छन्। तर, मोइत्राको मामिला प्रताडनामा मात्रै सीमित छैन, उनीप्रति भएको लिंगभेदी र स्त्रीद्वेषी व्यवहार नै उनको संसद् निकालाको कारण बन्यो। यदि हामी महिलाको हैसियतमा सरकारको कार्यको निन्दा गर्न एकजुट हुँदैनौं भने हाम्रो मौनताले महिलाको भावी पुस्तालाई सार्वजनिक जीवनमा प्रवेश गर्नबाट निरुत्साहित गर्नेछ। संसद्को अघिल्लो अधिवेशनमा सरकारले महिला संघर्षका कारण आएको महिला आरक्षण विधेयकको श्रेय लिएर झुटो दाबी गरेको थियो। तर, अहिले सरकारले हाम्रो लोकतन्त्रको छविलाई धमिलो पार्दै लिंगभेदी व्यवहारमा नयाँ कीर्तिमान कायम गरेको छ। सत्ताको विषाक्त अभियानका बाबजुद मोइत्राले अटल साहस देखाएकी छिन्। बधाई छ महुआ मोइत्रा। यसअघिका सांसदलाई आफ्नो दलिल पेस गर्ने मौका नदिई निष्कासन गरेको उद्धृत गर्नु वा महुआलाई आफ्नो प्रतिरक्षा गर्ने मौका नदिन परम्पराको प्रयोग गर्नु अन्याय हो।

डिसेम्बर २००५ मा कोब्रापोस्ट स्टिङ अपरेसनले ११ सांसदले संसद्मा प्रश्न उठाउन रकम स्वीकार गरेको खुलासा गरेको थियो। यी ११ मध्ये ६ जना भाजपाका, तीनजना बसपाका र एक-एकजना आरजेडी र कंग्रेसका थिए। तत्कालीन सभामुख सोमनाथ चटर्जीको नेतृत्वमा रहेको समितिले यी सांसदलाई निष्कासन गर्न सिफारिस गरेको थियो। लोकसभा मतदानका क्रममा लालकृष्ण आडवाणीको नेतृत्वमा भाजपाले सांसदको बचाउ गरेका थिए, अर्थात् उनका अनुसार सांसदका गतिविधि भ्रष्टाचार नै भए पनि सजाय कठोर थियो। स्मरण रहोस्, त्यतिबेला प्रमाण सबैभाझ स्पष्ट थियो।

ठीकविपरीत मोइत्राका मामिलामा मोइत्राले संसद्मा 'प्रश्न गरेबापत नगद' लिएको कुनै प्रमाण छैन। प्रमाण नभएकै कारण मोइत्राविरुद्ध सिबिआई जाँचको सिफारिस गरिएको छ। जाँचको नतिजा नपर्खीकन हतारोमा गरिएको निष्कासनले प्रश्न खडा गरेको छ। मोइत्राले उनले पाउने 'महँगो' उपहार देखाएर उनीविरुद्ध आक्रमण गर्ने गरिन्छ, जबकि प्रधानमन्त्री नरेन्द्र मोदीको महँगो मोनोग्राम सुटमा कुनै छानबिन नै भएन। छानबिनको नतिजा नआई मोइत्राले गरिएको निष्कासनले लैंगिक पूर्वाग्रह झल्काउँछ।

सत्ताको नजरमा महुआ मोइत्रा बृहत् सन्देश प्रवाह गर्नका लागि तयार पारिएकी सौम्य लक्ष्य थिइन्। अर्थात् नाम लिनै नमिल्नेको नाम ललकारे त्यसको परिणाम व्यहोर्नुपर्छ भन्ने थियो। मोइत्राविरुद्ध उजुरी गर्ने भाजपा सांसद निशिकान्त दुबेले नै यो वर्षको मार्चमा मोइत्रा र झारखण्डकी एक महिला विधायकलाई 'वेश्या'सँग तुलना गरेका थिए। एमबिए गरे भनेर दाबी गरेका दुबेको शैक्षिक प्रमाणलाई यी दुई महिलाले प्रश्न गरेका थिए र जवाफमा उनले ट्विट गर्दै दुवै महिलालाई 'वेश्या'सँग तुलना गरेका थिए। यसका बाबजुद उनलाई उनका पार्टीका नेताले कुनै कारबाही गरेनन्।

दुबेले स्रोतको सूचनालाई उद्धृत गर्दै मोइत्राविरुद्ध लगाएको भ्रष्टाचारको आरोपको पछाडि स्पष्ट उद्देश्य रहेको दाबी गर्दै सार्वजनिक रूपमा दुबेको सामना गरेकी थिइन्। दुबेको सामना गर्दा उनले आफूविरुद्ध



तस्बिर : पिटिआई

सूचना दिने व्यक्ति आफूले 'तिरस्कार गरेको प्रेमी' भएको र उसको नियत आफ्नो कुण्ठा पोख्नु रहेको दाबी गरेकी थिइन्। सम्भवतः पहिलोपटक होला एक महिला सांसदले सार्वजनिक रूपमा आफ्नो अन्तरंग सम्बन्ध खुलाएकी थिइन्। मोइत्रालाई तारो बनाउने पुरुष वर्चस्ववादीको कपट स्पष्ट थियो, किनभने यी पुरुषको एजेन्डा व्यक्तिगतस्तरमा आक्रमण गर्नु थियो। मोइत्राको गोप्य र व्यक्तिगत तस्बिरलाई इन्टरनेट ट्रोलले सामाजिक सञ्जालमा फैलाएका थिए, जहाँ तस्बिरका मुनि भद्दा लैंगिक विभेदी टिप्पणी गरिएका थिए। यी ट्रोलका अनुसार महिला पवित्र, विनम्र र आज्ञाकारी हुनुपर्ने हुन्छ, जसको शिर छोपिएको र नजर भुइँतिर हुनुपर्छ, जहाँ महिला आफ्नो लोग्नेलाई पछ्याउँछिन्। यो अवस्थामा ट्रोलका लागि सार्वजनिक रूपमा सिगार सल्काउने वा वाइनको गिलास समातेको तस्बिर साझा गर्नुभन्दा राम्रो मौका के हुन सक्छ ? यी ट्रोलका लागि सबैभन्दा आपराधिक नैतिकता भनेको महुआ मोइत्राले छनोटको पोसाक पहिरिनु थियो। यी धारणाले गम्भीर पूर्वाग्रह र यसबाट सञ्चालित दोहोरो मापदण्डलाई जोड दिन्छ।

लाजमर्दो के भयो भने नैतिकता समिति आफैंले

एआई नियमन गर्ने विश्वको पहिलो कानुन ल्याउँदै युरोपेली संघ

युरोपेली संसद् र युरोपेली संघका सदस्य राष्ट्रबीच ३७ घन्टा लामो 'म्याराथन' वार्तापछि कृत्रिम बौद्धिकता अर्थात् आर्टिफिसियल इन्टिलिजेन्स (एआई)लाई नियमन गर्ने विश्वको पहिलो बृहत् कानुनमा सहमति भएको छ। युरोपेली आयुक्त थियरी ब्रेटनले यस सम्झौतालाई 'ऐतिहासिक' भएको बताए। योसँगै द्रुत गतिमा विकास भइरहेको एआईले आममानिसको जीवनमा पार्न सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्ने दौडमा युरोपेली संघले अमेरिका, चीन र बेलायतलाई उछिनेको छ। सहमति भएको नयाँ कानुन युरोपमा सञ्चालन हुने ट्विटर, टिकटक र गुगलजस्ता सोसल मिडिया र सर्च इन्जिनहरूमा पनि लागू हुनेछ। सम्झौतालाई अन्तिम रूप दिन सयजना मानिस झन्डै तीन दिनसम्म एउटै कोठामा रहेर काम गरेको ब्रेटनले बताए। यस सहमतिका लागि भएको वार्तालापलाई सहजीकरण गरेका स्पेनका एआई हेर्ने राज्य सचिव कार्म आर्टिगासका अनुसार फ्रान्स र जर्मनीले पनि सम्झौतामा समर्थन जनाएका छन्। यी दुई देशका प्राविधिक कम्पनीले साना कम्पनीबीच नवप्रवर्तन वृद्धि गर्न कानुनलाई कमजोर बनाउनुपर्ने भन्दै दबाब दिएका थिए, वार्तामा संलग्न अधिकारीका अनुसार यो कानुन छिटोमा सन् २०२५ मा मात्र कार्यान्वयनमा जानेछ।

एआई नियमन गर्ने नयाँ कानुन निर्माणका लागि युरोपेली संसद् र युरोपेली संघ सदस्य राष्ट्रबीच भएको राजनीतिक सम्झौता एक लामो संघर्षपछि मात्र हासिल हुन सकेको हो। विवादको एक प्रमुख विषय नियमनले विशिष्ट काममा मात्र केन्द्रित हुने एआईलाई समेट्ने कि सबैखालका एआईलाई बाँध्ने भन्नेमा थियो। अहिले समग्र एआईलाई नियमनले समेटिएको छ। त्यस्तै एआई-निर्देशित निगरानीलाई कसरी सम्बोधन गर्ने भन्ने विषयले पनि वार्ता लम्ब्याएको थियो। पछिल्लो समय प्रहरी, रोजगारदाता वा खुद्रा विक्रेताले सिसिटिभीमा मानिसको अवलोकन गर्ने प्रचलन आम भइसकेको छ। त्यसमा थप एआईलाई जोडेर सिसिटिभीमा देखिएका व्यक्तिमा आउने भावनात्मक उतारचढाव पहिचान गर्ने र सोअनुसार व्यक्तिको मनोवृत्ति अनुमान गर्ने प्रचालन सुरु भएको छ। युरोपेली संसद्ले सिसिटिभीमा एआई प्रविधि प्रयोग गरेर मानिसको



भावनात्मक स्थिति पहिचान गर्दै निगरानीको प्रयोगमा प्रतिबन्ध लगाउने भएको छ। तथापि यसमा तीन अपवाद तोकिएको छ। विशेषतः प्रहरीले ठूलो आतंकवादी आक्रमण हुने सूचना पाएपछि शंकास्पद व्यक्तिको पहिचान गर्न, कुनै अपराधका पीडितको खोजी र गम्भीर अपराधको दण्डसजाय सुनाउनुपर्ने अवस्थामा यस प्रविधि प्रयोग गर्ने छुट राखिएको छ।

एआईलाई निमयन गर्न युरोपेली संसद्का तर्फको वार्ताटोलीको सहनेतृत्व गरेका युरोपेली संसद् का सदस्य ब्रान्डो बेनेफेईले प्रहरीलाई दिइने छुटको दुरुपयोग रोक्न 'अनुमानित निगरानी'का लागि एक 'स्वतन्त्र अधिकारीले' अनुमति दिनुपर्ने व्यवस्था कानुनमा गरिएको बताए। बेनेफेईले एआईलाई नियमन गर्न चार वर्षदेखि संघर्ष गरिरहेका रोमानियाका युरोपेली संसद् सदस्य ड्रागोस टुडोर्चेसँग मिलेर काम गरेका थिए। 'हाम्रो एउटै उद्देश्य थियो, युरोपमा सञ्चालन हुने एआई मानव केन्द्रित दृष्टिकोणमा विकास होस् भन्ने सुनिश्चित गर्ने कानुन बनाउने, जसले मौलिक अधिकार, मानव मूल्यहरूलाई सम्मान गरोस्। विश्वासको वातावरण अभिवृद्धि गरोस्। अर्थात्, समग्रमा यस्तो सचेतना विकास गर्ने, जसले हाम्रो आँखा अघि घटिरहेको एआई क्रान्तिलाई सक्दो उपलब्धिपूर्ण बनाउने गरी अघि बढाउन सकौं,' ब्रसेल्समा मध्यरातमा आयोजित पत्रकार सम्मेलनमा बेनेफेईले भने। 'हामीले कहिल्यै प्रहरीलाई अपराधविरुद्ध लड्न आवश्यक उपकरणसम्म पहुँच रोक्नेबारे सोचेनौं। उनीहरूलाई ठगीविरुद्ध लड्न आवश्यक पर्ने उपकरण, नागरिकहरूको जीवन सुरक्षित गर्न आवश्यक पर्ने उपकरणहरू हामी खोस्नेछैनौं। हामीले मुख्यतः भविष्यमा अपराध गर्न सक्ने भनेर पूर्वानुमान गर्ने दाबी गरिएका एआई प्रविधिमा प्रतिबन्ध गर्न चाहेका थियौं र हामीले त्यो हासिल गरेका छौं।

> युरोपेली संसद् र संघका सदस्य राष्ट्रबीच भएको सम्झौताअनुरूप बन्ने कानुनले एआई, सामाजिक सञ्जाल र सर्च इन्जिनलाई नियमन गर्नेछ।

सम्झौताको मुख्य आधार बनाइएको छ- बढी जोखिमयुक्त क्षेत्रमा प्रयोग हुने एआईमा सबैभन्दा बढी नियमन गर्ने तहगत प्रणाली। अर्थात्, सबैभन्दा बढी स्वास्थ्य, सुरक्षा र मानव अधिकारमा क्षति पुऱ्याउन सक्ने मेसिनहरूमा उच्चतम स्तरको नियमन लागू हुनेछ। कानुनको मूल पाठमा १० हजारभन्दा बढी व्यावसायिक प्रयोगकर्ता भएका सबै प्रणालीमा सबैभन्दा उच्च नियमनको परिकल्पना गरिएको थियो। तर, अन्तिममा भएको सहमतिमा सबैभन्दा उच्चतम जोखिम वर्गमा मेसिनलाई तालिम दिन प्रयोग गरिने कम्प्युटर 'ट्रान्जेक्सन'को संख्यामा आधारित बनाइएको छ, जसलाई 'फ्लोटिङ पोइन्ट अप्रेसन पर सेकेन्ड 'फ्लप्स' भनिन्छ। स्रोतका अनुसार त्यस परिभाषामा अहिले एउटा मात्र मोडेल जिपिटी ४ पर्छ। न्यून तहको नियमन लागू भएका एआई सेवाहरूमा पनि गम्भीर दायित्व तोकिएको छ। यसमा समाचार आलेख लेख्नेदेखि क्यान्सर उपचारमा प्रयोग हुने मेसिनलाई सो काम गर्न सिकाउने कस्ता डेटा भएका छन्, त्यो सार्वजनिक गर्नुपर्ने आधारभूत नियम समावेश छन्।

'हामी एआईलाई वास्तविक नियमन गर्ने कानुन बनाउने विश्वमै पहिलो भएका छौं। यो एआईको उच्च प्रयोग हुने भविष्यको डिजिटल विश्वका लागि अति आवश्यक छ। यसले एआई प्रविधिको विकासलाई मानव-केन्द्रित दिशामा मार्गदर्शन गर्नेछ भन्ने हाम्रो अपेक्षा छ,' टुडोराकले भने। टुडोराकले विगतमा आफूहरूले बनाउने एआईसम्बन्धी कानुन बनाउँदा फेसबुकजस्ता 'टेक जायन्ट'को नियमनमा भएका गल्ती नदोहोऱ्याउन कटिबद्ध रहेको बताउने गर्थे। विशेषतः फेसबुकजस्ता सामाजिक सञ्जाल अर्बौं डलरको कर्पोरेसन बनिरहँदा त्यसमा कस्तो सामग्री राख्न पाउने, कस्तो नपाउने भन्नेमा नीति-निर्माता रनभुल्लमा रहे। यसले हाल यी प्ल्याटफर्ममा सहजै भड्काउ सामग्री राख्न सकिन्छ। त्यस्तै यसलाई चुनावलाई प्रभावित बनाउन र बाल यौनशोषण गर्न प्रयोग गर्न सकिन्छ।

युरोपेली संघको कठोर र व्यापक नियमनले 'एआई नियमन गर्नेबारे सोचविचार गरिरहेका अन्य धेरै सरकारलाई बलियो उदाहरण पेस भएको छ,' कोलम्बिया ल स्कुलका प्राध्यापक अनु ब्राडफोर्डले भने। युरोपेली संघ र यसको डिजिटल नियमनका विशेषज्ञ रहेका ब्राडफोर्डका अनुसार अन्य देशले युरोपेली संघको एआईसम्बन्धी कानुनका 'हरेक प्रावधानको नक्कल नगरे पनि यस धेरै पक्षहरूको अनुकरण गर्ने' सम्भावना रहेको बताए। युरोपेली संघभित्र नियमन खेपेपछि एआई कम्पनीहरूले अन्यत्र पनि त्यस्ता कानुनको विस्तार हुने सम्भावनामा त्यसको तयारी गर्ने ब्राडफोर्डको ठम्याइ छ। 'अब फरक बजारका लागि फरक मोडलहरू निर्माण गर्नु त्यति प्रभावकारी पनि हुँदैन,' उनले भनिन्।

- द गार्जियनबाट

विश्व संक्षेप

म्यानमार बन्यो विश्वको सबैभन्दा ठूलो अफिम उत्पादक मुलुक

नेपिड / म्यानमार अफगानिस्तानलाई उछिन्दै सन् २०२३ को सबैभन्दा ठूलो अफिम उत्पादक मुलुक बनेको छ। यो तथ्यांक सार्वजनिक गर्ने संयुक्तराष्ट्र संघीय रिपोर्टअनुसार तालिवानको सत्ता फिर्तिपछि अफिममा प्रतिबन्ध लगाएपछि अफगानिस्तानमा अफिम उत्पादन ९५% ले घटिसकेको छ। यही गिरावटले म्यानमार अगाडि आएको हो। म्यानमारमा सन् २०२१ को सैन्य कुपछि उत्पन्न पछिल्लो राजनीतिक, सामाजिक र आर्थिक अस्थिरताका बीच धेरैले अफिम उत्पादन गर्न थालेको संयुक्तराष्ट्र संघीय लागुऔषध तथा अपराध कार्यालय(युएनओडिसी)ले मंगलबार भन्यो। सन् २०२२ देखि सन् २०२३ बीचमा म्यानमारमा अफिमखेती गरिने जमिन १८ प्रतिशतले बढेर ४० हजार हेक्टरबाट ४७ हजार हेक्टर पुगेको रिपोर्टमा उल्लेख छ। म्यानमारमा अफिम उत्पादन उत्तरी सान प्रान्तको सीमावर्ती क्षेत्रमा बढी विस्तार भएको देखिन्छ। सानपछि चीन र कचिन क्षेत्रमा उत्पादन वृद्धि देखिन्छ। म्यानमारको उत्तरपूर्वी भेग म्यानमार, लाओस र थाइल्यान्डको सीमाक्षेत्र जोडिएको कुख्यात 'गोल्डेन ट्राइंगल'को हिस्सा हो। यस भेगमा सरकारको न्यून उपस्थितिका कारण ऐतिहासिक रूपमा अफिम र हेरोइनको उच्च उत्पादन हुँदै आएको छ।

भियतनाम भ्रमणमा सी

हनोई / चीनका राष्ट्रपति सी जिनपिङ राजकीय भ्रमणका सिलसिलामा मंगलबार भियतनाम पुगेका छन्। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा राष्ट्रपति सी जिनपिङलाई भियतनामले मंगलबार रातो कार्पेट ओछ्याएर न्यानो स्वागत गरेको छ। द्विपक्षीय सम्बन्ध र सहयोग विस्तार गर्ने उद्देश्यले सीको राजकीय भ्रमण भएको चीनको विदेश मन्त्रालयले जानकारी दिएको छ। दुईदिने भ्रमणका क्रममा दुवै पक्षले चीन-भियतनाम सम्बन्धको स्तरोन्नति गर्ने र दुई देशबीचको व्यापक रणनीतिक सहयोगलाई थप सघन र ठोस बनाउनेबारे छलफल गर्ने चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले बताए।

पाकिस्तानी सेनाको आधार शिविरमा आक्रमण, २५ जनाको मृत्यु

इस्लामाबाद / पाकिस्तानी सेनाको आधार शिविरमा मंगलबार भएको आत्मघाती बम विस्फोटमा कम्तीमा २५ जनाको मृत्यु भएको छ। आक्रमणको जिम्मेवारी पाकिस्तानी तालिबान (तेहरिक ए जिहाद) समूहले लिएको छ। आक्रमण अफगानिस्तानसँग सीमा जोडिएको खैबर पख्तुनख्वा प्रान्तको डेरा स्माइल खान जिल्लास्थित शिविरलाई भएको थियो। आक्रमण बिहानको २ बजेआसपास भएकाले सेनाहरू सुतिरहेको र यसैले धेरैको हताहती भएको बताइएको छ। आक्रमणका लागि विस्फोटक पदार्थले भरिएको गाडी सो अस्थायी सैन्य आधारमा पसाएर विस्फोट गराइएको थियो। घटनामा २७ जना घाइते भएकोसमेत बताइएको छ। ठूलो विस्फोटका कारण शिविरका तीनवटा कोठा भत्किएका छन्। मृतकको संख्या थप बढ्ने आकलन गरिएको छ। सन् २०२१ मा तालिबान सत्तामा फर्किएदेखि पाकिस्तान -अफगानिस्तानका सीमाक्षेत्रमा आक्रमणमा वृद्धि भएको छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०८/२७

तपसिलमा उल्लिखित तपाई ऋणीले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दे-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

क्र.सं	ऋणीहरुको विवरण	धनजमानीकर्ताहरुको विवरण
१.	**कृष्मा किराना स्टोर** **प्रा.फ.र.नं.** : ४८८४३/०७७/७८ ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही स्थायी लेखा नं. : ६१४३४२४६० **प्रोप्राइटर/धनजमानीकर्ता: सरु राना** **ना.प्र.नं.** : १७१०२३/२/३७२०० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : केशब राना ससुरा : अम्बर बहादुर राना ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही। **शाखा कार्यालय : भैरहवा** **कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा (फर्मको नाममा) तथा ओडि कार्ड (प्रोप्राइटरको नाममा)**	**केशब राना** **ना.प्र.नं.** : १५३० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : अम्बर बहादुर राना बाजे : तिलकविर ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही। **किरिष्मा राना** **ना.प्र.नं.** : ३७-०१-७६-०९४१२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : केशब राना बाजे : अम्बर बहादुर राना ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही।
२.	**कृर्तिका फलफूल तथा तरकारी पसल** **प्रा.फ.र.नं.** : ५०३८१/०७७/७८ ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही स्थायी लेखा नं. : ६१५५५६२४२ **प्रोप्राइटर/धनजमानीकर्ता: किरिष्मा राना** **ना.प्र.नं.** : ३७-०१-७६-०९४१२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : केशब राना बाजे : अम्बर बहादुर राना ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही। **शाखा कार्यालय : भैरहवा** **कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (KWEL)**	**केशब राना** **ना.प्र.नं.** : १५३० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : अम्बर बहादुर राना बाजे : तिलकविर ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही। **सरु राना** **ना.प्र.नं.** : १७१०२३/२/३७२०० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : केशब राना ससुरा : अम्बर बहादुर राना ठेगाना : सिद्धार्थनगर न.पा-०७, रुपन्देही।
३.	**अश्मित ब्रदर्श सप्लायर्स** **प्रा.फ.र.नं.**: १८९३५/०७७/०७८ ठेगाना : पोखरा-१७, कास्की जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की स्थायी लेखा नं.: ११९३५२०८७ **प्रोप्राईटर/धनजमानीकर्ता : भगवती शर्मा पौडेल (अधिकारी)** **ना.प्र.नं.** : १४०८८२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की पति : नवराज पौडेल ससुरा : नन्द प्रसाद शर्मा ठेगाना : सल्यान-०८, हाल पोखरा-१७, कास्की **शाखा कार्यालय : न्यूरोड पोखरा** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (अधिविकर्ष तथा आवधिक) फर्मको नाममा तथा व्यक्तिगत इक्विटी कर्जा प्रोप्राइटरको नाममा**	**डिल कुमारी शर्मा** **ना.प्र.नं.** : ४६-०१-७४-००२२३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की पति : नन्द प्रसाद शर्मा ससुरा : चक्रपाणी ठेगाना : अन्नपूर्ण-०४, हाल पोखरा-१७, कास्की। **नवराज शर्मा (पौडेल)** **ना.प्र.नं.** : ७५४२३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की बाबु : नन्द प्रसाद शर्मा बाजे : चक्रपाणी ठेगाना : अन्नपूर्ण-०४, हाल पोखरा-१७, कास्की।
४.	**अंकित ब्रदर्श स्टोर्स** **प्रा.फ.र.नं.**: २१५४९/०७७/०७८ ठेगाना : पोखरा-१७, कास्की जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की स्थायी लेखा नं.: ६१४९६१२१० **प्रोप्राईटर/धनजमानीकर्ता : डिल कुमारी शर्मा** **ना.प्र.नं.** : ४६-०१-७४-००२२३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की पति : नन्द प्रसाद शर्मा ससुरा : चक्रपाणी ठेगाना : अन्नपूर्ण-०४, हाल पोखरा-१७, कास्की। **शाखा कार्यालय : न्यूरोड पोखरा** **कर्जा शीर्षक : सहुलियत ब्याजदर कर्जा (KWEL)**	**नवराज शर्मा (पौडेल)** **ना.प्र.नं.** : ७५४२३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की बाबु : नन्द प्रसाद शर्मा बाजे : चक्रपाणी ठेगाना : अन्नपूर्ण-०४, हाल पोखरा-१७, कास्की। **भगवती शर्मा पौडेल (अधिकारी)** **ना.प्र.नं.** : १४०८८२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की पति : नवराज पौडेल ससुरा : नन्द प्रसाद शर्मा ठेगाना : सल्यान-०८, हाल पोखरा-१७, कास्की

नोट : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।

इतिहासमा आज



सन् १९३७ : जापानको औपनिवेशिक शक्ति शिखरमा हुँदा जापानी सेनाले चीनको नान्जिङ कब्जामा लियो।

सन् १९८१ : पोलिस सरकारविरुद्ध हडताल गरेको आरोपमा मजदुर नेता लेक बालेसाले पक्राउ परेसँगै कम्युनिस्ट सरकारले देशमा सैनिक शासन लागू गऱ्यो।

सन् २००१ : आतंकवादीहरूले भारतको संसद् भवनमा आक्रमण गर्दा पाँच आक्रमणकारीसहित १४ जनाको ज्यान गयो।

सन् २००३ : अमेरिकाले इराकमा आक्रमण सुरु गरेदेखि बेपत्ता रहेका अपदस्थ इराकी राष्ट्रपति सद्दाम हुसेन उनको गृहनजर टिक्रिटनजिक सुरुडमा लुकेको अवस्थामा फेला परे। तीन वर्षपछि हुसेनलाई मानवताविरुद्धको अपराधका लागि दोषी ठहऱ्याउँदै मृत्युदण्ड दिइयो।

बिमालेख हरायो

मिति २०८०/६/२५ गते बुढानिलकण्ठ देखि रत्नपार्क सम्म जाँदा एलआईसि नेपाल लिमिटेडबाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : सुरेन्द्र ठकुरी
बीमालेख नं. : 251800948
सम्पर्क नं. : 9851059982

NOC हरायो

मिति २०८०/७/१ गते कपनदेखि चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको NOC (No Objection Certificate) सर्टिफिकेट हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

Name : Danen Chawa Sherpa
NOC No. : 787431
Address : Sankhuwasabha
Contact : 9840879276

इर्ता नं. ०१/७७७/७८
राष्ट्रिय समृद्ध आवास विशिष्टिकृत सहकारी संघ लि.
काठमाण्डौं महानगरपालिका:-१० ,काठमाण्डौं, नेपाल

तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस राष्ट्रिय समृद्ध आवास बिशिष्टिकृत सहकारी संघ लि. को मिति २०८०/८/२० गते बसेको सञ्चालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको संयुक्त बैठकको निर्णय अनुसार संघको तेस्रो वार्षिक साधारण सभा देहायका कार्यसूची माथि छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले यस संघमा आवद्ध त्यस सहकारी संस्थाबाट तोकिएको प्रतिनिधिज्यूको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

छलफलका विषयहरु

१) आ.व. २०७९/०८० को सञ्चालक समितिको तर्फबाट महासचिवको वार्षिक प्रतिवेदन तथा आ.व. २०८०/०८१ को प्रस्तावित कार्यक्रम सम्बन्धमा।
२) आ.व. २०७९/०८० को सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा चालु आ.व. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा।
३) आ.व. २०७९/०८० को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
४) आ.व. २०७९/०८० को वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
५) आ.व. २०८०/०८१ को वार्षिक लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा।
६) साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट सम्बन्धमा।
७) विविध सम्बन्धमा

कार्यक्रम :

मिति : २०८० पौष २० गते शुक्रबार
समय : दिउँसो ठीक १:०० बजे
स्थान : हिमालयन दृश्य रिसोर्ट, धुलिखेल

विकल्प पाठक
महा-सचिव

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैक लिमिटेड, महेन्द्रनगर शाखाको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०८/२७ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लेखित ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागी सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत /संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

क्र.सं.	ऋणीहरूको नाम, थर र ठेगाना :
१	हर्के सुनारको नाती, नारायण सिंह सुनारको छोरा, कञ्चनपुर जिल्ला, महाकाली न.पा. वडा नं. ०६ बस्ने **विर सिंह सुनार ...१** तथा हर्के सुनारको नाती, नारायण सिंह सुनारको छोरा, कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स. वडा नं. ०३ बस्ने **दुर्ग बहादुर सुनार..१** तथा जयराम सुनारकी छोरी, नारायण सिंह सुनारकी श्रीमती कञ्चनपुर जिल्ला, दोधारा गा.वि.स. वडा नं. ०३ बस्ने **चन्द्रकली सुनार..१ समेत जना ३**
२	प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, महेन्द्रनगर, कञ्चनपुरमा प्रा.फ.नं. ३८/१४५८/०६६/६७ कायम भई मिति २०६६/०५/१९ मा दर्ता भएको कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ स्थित **महाकाली कन्सट्रक्सन ।**
३	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, भीमदत्तनगर, कञ्चनपुरमा प्रा.फ.र.नं. २३३/०७६/७७ स्थानीय व्यापार कायम भई मिति २०७६/०६/०७ मा दर्ता भएको कञ्चनपुर जिल्ला, माहाकाली न.पा. वडा नं. ०७ स्थित **सुजल हार्डवयर एण्ड सप्लायर्स ।**
४	प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, महेन्द्रनगर, कञ्चनपुरमा प्रा.फ.नं. १९७/१७२६/०

सकियो आठौँ अन्तर्राष्ट्रिय पर्वतीय महोत्सव

कास्की/ पर्वतीय पर्यटन बढाउँदै यसको महत्त्व आममानिसलाई बुझाउने उद्देश्यसहित आयोजना गरिएको 'आठौँ अन्तर्राष्ट्रिय पर्वतीय महोत्सव' मंगलबार सम्पन्न भएको छ। नेपाल पर्वतारोहण संघको आयोजनामा पोखरा १७ स्थित पर्वतीय संग्रहालयमा पाँच दिनसम्म चलेको आठौँ संस्करणको महोत्सव १० हजार दर्शकले अवलोकन गर्दै सकिएको हो।

अन्तर्राष्ट्रिय पर्वतीय दिवसको अवसरमा आयोजित महोत्सवमा पर्वतीय जनजीवन र आरोहीका डकुमेन्ट्री तथा पर्वतारोहण र पर्वतीय जीवनबारे वृत्तचित्रसँगसँगै जलवायु परिवर्तन असरबारे बहस भएको थियो। साथै, कीर्तिमानी आरोहीको फोटो प्रदर्शनी, अस्ट्रियन आमाछोरी डा इरिका र उनकी छोरी इर्मट्रुड हुबाचेकले कैद गरेका फरक-फरक भूगोलमा एकैप्रकारको हिमाली जनजीवन चिनाउने तस्बिरसँगै जिपलाइन, दोहोरी गीत, छेलो प्रतियोगिता, नेपाल पक्षी संरक्षण संघसँगको सहकार्यमा 'साइलेन्ट बर्ड्स' नामक गिद्ध संरक्षणबारे जनचेतनामूलक नाटक प्रदर्शनीलगायतका कार्यक्रम समेटिएको संग्रहालयकी प्रमुख कार्यकारी अधिकृत निर्मला न्यौपानेले जानकारी दिइन्। महोत्सवमा मुख्य गरी जलवायु परिवर्तनका कारण बदलिएका हिमाल र हिमाली जनजीवनबारे चिन्तन गरिएको न्यौपानेले जानकारी दिइन्।

महोत्सवको समापन गर्दै गण्डकी प्रदेशका अर्थमन्त्री जितबहादुर आलेमगरले जलवायु परिवर्तनमा नेपालको कुनै दोष नरहेको, तर प्रतिकूलताको असर भोग्नुपरिरहेको बताएका थिए।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०८/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैँतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

वितामोड शाखा, झापा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
नरेश कुमार लावती ना.प्र.नं. ६४३८४४९ जारी मिति २०५४/०१/०९ जि.प्र.का. झापा बाबुको नाम : जित बहादुर लावती बाजेको नाम : शेर बहादुर लावती स्थायी ठेगाना : काकडभिट्टा - ७, झापा हालको ठेगाना : मेचिनगर न.पा वडा नं. ३, झापा **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा सवारी साधन कर्जा**	**साधना लिम्बु लावती** ना.प्र.नं. ०४१००१/११९० जारी मिति २०६६/११/२६, जि.प्र.का. झापा बाबुको नाम : मान प्रसाद लिम्बु पतिको नाम : नरेश कुमार लावती ससुराको नाम : जित बहादुर लावती स्थायी ठेगाना : बाहुनडाँगी - ३, झापा हालको ठेगाना : मेचिनगर न.पा वडा नं. ३, झापा	**जीत बहादुर लावती** ना.प्र.नं. ६४३८२४६३ जारी मिति २०२६/०१/१५ जि.प्र.का. झापा बाबुको नाम : शेर बहादुर लावती बाजेको नाम : श्याम ध्वज लिम्बु स्थायी ठेगाना : काकडभिट्टा - ८, झापा हालको ठेगाना : मेचिनगर न.पा वडा नं. ३, झापा	**इन्द्र बहादुर तामाङ** ना.प्र.नं. ६४३८८४१४ जारी मिति २०५४/०५/२१ जि.प्र.का. झापा बाबुको नाम : मन बहादुर तामाङग बाजेको नाम : चमर सिंह तामाङ स्थायी ठेगाना : मेचिनगर न.पा वडा नं. १०, झापा हालको ठेगाना : मेचिनगर न.पा वडा नं. ३, झापा

धितोको विवरण

जग्गाको विवरण

शेर बहादुर लावतीको नाति, जित बहादुर लावतीको छोरा, नरेश कुमार लावतीको नाममा मालपोत कार्यालय, भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स./न.पा. वडा नं. ७ ज स्थित कित्ता नं. ४८ को क्षेत्रफल १-०-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
AL 1616IL MCV Tipper	मे १ ख ३०१०	२०१७	HGHZ401230	MB1G3GFC3HRBT5007
AL 1616IL MCV Tipper	मे १ ख ३००९	२०१७	HEHZ410151	MB1G3GFC3HRBT5010

डिल्लीबजार शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
पुर्ण कान्त मैनाली ना.प्र.नं. ३५५३/७०८९ जारी मिति २०३९/०६/१७, जि.प्र.का. चितवन बाबुको नाम : शिवकान्त मैनाली बाजेको नाम : इन्द्र कान्त मैनाली स्थायी ठेगाना : भण्डारा - १, चितवन **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा घर कर्जा**	**सीमा मैनाली** ना.प्र.नं. ८४२, जारी मिती २०४६/१०/०२, जि.प्र.का. चितवन बाबुको नाम : घनश्याम पाण्डे पतिको नाम : पुर्ण कान्त मैनाली ससुराको नाम : शिवकान्त मैनाली स्थायी ठेगाना : भण्डारा - १, चितवन

धितोको विवरण

घरजग्गाको विवरण

घनश्याम पाण्डेको छोरी, शिवकान्त मैनालीको बुहारी, पुर्ण कान्त मैनालीको पत्नी, सिमा मैनालीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. १३४६, १३४५, ३८७४ र ४८८५ को क्षेत्रफल क्रमशः ०-०-६-०, ०-०-६-०, ०-१-४.५-० र ०-०-१५.७५-० विगाहा को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

गोंगबु शाखा, काठमाडौं

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.फ.द.नं. १९५० अन्तर्गत मिति २०७५/०१/२५ मा दर्ता कायम भएको **स्पार्क वेयर बुटिक एण्ड कलेक्शन** फर्म दर्ता ठेगाना : काठमाडौं म.न.पा. - ३१, पुरानो बानेश्वर, काठमाडौं स्थायी लेखा नं. ३०३९६०६८५, मिति २०७५/०१/२६ **प्रोप्राईटर : दीपा कार्की** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा अल्पकालिन कर्जा**	२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र.नं. ९१०७०/०६६/६७ अन्तर्गत मिति २०६६/०९/०३ मा दर्ता कायम भएको **न्यु एलिगेन्स इन्टरप्राइजेज** फर्म दर्ता ठेगाना : मध्यपुर ठिमी न.पा. - १६, लोकन्थली, भक्तपुर स्थायी लेखा नं. ३०३९६०६८५, मिति २०६६/०९/०९ **प्रोप्राईटर : दीपा कार्की** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा अल्पकालिन कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

दीपा कार्की ना.प्र.नं. ४०८३१-४७१६-२११००२, जारी मिति २०५५/०७/२९, जि.प्र.का. रामेछाप बाबुको नाम : डम्बरबहादुर कार्की पतिको नाम : राम चन्द्र गिरी ससुराको नाम : भैरव गिरी स्थायी ठेगाना : बाम्तीभण्डार - ६, रामेछाप	**राम चन्द्र गिरी** ना.प्र.नं. ३५५७२, जारी मिति २०५०/०८/२९, जि.प्र.का. नुवाकोट बाबुको नाम : भैरव गिरी बाजेको नाम : सम्भु गिरी स्थायी ठेगाना : भद्रटार - ९, नुवाकोट

धितोको विवरण

घरजग्गाको विवरण

झपड बहादुर कार्कीको नातिनी, डम्बरबहादुर कार्कीको छोरी, दीपा कार्कीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौ जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३२ स्थित कित्ता नं. १३७ को क्षेत्रफल १६०.५४ व.मी. को घरजग्गा तथा सो ले चर्चेको लिगलागापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्र साथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्तावाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणवाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० पौष ११ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८० पौष १२ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

नेपाल सरकार
शहरी विकास मन्त्रालय
अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति
नयाँबानेश्वर, काठमाडौं

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२७ गते)

यस केन्द्रलाई आ.व. २०८०/८१ का लागि आवश्यक विभिन्न सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म तथा संस्थाहरुले यो सुचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सिलबन्दी दरभाउपत्रको फाराम केन्द्रको लेखा शाखाबाट खरिद गर्न सकिने छ।

सिलबन्दी दरभाउपत्र संकेत नं.	काम विवरण	जमानत रकम रु.	प्रति फाराम दस्तुर रु. (फिर्ता नहुने)	खरिद गर्ने अन्तिम मिति र समय	पेश गर्ने अन्तिम मिति र समय	खोल्ने मिति र समय
ICCDC/SQ/ Goods /080/81-01	मसलन्द तथा सरसफाई सम्बन्धी मसलन्दका सामानहरु खरिद गर्ने सम्बन्धी कार्य	पचास हजार	एक हजार	२०८० पुस ११ गते	२०८० पुस १२ गते १२:०० बजे	२०८० पुस १२ गते १४:०० बजे
ICCDC/SQ/ Goods /080/81-02	पम्प तथा ईलेक्ट्रिकल सम्बन्धी सामानहरु खरिद गर्ने सम्बन्धी कार्य	पचास हजार	एक हजार	२०८० पुस ११ गते	२०८० पुस १२ गते १२:०० बजे	२०८० पुस १२ गते १४:०० बजे

थप जानकारीको लागि कार्यालय समय भित्र स्वयं उपस्थित भई वा फोन नं. ०१-५७१७०६८/५७१७०६० मा सम्पर्क गर्न सकिने छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७०/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७०१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैँतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैँतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, बिरेन्द्रनगर, सुर्खेतमा प्रा.फ.र.नं. ७२१६/०७४/०७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७४/०९/०५ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १२, स्थित **न्यू लक्ष्मी सप्लायर्स** **प्रोपाईटर तथा जमानीकर्ता : तुल्सीराज वली** स्थायी ठेगाना : सुर्खेत जिल्ला, रानीवास गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ८ बाबु : सोम राज वली बाजे : मान बहादुर वली	**२) तुल्सीराज वली** **(क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : सुर्खेत जिल्ला, रानीवास गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. ८ बाबु : सोम राज वली बाजे : मान बहादुर वली
	धितोको विवरण	
	१) मान बहादुर वलीको नाती, सोम राज वलीको छोरा, सुर्खेत जिल्ला, रानीवास गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ८ बस्ने तुल्सीराज वलीको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ४७१९ को क्षेत्रफल १२६.९९ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) न्यू लक्ष्मी सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	जमानीकर्ताको विवरण	
	१) तुल्सीराज वली स्थायी ठेगाना : सुर्खेत जिल्ला, रानीवास गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. ८ बाबु : सोम राज वली बाजे : मान बहादुर वली	**२) इन्द्रा कुमारी वली** स्थायी ठेगाना : सुर्खेत जिल्ला, रजेना गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. ८ बाबु : शेर बहादुर रावत ससुरा : सोम राज वली पति : तुल्सी राज वली
	ऋणीको विवरण	
२)	१) प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कास्की, गण्डकी प्रदेशमा प्रा.फ.नं.घ.उ.वि.: २०३२४/०७८/०७९ अन्तर्गत मिति २०७८/०४/०८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२, मालमूल स्थित **धलिशा कृषि तथा पशुपालन फर्म** **प्रोप्राइटर तथा जमानीकर्ता: कमला वि.क.** स्थायी ठेगाना : पर्वत जिल्ला, फलामखानी गा.वि.स. वडा नं. २ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बाबु : रेशम बहादुर वि.क. ससुरा : भविराज वि.क. पति : शेर वहादुर वि.क.	
	जमानीकर्ताहरुको विवरण	
	१) शेर वहादुर वि.क. स्थायी ठेगाना : पर्वत जिल्ला, महाशिला गा.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बाबु : भविराज वि.क. बाजे : राज मान वि.क.	**२) धलिसा विश्वकर्मा** स्थायी ठेगाना : पर्वत जिल्ला, फलामखानी गा.वि.स. वडा नं. २ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बाबु : शेर वहादुर वि.क. बाजे : भविराज वि.क.
	ऋणीको विवरण	
	२) कमला वि.क. स्थायी ठेगाना : पर्वत जिल्ला, फलामखानी गा.वि.स. वडा नं. २ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बाबु : रेशम बहादुर वि.क. ससुरा : भविराज वि.क. पति : शेर वहादुर वि.क.	
	जमानीकर्ताहरुको विवरण	
	१) शेर वहादुर वि.क. स्थायी ठेगाना : पर्वत जिल्ला, महाशिला गा.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बाबु: भविराज वि.क. बाजे: राज मान वि.क.	**२) धलिसा विश्वकर्मा** स्थायी ठेगाना : पर्वत जिल्ला, फलामखानी गा.वि.स. वडा नं. २ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बाबु: शेर वहादुर वि.क. बाजे: भविराज वि.क.
		३) धनोज वि.क. स्थायी ठेगाना : पर्वत जिल्ला, महाशिला गा.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बाबु: शेर वहादुर वि.क बाजे: भविराज वि.क.
	धितोको विवरण	
	१) रेशम बहादुर वि.क.की छोरी, भविराज वि.क.की बुहारी, शेर वहादुर वि.क.की पत्नि, पर्वत जिल्ला, फलामखानी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बस्ने कमला वि.क.को नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित किता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) धलिशा कृषि तथा पशुपालन फर्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables)उपर हाइपोथिकेशन सुरक्षण।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २७ मंसिर ०८०

बुढीगण्डकी जलविद्युत् आयोजना प्रभावित क्षेत्रका बासिन्दाका २८ सय गुनासा

४१ अर्ब मुआब्जा र क्षतिपूर्ति बाँडियो, मुआब्जा वितरणमा विभेद भएको स्थानीयको आरोप

गोरखामा **मिलन विश्वकर्मा**

गोरखाको गण्डकी गाउँपालिका-५ की ग्याजा मनमाया विक बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाकी प्रभावित हुन् । करिब १६ रोपनी जग्गा बुढीगण्डकी आयोजनाले लिएको, तर उचित मुआब्जा नपाएको उनले गुनासो गरिन् । कतिपयले प्रतिरोपनी आठ लाख रुपैयाँसम्म मुआब्जा पाए पनि आफूले उस्तै जग्गामा रोपनीकै दुई लाख कम पाएको उनको भनाइ छ । 'यहाँका अधिकांशले घरजग्गाको प्रतिरोपनी आठ लाख रुपैयाँसम्म मुआब्जा पाए । तर, हामीले त्योअनुसार मुआब्जा पाउन सकनौं,' उनले भनिन्, 'यही गाउँका छिमेकीहरूको तुलनामा हामीले पाएको मुआब्जा निकै कम छ ।' गोरखाको गण्डकी गाउँपालिकास्थित दरबुङको रत्नेश्वर माविका प्रधानाध्यापक सुशील श्रेष्ठ पनि विकको गुनासोसँग सहमत छन् ।

आयोजनाले मुआब्जा तथा क्षतिपूर्ति वितरणमा विभेद भएको उनको भनाइ छ । झन्डै ५० प्रतिशत प्रभावित बासिन्दा मुआब्जा तथा क्षतिपूर्तिप्रति असन्तुष्ट रहेको उनले बताए । 'यहाँका पहुँचवाला व्यक्तिहरूले मुआब्जामार्फत धेरै रकम लिए । तर, राज्यको पहुँचभन्दा बाहिर रहेका गरिब, दलित, जनजाति, कुमाल, माझीजस्ता समुदायहरूले भने राम्रो दरमा मुआब्जा पाउन सकेका छैनन् । मुआब्जा वितरणमा वर्ग तथा जातिअनुसार विभेद भएको अनुभूति हामीले गरेका छौं,' उनले भने, 'मुआब्जाको मामिलामा २५ प्रतिशत बासिन्दा एकदमै खुसी छन् । २५ प्रतिशतले चित्त बुझाएका छन् । बाँकी ५० प्रतिशत प्रभावितहरू भने पूर्ण असन्तुष्ट देखिन्छन् ।'

यसैगरी, स्थानीय विद्यालयहरूको मुआब्जा तथा स्थानान्तरण पनि अन्योल देखिएको उनले बताए । यसको प्रत्यक्ष असर विद्यालयको पठनपाठनमा परेको छ । 'सरकारले सार्वजनिक विद्यालय भनेर मुआब्जा दिएको छैन । विद्यालय तथा स्वास्थ्य चौकीजस्ता सार्वजनिक निकायलाई स्थानान्तरण गर्ने सरकारी योजना छ । तर, हुनेखाने परिवार बसाइँसराइ गरिसकेका कारण विद्यालयमा विद्यार्थीको संख्या घट्दो छ,' उनले भने ।

सरकारले अधिकांश प्रभावितलाई मुआब्जा दिइसके पनि १२ सय मेगावाटको आयोजनाले विभेद गरेको भन्दै उनीहरू असन्तुष्ट छन् । गोरखा र धादिङको सीमा क्षेत्रमा बग्ने बुढीगण्डकी नदीमा यो जलाशययुक्त जलविद्युत् आयोजना बनाउन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बुढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरिसकेको छ । यो आयोजना बनाउँदा गोरखाका चार गाउँपालिका, धादिङको एक नगरपालिका र चार गाउँपालिका (साबिक गोरखाका १४ र धादिङका १३ गरेर २७ गाविस) प्रभावित हुँदै छन् ।



अरूको जग्गा भाडामा लिएर बनाइएका आरुघाट बजारस्थित केही घरहरू जसले बुढीगण्डकी आयोजनाबाट अझै मुआब्जा पाउन सकेका छैनन् ।

कम्पनीका अनुसार पावरहाउस, ड्यामलगायतका संरचना तथा पूर्वाधार बनाउँदा आयोजनाबाट आठ हजार एक सय १७ घरधुरी प्रभावित हुन्छन् । त्यसमध्ये पनि तीन हजार पाँच सय ६० घरधुरी भने पूर्ण रूपमा विस्थापित हुँदै छन् । आयोजना बनाउन ५८ हजार एक सय ५३ रोपनी जग्गा खरिद गर्नुपर्ने अवस्था रहेको कम्पनीले जनाएको छ । त्यसबाहेक घरलगायतका भौतिक संरचना, फलफूल, बाटेबिरुवाको क्षतिपूर्ति सम्बन्धित घरधनी तथा जग्गावालालाई दिनुपर्छ ।

सरकारले हालसम्म ४९ हजार ९५ रोपनी जग्गाका लागि ३४ अर्ब ३० करोड मुआब्जा वितरण गरिसकेको छ । यसैगरी, थप ६ अर्ब ७० करोड रुपैयाँबराबरको क्षतिपूर्ति वितरण गरिएको छ । तर, अधिकांश बासिन्दा मुआब्जा र क्षतिपूर्तिप्रति असन्तुष्ट रहेको स्थगलगत रिपोर्टिङका क्रममा प्रभावितले बताएका छन् । तर, बुढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) जगतकुमार श्रेष्ठले उचित रूपमै मुआब्जा तथा क्षतिपूर्ति दिएको जिकिर गर्छन् । 'हामीले मुआब्जा वितरणमा कुनै विभेद गरेका छैनौं । निर्धारण समितिले तोकेको दरमै मुआब्जा दिएका हौं । हाम्रो तर्फदेखि यो राम्रै देखिन्छ,' उनले भने, 'तर, प्रभावित स्थानीयमा चित्त नबुझ्न सक्छ । त्यसतर्फ पनि हाम्रो ध्यान गएको छ ।'

■ भूकम्पले घर भत्कायो न पूर्ण राहत, न मुआब्जा

मुआब्जा दिने तयारीकै क्रममा ०७२ मा आएको भूकम्पका कारण आयोजना प्रभावित क्षेत्रका धेरै घर क्षतिग्रस्त भए । उक्त भूकम्पमा गोरखा र धादिङ पनि बढी प्रभावित जिल्ला हुन् । तर, भूकम्पपीडितलाई बुढीगण्डकी प्रभावित क्षेत्र भनेर सरकारले शतप्रतिशत राहत दिएन । सरकारले अन्य पीडितलाई घर बनाउन साढे तीन लाख दिए पनि प्रभावित पीडितलाई दुई लाख मात्रै दियो । त्यस्तै, आयोजनाले भने भत्केको घर भनेर क्षतिपूर्ति मूल्यांकन कम गरिदियो । यसरी भूकम्पबाट प्रभावित हुँदामा पनि मुआब्जामा उचित राहत पाउन नसकेको स्थानीयको गुनासो छ ।

■ बोटबिरुवा र फलफूलको क्षतिपूर्ति नपाएको गुनासो

अधिकांश स्थानीयले आफ्नो जग्गामा भएको फलफूल (केरालगायत) तथा बोटबिरुवाको पनि क्षतिपूर्ति नपाएको गुनासो गरेका छन् । सरकारले आयोजना प्रभावित क्षेत्रमा पर्ने भौतिक संरचनासहित बोटबिरुवा र फलफूलको मुआब्जा दिनुपर्छ । तर, प्रभावित अधिकांश परिवारले यस्तो क्षतिपूर्ति पाउन सकेका छैनन् । गोरखा नामजुङका पर्शुराम श्रेष्ठले बोटबिरुवा तथा फलफूलको क्षतिपूर्ति नपाएको गुनासो गरे । जिल्लामा फलफूल तथा बोटबिरुवाको क्षति व्यहोरेका अधिकांशले क्षतिपूर्ति नपाएको उनले बताए ।

■ अरूको जग्गामा घर बनाउनेको मुआब्जा अन्योलमा

अरूको जग्गा लिजमा लिएर भौतिक संरचना बनाएका व्यक्तिहरूको मुआब्जा वितरणमा समस्या देखिएको छ । जग्गाधनीले मञ्जुरीनामा दिँदासमेत मुआब्जा नपाएको पीडितको गुनासो छ ।

गोरखा र धादिङ दुवै जिल्लामा पर्ने आरुघाट बजार र आसपासमा धेरै व्यक्तिले जग्गा भाडामा लिएर भौतिक संरचना निर्माण गरेका छन् । गोरखा बारपाक सुलीकोट गाउँपालिका-८ का भूमि पाण्डेले आरुघाट बजारमा जग्गा भाडामा लिएर घर बनाएका छन् । उनले घरमा किराना पसल तथा रेस्टुरेन्ट सञ्चालन गरेका छन् । आरुघाट बजारमा उनी जस्तै धेरैले जग्गा भाडामा लिएर आफ्नो पेसा-व्यवसाय गर्दै आएको उनले बताए । अरूको जग्गा भाडामा लिएर घर बनाएर बसोवास गर्ने परिवार झन्डै १७ सय रहेको उनको भनाइ छ । 'हामीले जग्गाधनीसँग जग्गा भाडामा लिएर घरलगायतको भौतिक संरचना बनाएका छौं । तर, आयोजनाले जग्गा अरूको नाममा भएका कारण मुआब्जा दिन मिल्दैन भनेर रोकेको छ । हामीले जग्गाधनीको मन्जुरीनामा पनि दिएका छौं,' उनले भने, 'तैपनि, अझै पैसा पाएका छैनौं । हामी सुकुमवासी नै बन्ने अवस्थामा पुगेका छौं ।'

यसैगरी, धादिङ जिल्लामा पर्ने आरुघाट बजार (त्रिपुरासुन्दरी गाउँपालिका- १) मा कृष्ण गुरुङले जग्गा भाडा लिएर घर बनाएको मुआब्जा नपाएको बताए । 'जग्गा भाडामा लिएर भौतिक संरचना हामीले नै बनाएको हो । तर, त्यसको पैसा अझै पाउन सकेका छैनौं । त्यो पैसा जग्गाधनीकै नाममा आउँछ कि भन्ने डर पनि छ,' उनले भने, 'तर, आयोजनाले यसबारे अझै उचित निर्णय दिन सकेको छैन । हुन्छ भनेर टार्दै आएका छन् ।'

■ अझै प्रभावितले पाएनन् मुआब्जा

गोरखा गण्डकी गाउँपालिकाकी गीता पन्तले दरबुङमा सानो घर (टहरो) बनाएर बसोवास गर्दै आएकी छिन् । किराना पसल र होटेल सञ्चालन गर्दै आएकी उनले २० वर्षभन्दा पहिला आफैंले जग्गा किनेकी हुन् । आफ्नै पैसाले जग्गा किनेकी भए पनि श्रीमान्को नाममा रहका कारण मुआब्जा पाउन सकस भएको उनले भनिन् । उनका श्रीमान् विगत २० वर्षदेखि बेपत्ता छन् । तर, आयोजनाले श्रीमान्को नाममा जग्गा भएकै कारण मुआब्जा नदिएको उनको गुनासो छ ।

यस्तै गोरखा आरुघाट बजारका सुकलाल सुनारले अझै पूर्ण रूपमा मुआब्जा नपाएको गुनासो गरे । उनको तीनतले घर छ । पहिलो र दोस्रो तलाको क्षतिपूर्ति पाए पनि तेस्रो तलाको क्षतिपूर्ति नपाएको उनको भनाइ छ ।

गुनासो सम्बोधन गर्न आयोजनाको बेवास्ता

मुआब्जा कम भएको, बोटबिरुवा तथा फलफूलको क्षतिपूर्ति नपाएको, मुआब्जा नै नपाएकोलगायत विषयमा झन्डै २८ सय उजुरी आयोजनामा स्थानीयले गरेका छन् । गोरखा सिउरेनीटारस्थित बुढीगण्डकी जलविद्युत् कम्पनीको फिल्ड कार्यालयअनुसार स्थानीयबाट उक्त संख्यामा उजुरी आएको छ । तर, आयोजनाले वर्षौंदेखि त्यसलाई बेवास्ता गर्दै सम्बोधन गर्न नखोजेको स्थानीयको आरोप छ । बुढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले भने मुआब्जा तथा क्षतिपूर्तिसम्बन्धी गुनासोको रिभ्यु गर्ने तयारीमा रहेको बताए । 'मुआब्जा तथा क्षतिपूर्तिमा सन्तुष्ट नभएर स्थानीयबाट झन्डै २८ सय संख्याको हाराहारीमा गुनासो दर्ता भएको छ । तर, त्यसलाई हामीले बेवास्ता गरेका छैनौं,' उनले भने, 'अब छिट्टै त्यसको रिभ्यु तथा मूल्यांकन हुन्छ । यदि, आमजनता साँच्ची नै पीडामा परेका छन् भने उचित सम्बोधन तथा निर्णय गर्नेछौं ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

प्याज उत्पादनमा किसानदेखि सरकारसम्मको उपेक्षा

उत्पादनको क्षेत्रफल घट्दै गर्दा हरेक वर्ष अभाव

भोजराज भण्डारी/नयाँ पत्रिका

किसानदेखि सरकारसम्मको उपेक्षाले प्याजमा आत्मनिर्भर बन्नबाट नेपाल चुकेको छ । सरकारले १५ वर्षअघि प्याजमा आत्मनिर्भर बन्ने योजना अघि सारे पनि पूर्ण रूपमा कार्यान्वयन नहुँदा नेपाली उपभोक्ता हरेक वर्ष महँगो मूल्यमा भारतीय प्याज खान बाध्य छन् । महँगो मूल्यमा बिक्ने प्याज उत्पादन गर्न किसानसमेत आकर्षित भएको देखिँदैन ।

सरकारले आर्थिक वर्ष ०६४/६५ मा तराईका झापा, मोरङ, सुनसरी, धनुषा, सप्तरीमा ५० करोड लगानीमा प्याजमा आत्मनिर्भर बन्ने योजना अघि सारेको थियो । योजना केही जिल्लाहरूमा सुरु भई उत्पादनसमेत हुन थालेको थियो । तर, त्यतिबेला प्याज उत्पादन राम्रो हुन नसकेको र भारतीय प्याज स्थानीय उत्पादनभन्दा सस्तो हुन थालेपछि किसान अन्य उपजतर्फ आकर्षि हुन थालेको पूर्वकृषिसचिव कृष्ण आचार्यले बताए । त्यतिबेलाको योजनालाई गम्भीर रूपमा लिएर किसानलाई आकर्षित गराउन सकेको भए अहिले भारतीय प्याजको भर पर्ने अवस्थामा नआउने उनको भनाइ छ । उनले भने, 'नेपालमा उत्पादन राम्रो हुन सकेन, भारतीय प्याज नेपालको भन्दा सस्तो हुन थालेपछि किसानको लगानी नै जोखिममा पऱ्यो । यसले प्याज उत्पादन गर्नुभन्दा आयातमुखी बनायो, अहिले त्यसको असर झनै गम्भीर भएर देखापरेको हो ।'

सामान्य अवस्थामा प्याज उत्पादन र बजारको खासै चर्चा नभए पनि भारतले प्रतिबन्ध लगाउनासाथ सरकार व्यवसायीमा हल्लाखल्ला मच्चिने गरेको उनले बताए । उनले भने, 'विगतका कुरालाई बिर्सेर आधुनिक ढंगले किसानलाई आलु-प्याज उत्पादनमा प्रोत्साहन गर्न सरकार केन्द्रित हुनुपर्छ ।'

नेपाल कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेतले नेपाली किसानले उत्पादन गरेको प्याजमा लगानी बढी हुने र मूल्य नपाउने हुँदा किसान यसतर्फ आकर्षित नभएको बताए । उनले भने, 'अहिले भारतले प्रतिबन्ध लगाएपछि मात्र हो, प्याजको चर्चा भएको, नत्र भारतीय प्याजकै भरमा नेपालीको भान्सा चलेको छ, अनि व्यावसायिक रूपमा उत्पादन गर्ने किसानले सिजनमा मूल्य नपाउने अवस्था बनेकै कारण आकर्षण घटेको हो ।' सरकारले आलु-प्याज उत्पादन बढाउन छुट्टै परियोजना नै ल्याएर केही वर्ष लगानी बढाउनुपर्ने उनको भनाइ छ ।

पशुपक्षी विकास मन्त्रालयकी प्रवक्ता सबनम सिवाकोटीले नेपालमा बिउ उत्पादन गर्न कठिन भएको र भएको बिउले पनि उत्पादन दिन नसकेपछि सो योजना विफल भएको बताइन् । उनले भनिन्, 'त्यतिबेला भारतले आफ्नो उत्पादनको बिउ दिन मानेन्, नेपालमा उत्पादन गरेको बिउले उत्पादन हुन सकेन, अर्कोतर्फ राजनीतिक उतारचढावका साथै भण्डारको समस्या पनि अर्को प्रमुख कारण थियो ।'

■ नेपालमा सन्तोषजनक छैन प्याज उत्पादनको अवस्था

नेपालमा प्याज उत्पादनको अवस्था नाजुक रहेको तथ्यांकले देखाउँछ । राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रका अनुसार नेपालमा प्याज उत्पादनको क्षेत्रफल घट्दै गएको छ । आर्थिक वर्ष ०७५/७६ मा २० हजार नौ सय हेक्टर जमिनमा खेती हुँदै आएकोमा ०७६/७७ मा २० हजार चार सय हेक्टरमा सीमित भएको छ । त्यस्तै, आर्थिक वर्ष ०७७/७८ मा २० हजार तीन सय हेक्टर जमिनमा मात्र प्याज उत्पादन भएको केन्द्रकी प्रमुख जानुका पण्डितले जानकारी दिइन् । आर्थिक वर्ष ०७६/७७ मा दुई लाख ८८ हजार मेट्रिकटन उत्पादन भएको प्याज आर्थिक वर्ष ०७७/७८ मा दुई लाख ४५ हजार मेट्रिकटनमा सीमित भएको छ ।

■ भारतको निर्यात प्रतिबन्धले अचाक्ली महँगो

केही दिनयता नेपाली बजारमा एकाएक दैनिक खपत हुने प्याजमा अस्वाभाविक मूल्य बढ्नुका साथै हाहाकारसमेत भएको छ । भारतीय विदेश व्यापार महानिर्देशनालयले गत बिहीबारदेखि आगामी १७ चैत ०८० सम्म प्रतिबन्ध लगाएको जनाएको छ । बजारमा सबैभन्दा धेरै आयात हुने कृषि वस्तुमध्ये प्याज एक हो । चालू आवको चार महिनामा नेपालमा एक अर्ब ६२ करोडबराबरको प्याज आयात भइसकेको छ । गत आवभर भने नेपालमा ६ अर्ब ७५ करोडको प्याज आयात भएको थियो । भारतले निर्यातमा प्रतिबन्ध लगाएको पाँच दिनमै बजारमा प्याजको हाहाकार मच्चिएको हो । आलु-प्याज व्यवसायी संघका महासचिव प्रकाश गजुरेलले भारतले लगाएको प्रतिबन्धले बजारमा प्याज अभाव भएको बताए ।

अहिले केही आन्तरिक प्याज पनि आएको छ, तर भारतबाट निर्यात ठप्प भएको हुँदा माग धान्न नसकिएको उनको भनाइ छ । कालीमाटी तरकारी बजारमा भारतीय प्याजको मूल्य सोमबार औसत एक सय ४५ रुपैयाँ छ । तर, उपभोक्ता किलोको एक सय ६० रुपैयाँसम्ममा किन्न बाध्य भएका छन् । यसअघि गत १८ मंसिरमा प्याजको औसत मूल्य प्रतिकिलो ९७ रुपैयाँ रहेको थियो ।

कालीमाटी तरकारी बजारमा औसत समयमा ७० देखि ९० मेट्रिकटन प्याज आउने गरेको कालीमाटी तरकारी बजार विकास समितिले जनाएको छ । वाणिज्य आपूर्ति तथा उपभोक्ताहित संरक्षण विभागका प्रवक्ता आनन्दराज पोखरेलले अनुगमन बजारमा प्याजको कृत्रिम अभाव नभएको बताए ।

१५ महिना पदावधि बाँकी छँदै थानीको राजीनामा

नयाँ पत्रिका



नेपाल आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले राजीनामा दिएका छन् । मंगलबार दिउँसो ४ बजे घरायसी कारण देखाउँदै राजीनामा बुझाएको उद्योग वाणिज्य तथा आपूर्तीमन्त्री रमेश रिजालले जानकारी दिएका हुन् । 'उहाँले घरासयी कारण देखाएर राजीनामा बुझाउनुभएको छ,' मन्त्री रिजालले भने ।

०७८ फागुनमा तीन वर्षका लागि निगमको कार्यकारी निर्देशक पदमा नियुक्त भएका थानीले एक वर्ष तीन महिना कार्यकाल बाँकी छँदै अकस्मात् पदबाट राजीनामा दिएका हुन् । नेपाली कांग्रेस पृष्ठभूमिका थानीले आउँदा दिनमा राजनीतिमा सक्रिय हुने चाहना राखेको निकटका व्यक्तिहरूले बताउने गरेका छन् । थानीले करिब दुई वर्षअघि नेतृत्व सम्हाल्दा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ उकालो लागेको थियो, जसकारण निगम चरम नोक्सानीमा थियो । उनले कार्यकाल सम्हालेको आव ०७८/७९ मा निगमले ४८ अर्ब ९५ करोड नोक्सान व्यहोरेको थियो भने इन्डियन आयल कर्पोरेसन (आइओसी)को बक्यौता २४ अर्ब थियो ।

त्यस्तै, सरकारबाट सात अर्ब र राष्ट्रिय वाणिज्य बैंकबाट तीन अर्ब गरेर कुल १० अर्ब रुपैयाँ ऋण लिनुपरेको थियो । थानीले पछिल्लो डेढ वर्षमा आइओसीको बक्यौता र सरकार तथा बैंकको समेत कर्जा चुक्ता गरेर निगमलाई नाफामा लगेका थिए । गत आव ०७९/८० मा सार्वजनिक संस्थानमध्ये निगमलाई सबैभन्दा बढी नाफामूलक संस्थाका रूपमा समेत उभ्याएका थिए ।

■ करिब दुई वर्षमा के-के गरे ?

प्रशासनिक तथा पूर्वाधार क्षेत्रमा सकारात्मक सन्देश दिने गरी काम गरेको भन्दै मन्त्रालयले थानीको कार्यसम्पादन मूल्यांकन गर्दा सय पूर्णांकमा ९०.५ अंक दिएको थियो । उनले ३१ असारदेखि पूर्ण रूपले स्वचालित मूल्य प्रणाली कार्यान्वयन थालेका थिए । त्यस्तै, मोतीहारी-अमलेखगन्ज पाइपलाइन परियोजनाको दोस्रो चरणअन्तर्गत पेट्रोल आयातका लागि भण्डारणगृह निर्माणसमेत सुरु गराएका थिए ।

त्यस्तै, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा ३६ सय किलोलिटर क्षमताको हवाई इन्धन भण्डारणगृहसमेत निर्माण सुरु गरिएको छ । पोखरामै १० हजार किलोलिटर क्षमताको डिजेल भण्डारणगृहको उद्घाटन भएको छ । पाँच वर्षदेखि छलफलमै रहेको सिमरा विमानस्थलपरिसरमा हवाई इन्धन रिफ्युलिङ स्टेसन निर्माणलाई समेत थानीले नै पूर्णता दिएका छन् । सिमरामा गत १७ मंसिरदेखि रिफ्युलिङ सेवा सुरु भएको छ ।

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि १५ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/०८/२७)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सुचना प्रकाशीत गरीएको छ । यो सुचना प्रकाशित गरेको मितिले १५ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ । उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानूनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ । साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा १६औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सुचना प्रकाशित भएको १५ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आव्हान गर्दछौं । सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ ।

तपसिल

शाखा कार्यालयः धनगढी, कैलाली

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
१. नामः कमल हार्डवेयर एन्ड सप्लायर्स ठेगानाः भजनी-०४, कैलाली पान नं: ६०४९७४९८१ कर्जा शिर्षकः व्यवसायीक कर्जा	धनीराम डंगौराको नाममा दर्ता रहेको खैलाड ०५, कैलाली स्थित कित्ता नं ५८२ र ५८७ को जम्मा क्षेत्रफल २४०४.३४ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	कमल राज डंगौरा ठेगानाः भजनी-०४, कैलाली वुवाः धनीराम डंगौरा बाजेः डडलु डंगौरा सबीता देवी डंगौरा ठेगानाः भजनी-०४, कैलाली ससुराः धनीराम डंगौरा श्रीमानः कमल राज डंगौरा धनीराम डंगौरा ठेगानाः भजनी-०४, कैलाली वुवाः डडलु डंगौरा बाजेः बिसाम डंगौरा रुपनी देवी डंगौरा ठेगानाः भजनी-०४, कैलाली ससुराः डडलु डंगौरा श्रीमानः धनीराम डंगौरा
२. नामः सिद्देल इन्टरप्राइजेज ठेगानाः पु.न.पा-०६, कञ्चनपुर पान नं ६०३८२६८९६ कर्जा शिर्षकः व्यवसायीक कर्जा	भरत राज गिरीको नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला त्रिभुवन वस्ती वडा नं ०५ स्थित कित्ता नं १७४१ को क्षेत्रफल २७०९.१८ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	भरत राज गिरी ठेगानाः पु.न.पा-०६, कञ्चनपुर वुवाः लक्ष्मण गिरी बाजेः नरी गिरी हरीना कुमारी नाथ ठेगानाः पु.न.पा-०६, कञ्चनपुर ससुराः लक्ष्मण गिरी श्रीमानः भरत राज गिरी

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरूः १. शिलवन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले १६ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय धनगढी, कैलालीमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ । २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङक तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ । आफुले कवोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ । ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ । ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन । बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन । ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ । ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ । ७. बोलपत्र अस्वीकृत भएमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ । बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ । ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ । ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Dhangadhi, Kailali. Tel: 091 523462/616
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

सामाजिक सुरक्षा कोषको सुविधा ७१ अस्पतालबाट

काठमाडौं/ सामाजिक सुरक्षा कोषमा आबद्ध योगदानकर्ताले अब देशभरका ७१ वटा अस्पतालबाट उपचार सुविधा पाउने भएका छन् । काठमाडौंमा ओम अस्पताल, किस्ट अस्पताल, फ्रन्टलाइन अस्पतालसहितका अस्पतालबाट उपचार सुविधा पाउनेछन् । कोषले यी अस्पतालसँग अनलाइन सम्झौता गरेको छ । योगदानकर्ताले उपचारपछि कोषको कार्यालयमा पुगेर दाबी भुक्तानी लिनुनपर्ने गरी देशभरका ७१ अस्पतालसँग अनलाइन सम्झौता गरिएको कोषले जनाएको छ ।

सम्झौता भएका अस्पतालअन्तर्गत अनलाइन सेवा सञ्चालन भएका अस्पतालबाट कोषले उपलब्ध गराएका औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना सेवा लिँदा लाभग्राहीले उपचार गर्दा लागेको रकमको २० प्रतिशत मात्र बुझाए पुग्नेछ । दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गतका स्वास्थ्य सुविधा लिँदा लाभग्राहीले तोकिएको सीमाभित्र रही कुनै पनि भुक्तानी गर्नुपर्नेछैन । नियमित योगदान गर्ने योगदानकर्ताले कोशी प्रदेशका १५, मधेश प्रदेशका १२, बागमती प्रदेशका २८, गण्डकी प्रदेशका आठ र लुम्बिनी प्रदेशका आठवटा गरी कोषको प्रणालीसँग जोडिएका ७१ अस्पतालमा कोषको परिचयपत्र देखाएर सुविधा दिन सक्नेछन् ।

०७९ फागुन १ यता देशभरका विभिन्न स्थानमा अनलाइन (लाइभ) सम्झौता भएका छन् । जसमध्ये हालसम्म ७१ अस्पतालबाट औषधि उपचारबापतको सुविधा भुक्तानी हुनेछ । त्यसबाहेकका स्थानहरूमा जुनसुकै अस्पतालमा उपचार गर्दा कोषको कार्यालयमा आवश्यक कागजात बुझाएर दाबी गर्न सकिने कोषले जनाएको छ । आगामी दिनमा अस्पतालको आबद्धतालाई संख्यात्मक र गुणात्मक रूपमा बढाउँदै लैजाने प्रतिबद्धता कोषले जनाएको छ ।

पियोर इनर्जीको सौर्य ऊर्जा उत्पादन परीक्षण

काठमाडौं/ गोल्यान ग्रुपअन्तर्गतको कम्पनी यस पियोर इनर्जी लिमिटेडले सौर्य ऊर्जा उत्पादनको सफल परीक्षण गरेको छ। कम्पनीको बाँकेको खजुरा रनियापुरमा रहेको ग्रिडमा आबद्ध सौर्य पिभी विद्युत् आयोजनाले १० मेगावाट क्षमताको ब्लक-१ सफलतापूर्वक टेस्टिङ तथा कमिसनिङ सम्पन्न गरेको हो।

यसअघि नै कम्पनीअन्तर्गतको ब्लक-२ आयोजना गएको वैशाखदेखि नै व्यापारिक उत्पादनका साथ सञ्चालनमा रहेको जनाइएको छ। ब्लक-१ आयोजनाको सञ्चालनसँगै, नेपालको परिप्रेक्ष्यमा निजी लगानीबाट निर्माण तथा सञ्चालन हुने सबैभन्दा ठूलो पावर प्लान्टका रूपमा स्थापित भएको आयोजनाको भनाइ छ।

युनिलिभरको १,५८० प्रतिशत लाभांश पारित

काठमाडौं/ युनिलिभर नेपालका सेयरधनीले प्रतिसेयर एक हजार पाँच सय ८० रुपैयाँ लाभांश पाउने भएका छन्। कम्पनीको ३०औँ वार्षिक साधारणसभाले अहिलेसम्मकै बढी अर्थात् १,५८० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

कम्पनीका अध्यक्ष देव बाजपेई र प्रबन्ध निर्देशक अम्लान मुखर्जीको उपस्थितिमा भएको साधारणसभामा कम्पनीले अतुलनीय लाभांश प्रतिफल र करपछिको नाफा एक अर्ब ८३ करोड ४० लाख रुपैयाँ पुऱ्याएको जानकारी दिइयो। यो अघिल्लो वर्षको तुलनामा १९ प्रतिशतभन्दा बढी रहेको कम्पनीले जनाएको छ।

साधारणसभामा कम्पनीका अध्यक्ष बाजपेईले न्यून लगानी, जैविक विविधतामा देखिएको नकारात्मक असर, भूराजनीतिक टकराव, सामाजिक ध्रुवीकरण र साइबर असुरक्षालाई बढी जोड दिइएको बताए।

विश्वव्यापी जोखिम केही समयका लागि यसैको वरपर रहने अपेक्षाका साथ रणनीति तय गरिएको उनको भनाइ थियो। उनले अबको यात्रा कठिन हुन सक्ने अपेक्षा गरेको बताए। तर, यसलाई अत्यन्त लगनशीलताका साथ व्यवस्थापन गर्न सक्षम हुने उनको भनाइ थियो।

कम्पनीका प्रबन्ध निर्देशक मुखर्जीले करपश्चात् कम्पनीको खुद नाफा गत वर्षको एक अर्ब ५४ करोड २० लाखबाट बढेर यो वर्ष एक अर्ब ८३ करोड ४० लाख पुगेको बताए।

आउटरिचका प्रबन्ध निर्देशक शाक्य चीनमा सम्मानित



काठमाडौं/ आउटरिच नेपाल प्रालिका प्रबन्ध निर्देशक तथा रणनीतिक योजना प्रमुख उजय शाक्य चीनमा इसिआई इनोभेटिभ मार्केटर अफ दी इयर २०२३ बाट सम्मानित भएका छन्। इसिआई फेस्टिभलले आयोजना गरेको गाला इभेन्टमा शाक्यलाई सम्मानित गरिएको हो।

चीनको उक्सीमा सम्पन्न कार्यक्रममा दक्षिण एसियाको अभियन्ताका रूपमा परिचय बनाइसकेका शाक्यलाई यस क्षेत्रमा विज्ञापन र बजारीकरणका लागि पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको जनाइएको छ। उनले फेस्टिभलमा डेटाद्वारा सञ्चालित संसारमा मानवीय भावनाको दिगो महत्त्वबारे धारणा राखेको उल्लेख छ। शाक्यलाई प्रदान गरिएको सम्मानले विज्ञापन र बजारीकरणको परिदृश्यमा सकारात्मक परिवर्तन ल्याउने अभियन्ताका रूपमा उनको स्थान कायम भएको आउटरिचको दाबी छ।

उक्त फेस्टिभलमा विश्वका १३ राष्ट्रका प्रतिनिधि भेला भएर 'ग्लोबर सस्टेनेबल इनोभेसन एन्ड सिभिलाइजेसन डेभलपमेन्ट इनिसिएटिभ्स' भन्ने विषयमा छलफल गरेको जनाइएको छ।

एनआइसी एसिया क्यापिटलले सुरु गऱ्यो वेब बेस्ड प्लेटफर्म

काठमाडौं/ एनआइसी एसिया क्यापिटलले डाइनामिक डेप्थ फन्डका लगानीकर्ताका लागि वेब बेस्ड प्लेटफर्म सुरु गरेको छ। कम्पनीले नेपालमा सञ्चालित खुलामुखी योजनामध्ये लगानीमा न्यून जोखिम र नियमित प्रतिफल वितरण गर्न सक्ने क्षमता रहेको दाबीसहित सञ्चालनमा ल्याएको लगानी योजनामा थप सुविधा ल्याएको हो।

उक्त प्लेटफर्ममार्फत लगानीकर्ताले फन्डका इकाइ खरिद, एसआइपी दर्ता, एसआइपीको किस्ता भुक्तानी र आफ्नो लगानी सजिलैसँग निगरानी गर्न सकिने व्यवस्था मिलाएको कम्पनीको भनाइ छ। क्यापिटलले डिजिटलाइज्ड इन्भेस्टमेन्ट इकोसिस्टमको प्रवर्द्धनका साथै नेपाल र विश्वभर रहेका नेपाली लगानीकर्तालाई लगानीमा पहुँच विस्तार गर्ने उद्देश्यले क्युआर स्क्यान गरी छिटो-छरितो र सहज रूपमा एसआइपीमा सहभागी हुन तथा किस्ता भुक्तानी गर्न सकियोस् भन्ने मुख्य उद्देश्यका साथ यो सुविधा ल्याएको उल्लेख गरेको छ।

यसले लगानीकर्तालाई इकाइ खरिद गर्न, एसआइपीमा सहभागी हुन सहज हुनुका साथै एसआइपी भुक्तानी मिति निर्धारण गर्न र नियमित रूपमा आफूले भुक्तानी गरेको रकम तथा प्राप्त योजनाको इकाइको ट्र्याक राख्न सहयोग पुग्ने क्यापिटलले जनाएको छ।

तातोपानीका ३३ सय घरको बिमा, पाँच लाख दाबी भुक्तानी पाउने

जुम्ला/ तातोपानी गाउँपालिकाले पालिकाभरि रहेका सबै घरको बिमा गरिदिएको छ। गाउँ कार्यपालिकाको कार्यालयले सबै अर्थात् तीन हजार तीन सय घरको बिमा शिखर इन्स्योरेन्स कम्पनीमा गरिदिएको हो।

पालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले शिखर इन्स्योरेन्स कम्पनीसँग एउटा घर पनि नछुट्ने गरी बिमा गरेको बताए। उनले भने, 'विपत् आएर क्षति भइसकेपछि पालिकाले दिएको १०-१५ हजार राहतले कुनै आवश्यकता पूर्ति हुने देखिएन। सबैलाई थौरै-थोरै राहत दिनुभन्दा एकमुष्ट बिमा गरिदिएपछि नागरिक पनि ढुक्क, पालिका पनि ढुक्क। थोरै राहत दिएर पन्छिने अवस्था नआओस् भनेर यसो गरेका हौं।' जनतालाई राहत दिन छुट्याएको रकम खर्च गरेर बिमा गरिएको छ। अब केही विपत्बाट घर भत्किएको खण्डमा नागरिकले उचित राहत पाउने पालिकाले जनाएको छ। बाढीपहिरोपछि राहत वितरणमा ढिलाइ हुने, तथ्यांक संकलनमै महिना बित्ने, तत्काल राहत नपाएको भन्ने गुनासो उत्तिकै आउनेजस्ता समस्या रहेकाले घरको बिमा गरिदिएपछि सबै समस्याबाट मुक्त भइने अध्यक्ष चौलागाईंले उल्लेख गरे।

जुम्लाका आठ स्थानीय तहमध्ये तातोपानीले सबैभन्दा पहिले घर बिमा कार्यक्रम ल्याएको हो। शिखर इन्सोरेन्सका कर्णाली इन्चार्ज ऋषिराम पाण्डेले पालिकाले प्रतिधुरी चार सय ६६ रुपैयाँ बिमाशुल्क तिरिदिने बताए। जसमा घरधनीले बिमाशुल्क थपेर बढी रकमको बिमा गर्न पनि सक्ने उल्लेख छ।

सिन्धुज्वाला हाइड्रो पावर लिमिटेड

तीनकुने, काठमाडौं

विशेष साधारणसभा सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०८/२७

यस सिन्धुज्वाला हाईड्रो पावर लिमिटेडको संचालक समितिको सम्बन्धमा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डोबाट मिति २०७९/०१/०२ मा जारी भएको निर्देशन अनुसार यस कम्पनीको संस्थापक प्रथम संचालक समितिले उक्त निर्देशन बमोजिम विशेष साधारणसभा बोलाई सोही निर्देशन बमोजिम संचालक समितिको निर्वाचन लगायतका कार्यहरु सम्पन्न गर्ने कानुनी दायित्व हुन आएकोले यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरि निर्णय गर्नुपर्ने भएकाले यहाँहरुको गरिमामय उपस्थितिको लागी सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ।

तपशिल

विशेष साधारणसभा हुने मिति, समय र स्थान :

मिति : २०८० पौष २७ गते।

समय : बिहान ९:०० बजे।

स्थान : स्काइ दरबार पार्टी प्यालेस, बग्गीखाना, सिंहदरबार, काठमाडौं।

प्रस्तावहरु :

१. संचालक समितिको निर्वाचन गरि बैधानिक संचालक समिति गठन गर्ने सम्बन्धमा।
२. स्वतन्त्र लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
३. स्वदेशी तथा विदेशी लगानि कर्तावाट प्राप्त लगानी प्रस्ताव अनुमोदन गर्ने सम्बन्धमा।
४. विविध।

नोट :

१) निर्वाचन सम्बन्धी कार्यक्रम विशेष साधारणसभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको कार्यालयमा प्रकाशित गरिने छ।

२) प्रोक्सी मिति पौष २३, २०८० सम्म यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ।

३) शेयरधनी महानुभावहरुले आफ्नो सक्कल शेयर प्रमाणपत्र वा साधारणसभा प्रयोजनार्थ जारी प्रवेशपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ।

४) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रतिनिधि (प्रोक्सी) कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दिनु पर्नेछ।

५) विशेष साधारणसभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरुको हस्ताक्षरको लागी हाजिरी पुस्तिका बिहान ७:०० बजे देखि नै खुल्ला गरिने छ।

६) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

संस्थापक प्रथम संचालक समिति

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०८/२७ गते

यस माछापुच्छ्रे बैंक लि. धरान शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०२/१९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पत्तिको विवरण
सुनिता के.सी. ना.प्र.नं. १४४२/२४४, जि.प्र.का. सुनसरी जारी मिति : २०५३/०७/१२ बाबु : गोविन्द के.सी. पति : महेश्वर राई, ससुरा : धौलविर राई ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५	धौलविर राईको बुहारी, गोविन्द के.सी. को छोरी, महेश्वर राईको पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बस्ने सुनिता के.सी. को नाममा मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, बाक्लगरा वडा नं. १ क स्थित कि.नं. १२९२ र १६४५ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-०-३-० (बिघा) को घर जग्गा आदि सम्पूर्ण लिगलगापत समेत।

व्यक्तिगत जमानतकर्ताहरु

१. सुनिता के.सी.	२. महेश्वर राई
ना.प्र.नं. १४४२/२४४, जि.प्र.का. सुनसरी जारी मिति : २०५३/०७/१२ बाबु : गोविन्द के.सी. पति : महेश्वर राई, ससुरा : धौलविर राई ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५	ना.प्र.नं. ०६-०२-७२-०२७७७, जि.प्र.का. सुनसरी जारी मिति : २०७२/०९/२९ बाबु : धौलविर राई, बाजे : हर्कध्वज राई ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक मौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दाबी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८०/०९/०३ मंगलबार कार्यालय समय सम्म शाखा कार्यालय, धरान	२०८०/०९/०४ बुधबार दिनको ३:३० बजे शाखा कार्यालय, धरान

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

शाखा कार्यालय, धरान

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति : २०८०/०८/२७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय चाबहिल, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा मिति २०७९/०४/१९ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना, मिति २०७९/०७/०३ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति २०७९/०८/०९ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा, मिति २०७९/०९/१४ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना र मिति २०८०/०४/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र मोर्गेज लोन-आवधिक कर्जा

ऋणीहरुको नाम र ठेगाना

१. नाम : मनोज उप्रेती
बाबु : भव उप्रेती
बाजे : तिर्थराज उप्रेती
ठेगाना : का.म.न.पा.-०७, चाबहिल, काठमाडौं
ना.प्र.नं. : १२९२४
जारी मिति : २०४८/०३/१७
(प्रतिलिपि मिति : २०५७/०८/२९)
जि.प्र.का. : काठमाडौं

२. नाम : रेखा न्यौपाने
बाबु : ईश्वर प्रसाद न्यौपाने
पति : मनोज उप्रेती
ससुरा : भव उप्रेती
ठेगाना : का.म.न.पा.-६, काठमाडौं
हाल : का.म.न.पा.-७, चाबहिल, काठमाडौं
ना.प्र.नं. : ६३५२
जारी मिति : २०४९/१२/०५
जि.प्र.का. : काठमाडौं

धितो राखिएको सम्पत्तिको विवरण :

धितो सुरक्षण धनीको नाम : मनोज उप्रेती

सि.नं	जिल्ला	गा.वि.स./न.पा.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल	कैफियत
१.	काठमाडौं	का.म.न.पा.	८/१०२१०६८१७	१९५	०-३-०-१ (रोपनी) ९७.३६ (व.मि.)	सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिग लगापात समेत।
२.	काठमाडौं	का.म.न.पा.	८/१०२१०६८१७	२०८	०-०-२-१ (रोपनी) १७.८९ (व.मि.)	
३.	काठमाडौं	जोरपाटी	९/१०२०९९००८	३६	४३.६० (व.मि.)	
४.	काठमाडौं	जोरपाटी	९/ १०२०९९००८	५६	५४.०० (व.मि.)	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साबिकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवम् शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कले ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग, काठमाण्डौ स्थित प्रधान कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/०९/०४ गते, बुधबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौं।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारेको कृषि विकास बैंक लि., शाखा जोरपाटीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८०।०८।२७ गते)

कृषि विकास बैंक लिमिटेड, शाखा जोरपाटीबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, व्याजलगायतका बुझाउनु पर्ने रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन, नियमबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा ब

एमाले अभियानले संसदीय समिति बैठक प्रभावित

कमलराज भट्ट/नयाँ पत्रिका

एमालेको मध्यपहाडी संकल्प यात्राले संसदीय समितिका बैठकहरू प्रभावित भएका छन्। संसद् अधिवेशन अन्त्य भएका वेला समितिहरू चलायमान हुनुपर्नेमा प्रमुख प्रतिपक्षी दल एमालेका सांसदहरू मध्यपहाडी अभियानमा सहभागी हुँदा संसदीय समितिका बैठकहरू बस्न नसकेका हुन्।

१६ कात्तिकमा बर्खे अधिवेशन अन्त्य भएपछि समितिका बैठकहरू उल्लेख्य मात्रामा बस्न सकेका छैनन्। राष्ट्रिय सभार्फ समितिका बैठक बसे पनि प्रतिनिधिसभातर्फ भने कोरम नपुग्ने समस्या समितिमा दोहोरिएको छ। प्रतिनिधिसभाका समितिमा मात्रै १२ वटा विधेयक थन्किएका छन्। तर, कुनैमा पनि छलफल अगाडि बढेको छैन। समिति सभापतिले सभामुखसँग कोरम नपुगेको गुनासो गरिहँदा अहिले एमालेको अभियान, संसद् सेवा दिवसलगायत कारणले समिति बैठक बस्न नसकेका हुन्।

१४ मंसिरदेखि सुरु भएको एमालेको 'झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा' अहिले चलिरहेको छ। २ पुससम्म चल्ने यो अभियानमा सहभागी हुन सांसदहरूले समितिमा आफू उपस्थित हुन नसक्ने र प्रतिपक्षी सांसदविना बैठक नराख्न आग्रह गरेपछि समितिहरू प्रभावित भएका हुन्। यसैगरी, २४ मंसिरदेखि सुरु भई २८ गतेसम्म चल्ने संघीय संसद् सेवा दिवसका कारण पनि समिति बैठक प्रभावित भएका छन्। यिनै कारण मंगलबार बिहान बोलाइएको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठक स्थगित भयो।

'बैठक भनेर समयमै सिंहदरबार आएँ, तर कुनै जानकारी नदिई स्थगित गरियो। यो ठीक भएन,' जसपा सांसद रञ्जु झाले गुनासो गरिन्। कानुन समितिले टिआरसी विधेयक र केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमा छलफल गर्न बैठक बोलाएको थियो। समिति सभापति विमला सुवेदीले संसद् सेवा दिवसमा कर्मचारी केन्द्रित भएको र केही सांसद एमालेको अभियानमा सहभागी भइरहेको सन्दर्भमा बैठक स्थगित गरिएको बताइन्। 'अब एमालेको अभियान सकिएपछि अर्को बैठक तोक्छौं,' उनले भनिन्।

एमालेकै अभियानका कारण एनसेल प्रकरणमा प्रधानमन्त्रीसँग छलफल गर्ने राज्य व्यवस्था तथा सुशासन समितिको कार्यक्रम एक साता पछि सरेको छ। २२ मंसिरमा तोकिएको समयभन्दा झन्डै एक घन्टापछि बसेको राज्य व्यवस्था बैठकमा सभापति रामहरि खतिवडाले २५ गते प्रधानमन्त्रीसँग र २७ गते प्रधानसेनापति छलफल गर्ने कार्ययोजना सुनाएका थिए। लगत्तै एमाले सांसद रघुजी भएको अनुभव सुनाउँछन् राम परियार। 'यस्तो हुन्छ भन्ने थाहा पाएको भए यहीं लेबर काम गरेर भए पनि बस्थें,' उनले भने, 'जाने वेलासम्म त्यस्तो हुन्छ भन्ने थाहा थिएन। आर्मीमा भर्ती भएपछि चार-पाँच महिना त तालिम दिन्छ होला, त्यसपछि युद्ध पनि मत्थर होला भन्ने ठानेर गएको हो।'

> एनसेलबारे प्रधानमन्त्रीसँगको छलफल एक साताका लागि सऱ्यो, न्यायाधीशको सुनुवाइ र टिआरसी पनि प्रभावित

पन्तले आफ्नो पार्टीको अभियान चलिरहेको, त्यसमा सहभागी हुनुपर्ने भन्दै यसबीचमा बैठक नराख्न माग गरेका थिए। सभापति खतिवडाले कसको केही, कुनै पार्टीको के कार्यक्रम गर्दा कहिल्यै बैठक बस्न नसकिने भनेपछि आफूहरूको महत्त्वपूर्ण अभियान भएको र प्रतिपक्षविनाको संसद् परिकल्पना गर्न नसकिने भन्दै यो कुरामा ध्यान पुऱ्याउन पन्तले चेतावनी नै दिएका थिए। यसमा काग्रेसकी ईश्वरीदेवी न्यौपानेले प्रमुख प्रतिपक्षीविना समिति चलाउनु उपयुक्त नहुने भन्दै समर्थन गरेपछि सभापति खतिवडाले एनसेलबारे प्रधानमन्त्रीसँग जवाफ लिने कार्यक्रम ३ पुस र प्रधानसेनापतिबाट फास्ट ट्र्याक र जर्नेलको उमेर विवादबारे जानकारी लिने बैठक ४ पुसमा सारेका छन्। सभापति खतिवडाले एमालेका सदस्यहरूको आग्रहमा बैठक एक सातापछि सारिएको बताए। 'अब ३ पुसमा प्रधानमन्त्री र ४ गते प्रधानसेनापतिसँग छलफल सकेर त्यसपछि नियमित विधेयकमा छलफल अगाडि बढाउँछौं। अब दायाँबायाँ अलमलिने छुट छैन,' उनले भने।

एमालेकै अभियान र संसद् सेवा दिवसकै कारण सर्वोच्च अदालतमा प्रस्तावित न्यायाधीशको सुनुवाइसमेत एक साता सरेको छ। २१ मंसिरमा बसेको संसदीय सुनुवाइ समितिको बैठकमा एमाले सांसद देवेन्द्र दाहालले पार्टीको अभियान आफ्नो प्रदेशमा आइपुगेको र त्यहाँ सामेल हुनुपर्ने भएकाले आफूहरूको उपस्थिति कठिन हुने जानकारी गराए। काग्रेस सांसद ज्ञानेन्द्र कार्कीले पार्टीको महत्त्वपूर्ण कार्यक्रममा उपस्थित हुनुपर्ने कुरालाई नकार्न नसकिने भन्दै समर्थन जनाएपछि न्यायाधीशको सुनुवाइ एक सातापछि २९ मंसिरलाई सऱ्यो। बैठकमा सचिव पद्मप्रसाद पाण्डेयले संसद् सेवा दिवसमा कर्मचारी व्यस्त हुने भएकाले बैठक सार्नुपर्ने अनुरोध गरेका थिए। एमालेको अभियान र संसद्का कर्मचारीको पनि सेवा दिवसलाई मध्यनजर गरेर बैठक राख्नुपर्ने धारणा सचेतक महेश बर्तौलाले राखेपछि समिति न्यायाधीशको सुनुवाइ प्रक्रिया २ पुससम्म लम्ब्याउने निष्कर्षमा पुग्यो।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति राजकिशोर यादवले पनि एमालेको देशव्यापी अभियान, संसद्का कर्मचारीको आन्तरिक कार्यक्रम र सांसदहरू जिल्लातिर भएकाले बैठक राख्न नसकिएको बताए। एनसेलबारे छलफल चलाएको अर्थ समिति सभापति सन्तोष चालिसेले सभामुखले २८ मंसिरसम्म कुनै बैठक नराख्नु भनेको बताए। 'एमालेको अभियानमा माननीयहरू हुनुहुन्छ। सभामुखज्यूले संसद् सेवा दिवसलाई देखाएर २८ गतेसम्म कुनै समिति नगर्नु भन्ने परिपत्र गर्नुभएको छ,' उनले भने, 'अब पुस पहिलो हप्ता बैठक राख्ने र एनसेलबारे विस्तृत छलफलमा जाने योजनामा छौं।'

उद्योग समिति सभापति अब्दुल खानले एमालेको अभियानलाई मध्यनजर गर्दै बिहानै बैठक राख्ने प्रयत्न गरिरहेको बताए। 'एकातिर संसद् सेवा दिवसको कुरा छ भने अर्कोतिर एमालेका साथीहरूले अभियानमा जानुछ भनिरहेको अवस्थामा बिहानै ८ बजे बैठक राखेर ११ बजे सिध्याउने गरी अगाडि बढेको छु। कुनै पनि हालतमा संसद् प्रभावित हुनुहुँदैन भन्ने प्रयास हो,' उनले भने।

रुसी सेनाको...

पृष्ठ १ बाट क्रमशः

फर्काउने निश्चित थियो, त्यसैले उनले उद्धार गर्न भाइलाई आग्रह गरे। श्रेष्ठका अनुसार भाइले रुसमै व्यवसाय गर्दै आएका आफन्तसँग सम्पर्क गरे। ती आफन्तले युक्रेनमा बस्ने भारतीय साथीलाई समस्या सुनाए। भारतीयले युक्रेनी आर्मीमा भएका एक एजेन्टसँग सम्पर्क गरे। तीनजनाको ६ लाख ३० हजार बुझाउने गरी उनीहरूलाई क्याम्पबाट भगाउने योजना बन्यो। रुसले कब्जा गरेको युक्रेनकै भूभाग नोभोपेट्रिभका भन्ने ठाउँमा रुसी सेनाको क्याम्पमा उनीहरू थिए।

श्रेष्ठका अनुसार उनीहरूलाई उद्धार गर्न ४ डिसेम्बरमा स्वयंसेवक संस्थाको एक गाडी क्याम्पनजिकै पठाइएको थियो। योजनाअनुसार गाडी पुग्नुअघि नै तीनैजना क्याम्पबाहिर निस्किएका थिए। गाडी आएपछि उनीहरू चढेर भागेका थिए। युक्रेनी एजेन्टले अर्का रुसी एजेन्टसँगको समन्वयमा १२ घन्टा लामो यात्रापछि मस्को पुऱ्याइदिएको श्रेष्ठले बताए।

'मस्को आइपुग्दा हाम्रो खुट्टामा चप्पल मात्रै थियो। रुसी सेनाको आँखा छलेर भागेकाले जुत्ता लगाउने कुरै भएन। युद्ध क्षेत्रमा धुँडासम्म आउने हिउँ थियो। धेरै मुस्किलले मस्कोसम्म पुगियो,' उनले भने।

मस्कोमा नेपाली विद्यार्थीसँग सम्पर्क गरेको र उनीहरूकै सहयोगमा टिकट काटेर दिल्लीसम्म आइपुगेको बताए। दिल्लीबाट गत शुक्रबार उनीहरू काठमाडौं आइपुगेका हुन्। काठमाडौं झरेपछि सबैभन्दा पहिले माटोलाई ढोगेको रामचन्द्रले सुनाए। 'आगोको भुमरीमा पसेर सकुसल फर्किन्छु भन्ने लागेकै थिएन,' उनले भने, 'स्वदेशको भूमिका टेकेपछि बल्ल बाँचेजस्तो भयो।'

अहिलेको अवस्थामा रुसी आर्मीमा जानु सीधै मृत्युको मुखमा जानुसरह भएको अनुभव सुनाउँछन् राम परियार। 'यस्तो हुन्छ भन्ने थाहा पाएको भए यहीं लेबर काम गरेर भए पनि बस्थें,' उनले भने, 'जाने वेलासम्म त्यस्तो हुन्छ भन्ने थाहा थिएन। आर्मीमा भर्ती भएपछि चार-पाँच महिना त तालिम दिन्छ होला, त्यसपछि युद्ध पनि मत्थर होला भन्ने ठानेर गएको हो।'

रुसी सेनामा भर्ती भएका नेपालीमध्ये त्यहाँ पढ्न गएका विद्यार्थी, सामान्य नागरिक, पूर्व प्रहरी र पूर्वसैनिक रहेको श्रेष्ठले बताए। उनका अनुसार करिब ५० नेपाली विद्यार्थी त्यहाँको सेनामा छन्। कतार, दुबईलगायत मुलुकबाट गएका नेपाली पनि उतैबाट रुसी आर्मीमा भर्ती भएको उनले बताए। दुबईबाट जाने धेरै छन्। रुसी आर्मीमा भर्ती हुन कुनै पनि योग्यता नचाहिने श्रेष्ठले बताए। होचा, पुड्का, कम तौल भएका, पाका उमेरदेखि हातका औंला नभएका नेपाली पनि रुसी आर्मीमा भेटिएको उनले सुनाए।

'म भने लामो समय तालिममा बस्न पाएँ। तर, कतिपयलाई पाँच दिनमै युद्धमा पठाइएको छ,' उनले भने। उनका अनुसार तालिममा बन्दुक चलाउन र प्राथमिक उपचारबारे मात्रै सिकाइन्थ्यो। युद्धमा पठाउँदा पनि बन्दुक, बारुद र एउटा मेडिकल सामग्री दिएर पठाउने गरेको उनले बताए।

भर्ती हुँदा मासिक तीन लाख रुपैयाँसम्म पारिश्रमिक हुने बताए पनि पारिश्रमिक निश्चित रूपमा नपाउने गरेको पनि फर्किएकाले बताएका छन्। सेप्टेम्बरमा भर्ती भएपछि दुई महिनासम्म कुनै पारिश्रमिक नपाएको परियारले बताए। 'त्यस अवधिमा मैले दुईपटकसम्म घरबाट नै पैसा मगाएर खर्च गरैं,' उनले भने। तर, रामचन्द्रले भने युद्ध क्षेत्रमा गएपछि थप भत्ता पाएको बताए। 'युद्धमा गएबापत मलाई थप भत्ता पनि दिएको रहेछ। अहिले बैंक खाता हेरेको एक महिनाको ६ लाख रुपैयाँसम्म दिएछ,' उनले भने। उनीहरूका अनुसार रुसी सेनामा नेपालीबाहेक इजिप्ट, केन्यालगायत मुलुक नागरिक पनि छन्।

नेपालमा पनि...

पृष्ठ १ बाट क्रमशः

भर्ती गर्ने नेपाल सरकारको नीति नरहेको भनेर हामीले जवाफ दिएका छौं।' बर्दियाका खत्री असोज अन्तिम सातादेखि र काभ्रेका ढकाल मंसिर दोस्रो सातादेखि युक्रेनी सेनाको नियन्त्रणमा छन्।

मृतकका परिवारलाई क्षतिपूर्ति दिन रुस तयार

रुसी सेनामा कार्यरत रहँदा मृत्यु भएका ६ नेपाली सैनिकका परिवारलाई क्षतिपूर्ति दिन रुस तयार भएको छ। यसका लागि लामो प्रक्रिया पार गर्नुपर्ने जानकारी रुसले नेपाललाई पठाएको छ। 'क्षतिपूर्तिका सम्बन्धमा हामीले राखेको चासोका सम्बन्धमा रुस सरकारले जवाफ पठाएको छ। यसको प्रक्रिया लामो रहेछ। राजदूतावासले कन्सुलर विभागलाई सबै विवरण पठाइसकेको छ,' रुसका लागि नेपाली राजदूत डा. मिलनराज तुलाधरले टेलिफोनमा भने।

रुसी सेनामा कार्यरत गोरखाका सन्दीप थपलिया र राजकुमार रोका, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की र इलामका गंगाराज मोक्तानको युद्धका क्रममा मृत्यु भएको थियो। रुसी सेनाले नेपाली राजदूतावासमार्फत यो जानकारी दिएको थियो। नेपालले मृतकका परिवारलाई क्षतिपूर्तिका लागि रुस सरकारसँग औपचारिक रूपमा पत्राचार गरेपछि रुसले जवाफ पठाउँदै क्षतिपूर्ति दिने जानकारी दिएको हो। 'हामीले क्षतिपूर्तिको विषयलाई गम्भीरतापूर्वक उठाइरहेका छौं,' राजदूत तुलाधरले भने। उनीहरूको शव नेपाल पठाउन नेपालले आग्रह गरे पनि रुसले भने युद्धको अवस्थामा उनीहरू मारिएको र युद्ध जारी रहेको अवस्थामा यो सम्भव नरहेको मौखिक जानकारी दिएको छ। रुसी सेनामा दुई सयभन्दा बढी नेपाली नागरिक भर्ती भएको जानकारी आएको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बताएका छन्। रुसी सेनामा भर्ती गर्न नेपाली युवा लैजान संलग्न रहेको गिरोहलाई प्रहरीले पक्राउ पनि गरिसकेको छ।

पीडितको झन्डै...

पृष्ठ १ बाट क्रमशः

मिटरब्याजपीडितको समस्या समाधान गर्न सरकारले २० चैत ०७९ मा कार्कीको संयोजकत्वमा आयोग गठन गरेको थियो। आयोगमा नेपाल प्रहरीका पूर्वएआइजी उत्तम सुवेदी र गणेशप्रसाद अर्याल सदस्य थिए। गठन भएयता एकपटक तीन महिना र अर्कोपटक दुई महिना आयोगको म्याद थपिएको थियो।

आयोगले देशभरबाट मिटरब्याजपीडितको २८ हजार निवेदन संकलन गरेको थियो। जसमध्ये पाँच हजार एक सय ८८ निवेदन मिलापत्र भएको र दुई सय १८ बिघा जमिन फिर्ता भएको आयोगका अध्यक्ष कार्कीले बताए। 'आयोगले पाँच हजारभन्दा धेरै निवेदनमा मिलापत्र गराएको छ। धेरै जमिन फिर्ता भयो। बाँकी निवेदनमा सहमति खोज्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अधिकार दिनुपर्ने हामीले भनेका छौं,' उनले भने।

आयोगका अनुसार प्राप्त निवेदनमध्ये सबैभन्दा धेरै मधेश प्रदेशबाट छन्। त्यहाँका आठ जिल्लाबाट मात्रै २१ हजार पाँच सय ५२ निवेदन परेका थिए। त्यस्तै, पश्चिम नवलपरासीबाट एक हजार आठ सय ६२ निवेदन परेका थिए। अनुचित लेनदेनको केन्द्र नै मधेश प्रदेश र पश्चिम नवलपरासी रहेको प्रतिवेदनमा उल्लेख छ। ६७ जिल्लामा मिटरब्याजपीडितहरूको निवेदन परेका थिए। प्रतिवेदनअनुसार हालसम्म पीडित र साहुकारबीच पाँच अर्ब ५७ करोड १९ लाख रुपैयाँको लेनदेन भएको कागजात फेला परेको छ। तर, साहुहरूले भने कुल सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ असुल हुन बाँकी रहेको दाबी गरेका छन्। त्यसो हुँदा दुई अर्ब पाँच करोड ६० लाख रुपैयाँको लिखत कागजात देखिँदैन। निवेदन परेकामध्ये एक अर्ब ७२ करोड ८६ लाख रुपैयाँ भने सहमतिमा टुंगिएको छ।

वीरमा बिरामी...

पृष्ठ १ बाट क्रमशः

खरिदका लागि करिब १० दिन लाग्छ। पूर्वतयारी नगर्दा टिकट अभावका कारण ओपिडी सेवासमेत बन्द हुने अवस्था छ। टिकट नभए सेवा बन्द गर्नुको विकल्प नहुने अस्पतालका एक कर्मचारीले बताए। 'वीरमा टिकट र भर्ना कागज मुस्किलले एक-दुई दिनलाई पुग्छ होला,' ती कर्मचारीले भने, 'सकिएपछि सेवा बन्द गर्नुपर्छ, किनभने बिरामीको विवरण त्यही टिकटमा लेखिन्छ, टिकटविना बिरामी जाँच्न समस्या हुन्छ।'

ओपिडी, विशेष र आकस्मिक गरी अस्पतालले तीन प्रकारको टिकट वितरण गर्दै आइरहेको छ। तीनै प्रकारको टिकट सकिन लागेको छ। अस्पताल प्रशासनसँग मुस्किलले चार हजार प्रति टिकट स्टक छ। उक्त टिकट एक-दुई दिनमै सकिन्छ। वीरमा दैनिक दुई हजारवटा (तीनै प्रकारका) सम्म टिकट बिक्री हुन्छ। वीरले ओपिडी र इमर्जेन्सी टिकटको ३० रुपैयाँ र विशेषको एक सय रुपैयाँ शुल्क लिन्छ। टेन्डर गर्दा सप्लायर्स कम्पनीले प्रतिटिकट चार रुपैयाँ मात्रै लिन्छ। अस्पतालले चार रुपैयाँमा खरिद गरेको टिकट बिमा गरेका बिरामीले दुई सय रुपैयाँ तिर्नुपर्छ।

अस्पताल प्रशासनले ६ महिनाअघि ६ लाखप्रति टिकट तथा भर्ना कागज खरिद गरेको थियो। 'टेन्डर प्रक्रिया अघि बढाउँदा समय लाग्छ, सरसफाइ प्याकेजमा टिकट, भर्ना कागजलगायत सबै सामान ल्याउने हो,' अस्पतालको जनरल कक्षका एक कर्मचारीले भने, 'नेतृत्वको लापरबाहीले कागजसमेत मौज्दात छैन, यो सबै समस्या प्रशासन खराब भएर देखिएको हो।' उनका अनुसार अब टिकटलगायत कागज खरिदका लागि बागमती प्रेसलाई ठेक्का दिने तयारी भएको छ, तर प्रक्रिया भने अघि बढेको छैन। अस्पताल प्रशासनले सबै प्रकारका गरेर पाँच लाख हाराहारी टिकट खरिद गर्ने तयारी गरिरहेको छ।

तीन वर्षदेखि...

पृष्ठ १ बाट क्रमशः

वर्ष वा सोभन्दा बढी अवधि काठमाडौं उपत्यकाभित्र कार्यरत कर्मचारीलाई कार्यावधिको ज्येष्ठताका आधारमा उपत्यकाबाहिर सरुवा गर्न सरकारलाई सिफारिस गरेको थियो। शक्ति र पहुँचका आधारमा लामो समयदेखि सिंहदरबार र काठमाडौं उपत्यकामा ठूलो संख्यामा कर्मचारी रहने, तर बाहिर अभाव हुने समस्या समाधानका लागि कार्यदलले यस्तो सिफारिस गरेको थियो। कार्यदलको सिफारिसकै सेरोफेरोमा अहिलेको मापदण्डमा व्यवस्था गरिएको छ।

मापदण्डले प्रमुख प्रशासकीय अधिकृत खटाउने विभिन्न आधार तय गरेको छ। नयाँ नियुक्ति तथा बढुवा भई आउने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटाउने व्यवस्था अनिवार्य गर्ने मापदण्डमा उल्लेख छ। तर, शाखा अधिकृतका हकमा भने निजले माग गरेको अवस्थामा बाहेक सेवा अवधि तीन वर्ष पुगेपछि मात्र प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाउने व्यवस्था मापदण्डमा छ। नयाँ शाखा अधिकृतको अनुभव र क्षमता नपुग्ने, तर उपसचिव पालिका जानै नमान्ने प्रवृत्तिलाई यो व्यवस्थाले सम्बोधन गर्नेछ। स्थानीय तहमा निमित्तको विकृति न्यूनीकरण गर्ने विषयलाई पनि मापदण्डले कडाइ गर्न खोजेको छ।

जथाभावी र कनिष्ठलाई पनि निमित्त दिँदा कतिपय स्थानीय तहमा कर्मचारीबीच नै द्वन्द्व छ। यसलाई निरुपण गर्ने हेतुले मापदण्डमा व्यवस्था प्रस्ताव गरिएको छ। जसअनुसार कम्तीमा पाँच वर्ष कार्यानुभव भएकालाई मात्र निमित्त दिने व्यवस्था पनि मापदण्डमा प्रस्ताव गरिएको छ। कर्मचारी अभाव भई स्थानीय तहको स्वीकृत दरबन्दी तेरिजबमोजिम प्रमुख प्रशासकीय अधिकृत तत्काल खटाउन नसकिने भएमा एक श्रेणी मुनिको पदमा कम्तीमा पाँच वर्ष कार्यानुभव भएको सोही सेवा समूहको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटाउन सक्ने व्यवस्था मापदण्डले गरेको छ। तर, गाउँपालिकाका हकमा भने राजपत्रांकित तृतीय श्रेणीको अधिकृतस्तर कर्मचारी नै खटाउनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

त्यस्तै, प्रमुख प्रशासकीय अधिकृत खटाउँदा सम्बन्धित कर्मचारीलाई कामकाज गर्न चाहेको स्थानीय तहसम्बन्धी प्राथमिकता र स्थायी ठेगानालाई आधार मानी खटाइने व्यवस्था पनि मापदण्डमा गरिएको छ। प्रमुख प्रशासकीयमा खटाउँदा मन्त्रालयको अतिरिक्त समूहमा रहेका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका कर्मचारीहरूलाई प्राथमिकता दिने पनि मापदण्डमा उल्लेख छ। कर्मचारी आफैंले माग गरेको अवस्थामा बाहेक अवकाश हुने पाँच वर्षभन्दा कम अवधि बाँकी रहेका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा नखटाइने पनि मस्यौदामा उल्लेख छ।

मापदण्डमा प्रमुख प्रशासकीय अधिकृतको कार्यकाल र कामसम्बन्धी व्यवस्था पनि प्रस्ताव गरिएको छ। जसअनुसार प्रमुख प्रशासकीय अधिकृतको कार्यावधि कम्तीमा दुई वर्षको हुनेछ। तर, मन्त्रालयले विशेष परिस्थितिमा कारण खोली एक वर्ष अवधि पूरा भएको प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा गर्न सक्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ। अहिले स्थानीय तहमा प्रमुख प्रशासकीय नटिक्ने ठूलो समस्या छ। यसलाई सम्बोधन गर्न कम्तीमा एक वर्ष रहनैपर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

भौगोलिक क्षेत्रको अवधि पुगेकालाई सरुवाका लागि पनि मापदण्डले सहजीकरण गरेको छ। निजामती सेवा ऐनअनुसार (क) र (ख) वर्गको भौगोलिक क्षेत्रका स्थानीय तहमा न्यूनतम सेवा अवधि पूरा भएको प्रमुख प्रशासकीय अधिकृतलाई निजको मागबमोजिमको अन्य स्थानीय तह वा अन्य मन्त्रालय वा आयोग वा मातहतका निकायमा सरुवा गर्न प्राथमिकता दिने व्यवस्था मापदण्डमा प्रस्ताव गरिएको छ। विशेष परिस्थितिमा बाहेक आर्थिक वर्षको अन्तिम त्रैमासिक (वैशाखदेखि असारसम्म)मा प्रमुख प्रशासकीयको सरुवा नगर्ने व्यवस्था पनि मापदण्डमा प्रस्ताव गरिएको छ।

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की, नेपाल

प्रथम पटक प्रकाशित सूचना
मिति : २०८०/०८/२७

गण्डकी प्रदेश मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय थुमाकोडाँडा कास्कीको तपशिल बमोजिमका विभिन्न स्थानहरु बाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा, दहत्तर बहत्तर) आदिको बिक्रि शुल्क संकलन प्रयोजनार्थ आय ठेक्का सम्बन्धी बोलपत्र आह्वान गरिएकोले ईच्छुक फर्महरुले सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र निवेदन साथ फर्म दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व २०७९/०८० को कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपी संलग्न गरी बोलपत्र खरिद गर्न सकिने व्यहोरा यसै सूचना बमोजिम सम्बन्धीत सबैमा जानकारी गराइन्छ।

तपसिल

बोलपत्र नं.	घाटकोविवरण	अधिकतम उत्खनन परिमाण (घ.मि.)	न्यूनतम दर प्रति घन मिटर	न्यूनतम रकम कर बाहेक रु.	धरौटी रकम रु.	बोलपत्र फाराम दस्तुर
MRM/NCB/GHAT/1/080-81	ज्याम्दु लामा खेत (खण्ड -१ र २	३८०३	५००	१९०१५००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/02/080-81	ढकाले ढोड रञ्जित खोला छहरे भिर	११७७४	५००	५८८७०००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/03/080-81	विरुवा इन्दी घाट १ र २	११५९४	५००	५७९७०००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/04/080-81	पलमरीङ्ग घाट इन्दी खोला	३२८३	५००	१६४१५००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/05/080-81	स्याङ्गे खेत क्षेत्र	३२४२	५००	१६२१०००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/06/080-81	भगवती टार घाट	१४११०	५००	७०५५०००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/07/080-81	मकै खोला	५१२३	५००	२५६१५००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/08/080-81	भयरको थानमाथि मौरीवेसी	१३९८	५००	६९९०००	कवोल रकमको ५%	३०००
MRM/NCB/GHAT/09/080-81	उपल्लो फाँट चमेरे ओडार	२०४७	५००	१०२३५००	कवोल रकमको ५%	३०००

बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान

बोलपत्र नं	बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय		बोलपत्रदाखिला गर्ने मिति र समय		बोलपत्र खोल्ने मिति र समय	
	मिति	समय	मिति	समय	मिति	समय
MRM/NCB/GHAT/1 to 9/080-81	२०८०/०९/२९	१२:०० बजे	२०८०/०९/२९	१२:०० बजे	२०८०/०९/२९	१:०० बजे
बोलपत्र फारम खरिद बापतको रकम जम्मा गर्ने बैंकको नाम	माछापुच्छे बैंक मादी- ३ याङ्जाकोट खाता नं : ०७९००५१४७२९०००८३				मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की	
धरौटी रकम जम्मा गर्ने बैंकको नाम	माछापुच्छे बैंक मादी- ३ याङ्जाकोट खाता नं : ०७९००५१४७२९०००११				मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की	

शर्त तथा वन्देजहरु

१. पेश भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ।बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न वाध्य पर्ने छैन।

२. धरौटि रकम : बोलपत्रदाताले कवोल गरेको रकमको ५ प्रतिशतले हुन आउने धरौटी बापतको रकम बैंक दाखिला गरी सक्कलै भौचर वा कम्तीमा १२० दिन म्याद भएको मादी गाउँपालिकाको नाममा जारी भएको बैंक जमानत (विड वण्ड) संग्लन गरी बोलपत्र फारम पेश गर्नुपर्नेछ।बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको सहिछाप नभएमा बोलपत्र मान्य हुने छैन।

३. अन्य शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख भएको हकमा बोलपत्र फारममा र अन्यको हकमा सार्वजनिक खरीद ऐन २०६३ र नियमावलि २०६४ अनुसार हुनेछ।

यस सम्बन्धी अन्य जानकारीहरु https://www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

Siddhalek Rural Municipality
Office of Municipal Executive
Bungchung, Dhading
Bagmati Province, Nepal

Invitation for Bids
Fourth time Notice Publication Date: 2080/08/27

Siddhalek Rural Municipality, Office of Municipal Executive, Bungchung, Dhading invites electronic bids for the following works under National Competitive Bidding (NCB)

S. N.	Invitation for Bids No.	Name of Project	Estimated Amount (without VAT)	Bid Security	Last Date of Bid Submission	Bid opening Date	Cost of Bidding Document (Nrs)
1	REVENUE/01/2080/081	Revenue collection of stone, sand, aggregate, gravel and riverbed materials	87,31,387.93	4,36,570.00	2080.09.04, 12 noon	2080.09.04, 1 pm	3000.00

Eligible Bidder may obtain further and detail information from Siddhalek official web site www.siddhalekmun.gov.np and shall take part in bidding process from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.ह.नि.इ.न. १७/०६९/०७०
बुधबार २७ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

भारतसँग नेपाल १० विकेटले पराजित

भारतविरुद्धको खेलमा नेपाल २२.१ ओभरमा ५७ रनमै समेटियो, भारतले केवल ७.१ ओभरमा एक विकेट पनि नगुमाई सानदार जित निकाल्यो



नयाँ पत्रिका

एसिसी यू- १९ एसिया कप क्रिकेट प्रतियोतिगामा नेपाल भारतसँग १० विकेटले पराजित भएको छ। समूह 'ए'मा लगातार तीन खेल गुमाएको नेपाल अंकविहीन हुँदै घर फर्किएको छ। यसअघि नेपाल पाकिस्तान र अफगानिस्तानसँग पनि खराब हारको सामना गरेको थियो। भारतविरुद्ध खेल्नुअघि नै नेपाल सेमिफाइनल दौडबाट बाहिरिसकेको थियो। युएईको आइसिसी एकेडेमी २ मा भारतविरुद्धको खेल नेपालको नजरमा केवल औपचारिकता मात्र थियो।

पहिलो ब्याटिङ गरेको नेपाली ब्याट्सम्यानले इनिङ्सको कुनै पनि समयमा भारतलाई चुनौती दिन सकेनन्। ब्याटिङमा बिर्सनलायक प्रदर्शन गरेको नेपाली खेलाडीले भारतका एक विकेट पनि हात पार्न सकेनन्। भारतका सिमरराज लिम्बानीको घातक बलिङ सामना गर्न नसकेको नेपाल केवल २२.१ ओभरमा ५२ रनमै समेटिएको थियो। नेपालको ब्याटिङ रनरेट २.३४ रह्यो। भारतले विनाविकेट क्षति ७.१ ओभरमा ५७ रन बनाएको थियो।

भारतका लागि ओपनरद्वय आदर्श सिंहले १३ रन तथा अर्सिन कुलकर्णीले ४३ रनको अविजित योगदान दिए। सिंहले १३ बलमा दुई चौका प्रहार गरी ४३ रन बनाए। कुलकर्णीले ३० बलमा पाँच छक्का र एक चौका प्रहार गरेका थिए। नेपालका कप्तान देव खनालले तीन बल प्रयोग गरे। राष्ट्रिय टोलीका सदस्यसमेत रहेका गुल्सन झाले चार ओभरमा ३३ रन खर्चे। हेमन्त धामीले दुई ओभरमा १२ रन दिए। आकाश चन्दले १.१ ओभरमा १२ रन खर्चेका थिए।

राज एक्लैले लिए सात विकेट

भारतको सानदार जितमा सिमर बलराज लिम्बानीले कसिलोसँगै घातक बलिङ गरेका थिए। उनले केवल ९.१ ओभरमा १३ रन खर्चेर नेपालका सात ब्याट्सम्यानलाई आउट पारे। उनले आफ्नो स्पेलमा तीन मेडन ओभर पनि गरेका थिए। राजले इनिङ्सको ४.१ ओभरमा नेपालका दीपक बोहराले पहिलो विकेट लिएका थिए। उनले ८.५ र ८.६ ओभरमा लगातार दुई विकेट हात पारे। यसै ओभरमा नेपाललेे कप्तान देवलाई गुमाएको थियो। राजले नेपालको शीर्ष तथा मध्यक्रम ब्याटिङ ध्वस्त बनाए। भारतका लागि कुलकर्णीले दुई ओभरमा सात रन खर्चेदै एक विकेट लिए। सौम्य पाण्डेले दुई ओभरमा एक मेडन राखी एक रन मात्र दिए।

नेपालको ब्याटिङमा सर्वाधिक रन नै अतिरिक्त

टेस्ट मान्यतप्राप्त भारतको यू- १९ टोलीविरुद्ध नेपाली ब्याट्सम्यान निरीह साबित भए। इनिङ्सको कुनै पनि समयमा नेपालका ब्याट्सम्यानले भारतीय बलरलाई चुनौती प्रस्तुत गर्न सकेनन्। प्रतियोगितामा सहभागी हुनुअघि नेपालका कप्तान देवले टेस्ट राष्ट्रविरुद्ध उत्कृष्ट प्रदर्शन गरी सेमिफानल स्थान बनाउने लक्ष्य रहेको प्रतिक्रिया दिएका थिए। तर, भारत, पाकिस्तान र अफगानिस्तानविरुद्धको खेलमा नेपाली खेलाडीले गतिलो ब्याटिङ प्रदर्शन गर्न सकेनन्।

ब्याटिङमै मुख्य समस्या देखिएपछि नेपालका कुनै पनि ब्याट्सम्यानले भारतसँगको खेलमा दोहोरो रन नै बनाएनन्। नेपालको कमजार ब्याटिङमा सर्वाधिक रन नै अतिरिक्तबाट आएको थियो। भारतले नेपाललाई १३ अतिरिक्त रन दिएको थियो। जसमा १२ सर्वाधिक वाइड रह्यो। नेपालका लागि पुछारका हेमन्त धामीले सर्वाधिक आठ रनको योगदान दिए। उनले १८ बलमा एक चौका प्रहार गरेका थिए। दोस्रो ओपनर अर्जुन कुमालले २२ बल खेली सात रन जोडे। उनले एक चौका प्रहार गरे।

उत्तम मगर र दीपक डुम्रे शून्य रनमा आउट भए। ओपनर दीपक बोहराले ११ बल खेली एक रन मात्र बटुले। नेपालको ब्याटिङमा आकाश चन्द मात्र चार रनमा नटआउट रहे। नेपालको इनिङ्समा तीन चौका मात्र प्रहार भएको थियो। नेपालका सात ब्याट्सम्याना क्याच आउट भए। भारतीय बलर राजले एकनासले लाइनमा बलिङ गर्दा नेपालका ब्याट्सम्यान पटक-पटक विट भइरहेका थिए। सबैजसो ब्याट्सम्यानले नराम्रा सट खेलेका थिए। यस समूहबाट पाकिस्तान समूह विजेता र भारत उपविजेता हुँदै सेमिफाइनलमा पुगेका छन्।

अंक तालिका

समूह 'ए'

टोली	खेल	जित	हार	अंक	रनरेट
पाकिस्तान	३	३	०	६	१.६२
भारत	३	२	१	४	१.८५
अफगानिस्तान	३	१	२	२	-०.४७
नेपाल	३	०	३	०	-३.०७

समूह 'बी'

टोली	खेल	जित	हार	अंक	रनरेट
बंगलादेश	२	२	०	४	२.६८
श्रीलंका	२	१	१	२	१.७०
युएई	२	१	१	२	-५.५०
जापान	२	०	२	०	-५.६९

■ नेपाल सुपर लिग

झापाको पहिलो जित



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

नयाँ पत्रिका

जोर्गे सान्चेजको एक मात्र गोलको सहयोगमा नेपाल सुपर लिग (एनएसएल) मा झापा एफसीले निकालेको छ। दशरथ रंगशालामा झापाले पाँचौं खेलमा स्पष्ट तीन अंक बटुल्ने क्रममा बुटबल-लुम्बिनीलाई १-० ले हरायो। खेलको ३९औं मिनेटमा सान्चेजले झापालाई १-० को अग्रता दिलाएका थिए। उनले राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर अञ्जन विष्टको पासमा गोल गरे। ५ खेलमा ६ अंक जोडेको झापा छैटौं स्थानमा उक्लेको छ। एक खेलभन्दा बढी खेलेको बुटवल सात अंकका साथ पाँचौं स्थानमा यथावत् रह्यो।

बुटलका प्रशिक्षक विजय महर्जनले सानो गल्तीले अंक गुमाएको प्रतिक्रिया दिएका छन्। उनले जित्नुपर्ने खेलमा हारको सामना गरेपछि प्ले-अफको सम्भावना कमजोर भएको स्विकारेका छन्। 'हामीलाई स्पष्ट तीन अंक आवश्यकता थियो, तर एउटा सानो गल्तीले हारको सामना गर्न बाध्य भएका छौं,' महर्जनले भने, 'अब बाँकी खेलमा जितले पनि प्ले-अफ पुग्ने सम्भावना छैन, अन्य टोलीको नतिजा पनि निर्भर हुनुपरेको अवस्था छ।'

पहिलो हाफको तुलनामा दोस्रो हाफमा बुटवलले बराबरी गोल फर्काउन निकै प्रयास गरेको थियो। बुटलबको फिनिसिङ कमजोर हुँदा झापाले एक मात्र अग्रता रक्षा गर्न सफल भयो। झापाका गोलरक्षक स्टेफन कुपिक र डिफेन्डरले पटक-पटक गल्ती गरेका थिए। त्यसको फाइदा बुटवलले लिन सकेन। डिबक्स नजिक प्राप्त सहज गोल अवसरसमेत बुटवलका खेलाडीले चुकाएका थिए।

झापाका प्रशिक्षक ओरिओल सेगुराले महत्त्वपूर्ण अंकसँगै प्ले-अफको सम्भावना बाँकी रहेको जनाए। 'हामीलाई जित आवश्यक थियो, यसले अब प्ले-अफ सम्भावना जीवित भएको छ,' ओरिओलले भने, 'आउँदो खेलमा योभन्दा राम्रो नतिजा देख्न पाउनेछ।' मध्यान्तरमा खेल केही बिग्रिएको उनले बताए। 'दोस्रो हाफमा डिफेन्समा केही कमजोर देखियो, यसलाई अर्को खेलमा सुधार गर्नुपर्छ,' उनले भने, 'यद्यपि, हामी लक्की साबित भयौं।'

प्रतिस्पर्धामा झापाले चोटका कारण दुई खेल गुमाएका कप्तान अञ्जनलाई सुरुवातमै खेलाएको थियो।

झापाका युवा डिफेन्डर योगेश गुरुङ रातो कार्डका कारण बुटवलविरुद्ध खेल्न पाएनन्। उनको स्थानमा विशाल बस्नेतले प्रतिस्पर्धा गरेका थिए। खेलको चौथो मिनेटमा झापाका सान्चेज बक्समा लडेपछि पेनाल्टीको अपिल गरेका थिए। तर, रेफ्री सुरोजित दासले पेनाल्टी दिएनन्। खेलको ७७औं मिनेटमा झापाका अञ्जनको पासमा प्रदीप लामाले गोल गर्न सकेनन्। खेलको ८३औं मिनेटमा बुटवलका गोलरक्षक मोहम्मदुले झापाको लगातार दुई उत्कृष्ट बचाउ गरेका थिए।

शुक्लाफाँटा र धनगढी एकेडेमी विजयी

तेजराज भट्ट/नयाँ पत्रिका



धनगढीमा चलिरहेको लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) अन्तर्गत मंगलबार कञ्चनपुरको शुक्लाफाँटा ब्ल्याकबक्स फाउन्डेसन र धनगढी क्रिकेट एकेडेमीले जित निकालेका छन्। पहिलो खेलमा शुक्लाफाँटाले कैलाली जिल्ला क्रिकेट क्लबलाई ९० रनले पराजित गऱ्यो। शुक्लाफाँटाले प्रस्तुत गरेको एक सय ८४ रनको लक्ष्य पछ्याएको कैलालीले १८.४ ओभरमा ९३ रन बनाउँदा सबै विकेट गुमायो। कैलालीका नरेन साउदले १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो रन बनाउन सकेनन्। शुक्लाफाँटाको बलिङमा वसन्त खत्री, भारत चन्द र निरञ्जन गौ तमले समान २ विकेट लिए।

पहिलो ब्याटिङ गरेको शुक्लाफाँटाले २० ओभरमा ५ विकेट गुमाएर एक सय ८३ रन बनायो। शुक्लाफाँटाका दुई खेलाडीले अर्धशतकीय इनिङ्स खेले। किरण ठगुन्नाले सर्वाधिक ७० रन बनाए। उनले ४२ बलमा १० चौका र १ छक्का प्रहार गरे। विशाल ऐरले ४३ बलमा ६ चौका र २ छक्का मद्दतले ५४ रन जोडे। लोकेश जोशीले ३७ रन बनाए। कैलालीका विनोद बोहरा ले ३ र धर्मराज जोशीले २ विकेट लिए।

तीनमध्ये दुई खेलमा जित र एकमा हार व्यहोरेको शुक्लाफाँटाले समूह 'ए'बाट सेमिफाइनल सम्भावना जीवितै राखेको छ। दुवै खेल जितेको धनगढी स्पोर्टस् क्लब अन्तिम खेलमा खप्तड इन्डोरसँग पराजित भए शुक्लाफाँटा र धनगढीमध्ये एक रन रेट आधारमा सेमिफाइनल पुग्नेछ।

यसैगरी, धनगढीले कैलालीको शारदा माविलाई ८१ रनले पराजित गऱ्यो। एक सय ७१ रनको लक्ष्य पछ्याउने क्रममा शारदा १५.५ ओभरमा ८९ रनमा समेटियो। शारदाका अभिषेक मल्लले ४१ रन र जीवन चन्दले ११ रन बनाए। धनगढी लेग स्पिनर युवराज खत्रीले सर्वाधिक चार विकेट लिए। उनले ३.५ ओभरमा १६ रन खर्चिए। धनगढीले पहिलो ब्याटिङ गरी २० ओभरमा ७ विकेट गुमाउँदै एक सय ७० रन बनाएको थियो। धनगढीका मान साउदले सर्वाधिक ३७ रन बनाए। सचिन साउदले ३५ रन, युवराज खत्रीले २९ रन तथा विजय रानाले २३ रन बनाए।

खेल संक्षेप

एसियाली युथ च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्दै पन्त

काठमाडौं/ कञ्चनपुर शुक्लाफाँटा नगरपालिका- ५ का हार्दिक पन्त एसियाली युथ चेस च्याम्पियनसिपमा नेपाल प्रतिनिधित्व गर्ने भएका छन्। प्रतियोगितामा सहभागी हुन मंगलबार उनी युएई प्रस्थान गरेका छन्। १० वर्षमुनिको चेस च्याम्पियनसिपमा १२ देखि २२ डिसेम्बरसम्म युएईको अल एनमा हुनेछ। २५औं एसियाली युथ चेस च्याम्पियनसिपमा नेपाल बुद्धिचाल संघका कोषाध्यक्ष तारा रानाभाटको नेतृत्वमा नेपाली टोली रहेको छ।



पन्त नेपालमा आयोजना भएका विभिन्न चेस च्याम्पियनसिपमा प्रथम हुँदै आएका छन्। उनी पुष्पसदन माध्यमिक विद्यालय कीर्तिपुरमा कक्षा चारमा अध्ययनरत छन्।

प्रधानमन्त्री कप काठमाडौं र भैरहवामा हुने

काठमाडौं/ छैटौं प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता काठमाडौं र भैरहवामा आगामी माघमा हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले प्रतियोतिगा राउन्ड रोबिनका अनुसार हुने जनाएको छ। प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोली हुनेछन्। हरेक टोलीले एक-अर्कासँग खेल्नेछन्। एक टोलीले लिगमा नौ खेल खेल्नेछन्। पिएम कप पहिलोपटक राउन्ड रोबिनका आधारमा हुन लागेको हो। यसअघि १० टोलीलाई दुई समूहमा विभाजन गर्दै खेलाउँदै आएको थियो। सेमिफाइनल दुई दिवसीय र फाइनल तीन दिवसीय शैलीमा हुने क्यानले जनाएको छ। सेमिफाइनलको खेल दुई दिनको हुनेछ। फाइनल तीन दिनको हुनेछ। सेमिफाइनल र फाइनल एकदिवसीय फर्म्याटमा हुने क्यानले जनाएको छ।

स्नोल्यान्डले बौद्धलाई हरायो

काठमाडौं/ स्नोल्यान्डले दोस्रो नखिपोट पुरुष खुला तथा महिला यू-२३ बास्केटबल प्रतियोगिताको पुरुषमा मंगलबार विजयी भएको छ। प्रतियोगितामा स्नोल्यान्डले बौद्ध 'बी'लाई ९५-६० ले पराजित गऱ्यो। स्नोल्यान्डका विजयी गुरुङले २७ स्कोर गरेका थिए। पहिलो क्वार्टरमा स्नोल्यान्ड १६-२२ ले पछि परेको थियो। त्यसपछि स्नोल्यान्डले उत्कृष्ट प्रदर्शन गऱ्यो। अर्को खेलमा तेन्जिङ शेर्पाको ३३ स्कोरको सहयोगमा बुढानीलकण्ठले बलर्सलाई ११९-९७ ले हरायो। बुढानीलकण्ठले चारै क्वार्टरमा अग्रता लिएको थियो।

स्याङ्जाले पर्वतलाई हरायो

कास्की/ स्याङ्जा जिल्लाले गण्डकी प्रदेशस्तरीय पिएम कप महिला टी- २० क्रिकेट छनोट प्रतियोगितामा पर्वतलाई दुई सय ११ रनको फराकिलो अन्तरले पराजित गरेको छ। पहिलो ब्याटिङ गरेको स्याङ्जाले २० ओभर खेल्दै एक विकेटको क्षतिमा दुई सय २६ रनको विशाल योगफल तयार गरेको थियो। पर्वत ११.१ ओभरमा अलआउट हुँदै १५ रनमा सीमित भयो। स्याङ्जाका लागि अञ्जली शर्माले अर्धशतक पूरा गर्दै ८४ रनको योगदान दिइन्। सिमाना केसीले ३८ रन, श्रेया शाहीले २० रन र सेरिना थापाले १३ रन बनाए। पर्वतका लागि एन्जल अधिकारीले सर्वाधिक तीन रन जोडेकी थिइन्। प्रतियोगितामा कास्की, पर्वत, स्याङ्जा र नवलपुरले भाग लिइरहेका छन्।

गेटवे सेमिफाइनलमा

काठमाडौं/ गेटवे एकेडेमी १६औं फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा मंगलबार सेमिफाइनलमा प्रवेश गरेको छ। गेटवेले हाइल्यान्डलाई १-० ले पराजित गर्दै अन्तिम चारमा पुग्ने पहिलो टोली बन्यो। गेटवेका लक्ष्मण उप्रेतीले निर्णायक एक गोल गरेका थिए। गेटवेका प्रदीप खत्री 'म्यान अफ द म्याच' घोषित भए। मूलपानीमा चलिरहेको प्रतियोगितामा अक्षरिका र एकलव्य शिक्षा सदन आ-आफ्नो खेल जित्दै क्वार्टरफाइनल स्थान पक्का गरेका छन्। अक्षरिकाले विद्या विकास स्कुललाई २-१ ले हरायो। अक्षरिकाका जेनिस तामाङले एक गोल गरे। एकलव्यले गोल्डेन वडमाथि ५-० को सहज जित दर्ता गऱ्यो।

फिफा अध्यक्ष इन्फाटिन्होलाई मेसीमोह

एजेन्सी

अर्जेन्टिनी कप्तान लियोनल मेसीले चार वर्षपछि आयोजना हुने फिफा विश्वकप फुटबल प्रतियोगिता खेल्ने सम्भावना खासै छैन। अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपमा मेसी ३६ वर्षका हुनेछन्। त्यो वेलासम्म मेसीले विश्वकप खेल्ने वा नखेल्ने पक्षको निर्धारण फिटनेसले गर्नेछ। फिटनेस र फर्म राम्रो हुँदा मात्र खेलाडी टोलीमा पर्छन्। यी दुवै पक्ष छैन भने नाम चलेका खेलाडीसमेत टोलीमा रहँदैनन्। तर, फिफाका अध्यक्ष गिआनी इन्फाटिन्होले मेसीले सन् २०३४ को विश्वकपसम्म खेल्नुपर्ने धारणा सार्वजनिक गरेका छन्।

> कीर्तिमानी रूपमा आठौंपटक बालोन डिअर जितेका अर्जेन्टिनी कप्तान लियोनल मेसीले सन् २०२४ को विश्वकपसम्म खेल्नुपर्ने फिफा अध्यक्षको भनाइ

डी स्पोर्टस् कार्यक्रममा फिफा अध्यक्ष गिआनीले मेसीप्रतिको आफ्नो धारणा स्पष्ट पारेका हुन्। 'मेरो भित्री चाहना मेसीले सन् २०३४ को विश्वकपसम्म खेल्नुपर्छ,' ठट्टा गर्दै गिआनीले भने, 'मेसीका समर्थकहरूको विचार पनि मेरोजस्तै हो।' सन् २०२४ को विश्वकप साउदी अरेबियाले आयोजना गर्नेछ। त्यसवेला मेसी उमेर ४७ वर्षका हुनेछन्। फुटबल जगत्मा लगभग ३५ वर्ष नाघेपछि सन्न्यास लिने गरेका छन्। अपवादका रूपमा केही खेलाडी अहिले ३५ काटिसक्दा पनि मैदानमा सक्रिय नै छन्।

मेसीको चाहना थप एक विश्वकप

गत वर्ष मेसीकै एकल प्रयासमा अर्जेन्टिनाले सन् १९८६ पछि विश्वकप उपाधि जितेको थियो। मेसी स्वयंले त्यसवेला कतार विश्वकप नै अन्तिम भएको बताएका थिए। तर, उनले कम्तीमा एक विश्वकप खेल्ने इच्छा देखाएका छन्। 'गत वर्ष नै मैले अन्तिम विश्वकप भनेको थिएँ, तर अहिले कम्तीमा एक विश्वकप खेल्ने मनसाय छ,' मेसीले भनेका छन्, 'हेर्दौं, चार वर्षपछि मेरो फिटनेस कस्तो हुनेछ, फिटनेस राम्रो भए खेल्नेछु, नभए कतार विश्वकप नै मेरो करिअरको अन्तिम विश्वकप हुनेछ।'

लगातार छैटौंपटक विश्वकप खेल्ने योजना सार्थक बनाउन कडा मिहिनेत आवश्यक भएको उनले बताए।



क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

डाँक बडाबड गर्ने सम्बन्धमा ३(तिन)दिने सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८०/०८/२७ गते

यस नगरपालिका स्थित पोखरीहरुको आ.व. २०८०।८१ को ठेक्का बन्दोबस्त भएको मिति देखि २०८५ अषाढ मसान्त सम्मको लागि ठेक्का बन्दोबस्त गर्न डाँक बडाबड प्रकृयाबाट गरिने भएकोले देहायको शर्तको अधिनमा रहीडाँक बडाबडमा भाग लिन हुन सम्बन्धित सबैको जानकारीको लागि पुनः ३ (तिन) दिने यो सूचना प्रकाशित गरिएको छ।

क. सं.	ठेक्काको किसिम	न्यूनतम कवोल अंक	ठेक्का अवधि	डाँक बडाबड हुने स्थान	डाँक बडाबड हुने मिति	डाँक बडाबड हुने समय	कैफियत
१	बसनिया खोला वडा नं. ८ स्थित सितानगर पोखरी	२,००,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०/०८/२९	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	
२	देवकोटा टोल पोखरी, क्षी.न.पा. ८	२,००,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०/०८/२९	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	
३	मटकोरवा पोखरी, क्षी.न.पा. २	१,५०,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०/०८/२९	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	
४	कुरी पोखरी, क्षी.न.पा. १	३,००,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०/०८/२९	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	

१. डाँक बडाबडमा भाग लिने व्यक्तिले डाँक बडाबडा गर्ने बखतै कबोल रकमको ५% प्रतिशत नगद धरौटी जम्मा गर्नुपर्नेछ।
२. डाँक बडाबडमा भाग लिने व्यक्तिले नागरिकताको प्रमाण पत्र वा अन्य परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
३. डाँक बडाबड सकिएपछि सबैभन्दा बढी कबोल गर्ने व्यक्तिसंग ठेक्का सम्झौताको पकृया अगाडी बढाईनेछ।
४. सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले कारणबस तोकिएको समयमा सम्झौता गर्न नआएमा निजको धरौटी जफत् गरी सो भन्दा पछाडिको डाँक वाला व्यक्तिसंग सम्झौता प्रकृया बढाईनेछ।
५. डाँक स्वीकृत पशचात ७ (सात) दिन भित्र सम्झौता गर्न आउदा कबोल रकम वापतको सम्पूर्ण रकम एकमुष्ट रुपमा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, जनकपुर स्थित रहेको आन्तरीक श्रोतको खाता नं. १२४०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर बुझाउनुपर्नेछ।
६. ठेक्का सम्झौता भईसकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफि दिईने छैन।
७. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेख शर्त बमोजिम काम गर्नुपर्नेछ।
८. ठेकेदार तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।
९. यस सूचनामा उल्लेख भएका शर्तहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
१०. अन्य जानकारीको लागि यस कार्यालय समय भित्र सम्पर्क राखी बझ्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com